नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शनिवार भदौ ९, २०७५ | Saturday, August 25, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुंलाथ्व १४ | वर्ष २४, अंक २२७ | पृष्ठ १२ | मूल्य रु १०/–

२ { व्यवहारमा देखिएन गरिबका लागि नागरिक अधिकार
५ { अहिलेसम्मकै दुर्लभ 'ओपन हार्ट सर्जरी' सफल
७ { प्रकाण्डलाई हिरासतमा राखी अनुसन्धान गर्न आदेश
९ { न्यायालयमा पूर्वाग्रह नराखी काम गर्ने मिश्रको प्रतिबद्धता

# कञ्चनपुरमा गोली चल्यो

## एकको मृत्यु, दर्जन घाइते, अवस्था अराजक बन्दै, अनिश्चितकालका लागि कर्फ्यु जारी





विनोदसिंह विष्ट
हरकसिंह धामी, कञ्चनपुर

बलात्कारपछि हत्या गरिएकी बालिका निर्मला पन्तको हत्याराको खोजीका लागि आन्दोलनमा उत्रिएका स्थानीयमाथि शुक्रबार साँझ प्रहरीले गोली चलाउँदा एक जनाको मृत्यु भएको छ भने एक दर्जन घाइते भएका छन्।

कञ्चनपुर घटनालाई कांग्रेसले अनावश्यकरूपमा उचालेको भन्दै नेकपाका नेता भीम रावलले दिएको अभिव्यक्तिको विरोधमा नेपाल विद्यार्थी संघले निकालेको जुलुसमा प्रहरीले गोली चलाउँदा १४ वर्षीय बालक सन्नी खनाको मृत्यु भएको थियो।

जिल्ला प्रशासन कार्यालय घेराउ गर्न पुगेको नेविसंघको टोलीले जिल्ला प्रशासन कार्यालयभित्र प्रवेश गरेर उत्तेजना फैलाउन खोजेपछि प्रहरीले फायरिङ गर्दा बालकको मृत्यु भएको स्थानीय प्रशासनले दाबी गरेको छ।

उक्त घटनामा घाइते भएकाको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। घाइतेमध्ये २ जनाको अवस्था गम्भीर रहेकाले उनीहरूलाई भारत पठाउने तयारी भइरहेको प्रहरीले जनारकारी दिएको छ।

घाइते हुनेहरूमा डम्बर खत्री, कवीन्द्र विक, ईश्वर जोशी, वीरेन्द्र नागरी, युवराज भट्ट, गोरखबहादुर रेउले, किशोर धामी, तुलाराम उपाध्याय, घनश्याम पन्त, चेतन भट्ट, दामोदर खत्री, ओमकार जोशी, सुरेशप्रकाश चटौत र शत्रुघ्न सुवेदी छन्। घाइते भएकामध्ये मनोज खड्काको दायाँ कञ्चटमा गोली गालेको छ भने उमेश देउवाको बायाँ खुट्टामा गोली लागेको छ।

हत्याको विरोधमा बिहीबार आन्दोलनकारी र प्रहरीबीच भएको झडपमा प्रहरीले गोली चलाउँदा ४ जना घाइते भएका थिए। स्थितिले उग्ररूप लिएपछि सरकारले प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखको सरुवा गरेपछि मत्थर भएको आन्दोलन शुक्रबार साँझबाट एक्कासि चर्किएको थियो। सरकारले बलात्कारपछि हत्या घटनाको छानबिन गर्न गृह मन्त्रालयका सहसचिव हरिप्रसाद मैनालीको संयोजकत्वमा ५ सदस्यीय छानबिन टोली गठन गरेको थियो। टोली शुक्रबार नै कञ्चनपुर पुगेको थियो। छानबिन समितिले काम पनि शुरू गरिसकेको छ।

बलात्कारपछि हत्या गरिएकी पन्तको हत्यामा संलग्न रहेको भन्दै प्रहरीले २५ दिनपछि दिलिपसिंह विष्टलाई सार्वजनिक गरेपछि आन्दोलनले झन् उग्ररूप लिएको थियो। मानसिक सन्तुलन गुमाएको मान्छेलाई हत्याको आरोपीका रूपमा उभ्याएको भन्दै स्थानीयले सरकारको तीव्र आलोचना गरेका थिए।

स्थिति तनावग्रस्त बन्दै गएपछि स्थानीय प्रशासनले कर्फ्युसमेत जारी गरेको थियो। स्थिति सहज बन्दै गएको भन्दै शुक्रबार बिहानबाट कर्फ्युसमेत हटाइएको थियो। संयोजक मैनाली नेतृत्वको टोलीले कञ्चनपुर पुगेर अनुसन्धान थालेको केही समयपछि गोली चलेको थियो।

यता कञ्चनपुर घटनापछि कैलाली र कञ्चनपुरका सांसदहरूले नेकपाका अध्यक्ष पुष्पकमल दाहाललाई भेटेका छन्। उनीहरूले घटना अराजक बन्दै गएको भन्दै स्थितिलाई नियन्त्रण गर्न तत्काल सबै उपाय अवलम्बन गर्न अध्यक्ष दाहालसँग आग्रह गरेको कञ्चनपुरका सांसद डा. दीपकप्रकाश भट्टले जानकारी दिनुभयो। अध्यक्ष दाहालले प्रधानमन्त्री केपी शर्मा ओलीलाई तत्काल फोन गरी उक्त घटनाबारे गम्भीर भएर अनुसन्धान गर्न र तत्काल स्थितिलाई नियन्त्रणमा लिनसमेत आग्रह गर्नुभएको बताइएको छ।

कञ्चनपुरको अवस्था नाजुक बन्दै गएपछि स्थानीय प्रशासनले शुक्रबार साँझबाटै अनिश्चितकालका लागि कर्फ्यु आदेश जारी गरेको छ।

# बस्दै नबसी बैठक स्थगित

काठमाडौं, (नेस)

पार्टी विधान संशोधन मस्यौदा समितिमा जिल्ला सभापतिको प्रतिनिधित्व हुनुपर्ने विषयमा किचलो निस्किएपछि शुक्रबार बिहानै बोलाइएको कांग्रेस केन्द्रीय समितिको बैठक बस्दै नबसी साँझ स्थगित भएको छ। बैठक आज शनिबार ११ बजेका लागि पुनः बोलाइएको छ।

अघिल्लो दिन सभापति शेरबहादुर देउवाले महामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्वमा गठन गर्नुभएको ११ सदस्यीय समितिमा जिल्ला सभापतिका तर्फबाट प्रतिनिधित्व नभएको भन्दै वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षले किचलो झिकेको स्रोतले बताएको छ। सभापति देउवाले बिहीबार गठन गर्नुभएको विधान मस्यौदा समितिलाई अनुमोदन गर्ने, महासमिति बैठकको मिति र स्थान तय गर्ने, महासमिति बैठकको तयारीका बारेमा आवश्यक निर्णय गर्नेलगायतका विषयमा निर्णय लिन केन्द्रीय समितिको बैठक आह्वान गरिएको थियो।

शुक्रबार बैठक बस्नका लागि सभापति देउवालगायत शीर्ष नेतासहित केन्द्रीय सदस्यहरू समयमै पार्टी कार्यालय सानेपा आइपुगे पनि वरिष्ठ नेता पौडेल भने दिउँसो दुई बजेतिर मात्र पार्टी कार्यालयमा आएको एक केन्द्रीय सदस्यले बताए। केन्द्रीय समितिको बैठक छोडेर वरिष्ठ नेता पौडेल गुटको बैठकमा सहभागी भएको भन्दै केही नेताहरूले आक्रोशसमेत पोखेका थिए। 'वरिष्ठ नेता पौडेलले अघिल्लो दिन पार्टी पदाधिकारी बैठकमा विधान मस्यौदा समिति गठन गर्न संयोजक तथा सदस्यका बारेमा सहमति गरेका थिए', एक पदाधिकारीले *नेपाल समाचारपत्र*सँग भने- 'अहिले आएर मस्यौदा समितिमा जिल्ला सभापतिहरूको पनि प्रतिनिधित्व हुनुपर्छ भनेर किचलो झिकेका छन्।'



**विधान मस्यौदा समितिमा जिल्ला सभापतिको प्रतिनिधित्वको माग गर्दै वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षले किचलो झिकेको संस्थापन पक्षको आरोप**

हालै हेटौंडामा सम्पन्न जिल्ला सभापतिको भेलाले जिल्ला सभापतिको समेत प्रतिनिधित्व हुने गरी विधान मस्यौदा समिति गठन गर्न आग्रह गरेको थियो। कांग्रेस केन्द्रीय समितिको बैठक आज शनिबार ११ बजे बस्ने सहमतिका साथ स्थगित भएको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभएको छ।

# जोर बिजोर प्रणाली लागू हुने


काठमाडौं, (नेस)



यही भदौ १४ र १५ गते हुने चौथौ बिमस्टेक सम्मेलनमा सहभागी हुने विदेशी अतिथिहरूको आवागमनमा सहजता ल्याउन सरकारले उपत्यकामा भदौ १३, १४ र १५ गते सरकारी साधनमा जोर बिजोर प्रणाली लागू गर्ने निर्णय गरेको छ।

बिमस्टेक शिखर सम्मेलनका बेला आउने विदेशी विशिष्ट पाहुनाहरूको आवतजावतलाई सुरक्षित र व्यवस्थित बनाउन सवारी साधनमा जोर बिजोर प्रणाली लगाउने भएको हो।

सरकारले ती ३ दिन निजी तथा भाडाका सवारी साधनलाई जोर बिजोर प्रणाली लागू गरेको हो। सरकारले २ दिन उपत्यकाका सबै स्कुललाई समेत बिदा दिने तयारी गरेको छ।




# कर्मचारी नहुँदा स्थानीय तह गतिहीन

सुनील महर्जन, काठमाडौं

कर्मचारी अभावले कयौं स्थानीय तहले अझै गति लिन नसकेको पाइएको छ। स्थानीय तहको निर्वाचन भएको एक वर्ष बितिसक्दा पनि केहीबाहेक अधिकांश स्थानीय तहले आफ्नो अधिकार समात्न नसकेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अधिकारीहरूले बताए।

> ७ सय ५३ स्थानीय तहमा प्रशासनतर्फ १८ हजार ३१ कर्मचारीमध्ये अहिले ५ हजार १ सय ६० मात्र कर्मचारी छन्। सबैभन्दा बढी नासु अपुग छ। १२ हजार ९ सय ६४ नायब सुब्बामध्ये ११ हजार ७२ अपुग छ। प्रशासनतर्फ सचिव एक, सहसचिव १८, उपसचिव ५ सय ३१, शाखा अधिकृत १ हजार २ सय ३८, नायब सुब्बा १२ हजार ९ सय ६४ र खरदार ३ हजार २ सय ७९ आवश्यक छ।

दैनिक प्रशासन सञ्चालनदेखि स्थानीय तहलाई दिइएको अधिकार प्रयोगमा आउन सकेको छैन। ती तहहरूले अहिलेसम्म न्यूनतम संख्यामा कर्मचारीसमेत नपाएको, बजेट खर्च गर्न नसकेको र संगठन संरचना बन्न नसकेको मन्त्रालयले जनाएको छ। स्मरणीय छ, संविधानले स्थानीय तहलाई आर्थिक, प्रशासनिक, न्यायिक, विधायकीलगायत थुप्रै अधिकार दिएको छ।

सो मन्त्रालयका अनुसार स्थानीय तहमा अझै करिब १३ हजार र प्राविधिकतर्फ ३० हजार कर्मचारी अपुग छ। एक वर्षदेखि कर्मचारी पठाउन शुरू गरिए पनि प्रशासनतर्फ १२ हजार ८ सय ७१ कर्मचारी चाहिएको उक्त मन्त्रालयको स्थानीय तह शाखाले जनाएको छ।

७ सय ५३ स्थानीय तहमा प्रशासनतर्फ १८ हजार ३१ कर्मचारीमध्ये अहिले ५ हजार १ सय ६० मात्र कर्मचारी छन्। सबैभन्दा बढी नासु अपुग छ। १२ हजार ९ सय ६४ नायब सुब्बामध्ये ११ हजार ७२ अपुग छ। प्रशासनतर्फ सचिव एक, सहसचिव १८, उपसचिव ५ सय ३१, शाखा अधिकृत १ हजार २ सय ३८, नायब सुब्बा १२ हजार ९ सय ६४ र खरदार ३ हजार २ सय ७९ आवश्यक छ।

यसैगरी ११ उपमहानगरपालिका २ जनाको दरले २२ उपसचिव रहने व्यवस्था भए पनि अहिले नौ मात्र छन्। प्राविधिकतर्फ पनि ठूलो संख्यामा कर्मचारी अपुग रहेको मन्त्रालयका प्रवक्ता सुरेश अधिकारीले बताउनुभयो। उहाँले भन्नुभयो- 'तर प्राविधिकतर्फका कर्मचारीलाई स्थानीय तहले नै करारमा राख्ने भएकाले पदपूर्ति भइरहेको छ।'

सरकारले स्थानीय तहलाई ५७ हजार ९ सय ६६ दरबन्दी स्वीकृत गरेको छ। नासु नपुग हुँदा नगरपालिकाका वडा कार्यालयमा कर्मचारीको अभाव छ। स्थानीय तहमा ६ हजार ६ सय ६८ वडा कार्यालय छन्। गठन भएका नयाँ स्थानीय तहमा निकै भद्रगोल छ।

## २२ स्थानीय तहको फोहोर व्यवस्थापन

# खर्च पनि हाम्रै, दोष पनि हामीलाई : कामपा

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं र ललितपुर महानगरपालिकासहित २२ स्थानीय निकायको फोहोर व्यवस्थापन पूर्णरूपमा सुचारु हुन सकेको छैन।

लगातार वर्षा र सिसडोल ल्यान्डफिल साइटको हिलाम्य बाटोका कारण पूर्णमात्रामा फोहोर व्यवस्थापन हुन सकेको छैन। ल्यान्डफिल साइट व्यवस्थापन गर्ने विषयमा अन्य स्थानीय निकायले चासो नदिँदा समस्या बढेको काठमाडौं महानगरपालिकाले दाबी गरेको छ।

'हामी एक्लैले कति चासो दिने? दैनिक फोहोर व्यवस्थापन गर्न लागेको खर्च पनि हामीले नै बेहोर्ने, फोहोर व्यवस्थापन हुन नसक्दाको दोष पनि हाम्रै हुने?' -फोहोर व्यवस्थापन अध्ययन समितिका संयोजक एवं कामपाका सहसचिव ईश्वरचन्द्र मरहट्ठाले भन्नुभयो।

कामपाले अहिले वर्षात्को समयमा सिसडोल ल्यान्डफिल साइटको फोहोरमाथिको बाटो निर्माणका लागि दैनिक १ लाख रुपियाँ खर्च गर्दै आएको छ। यो खर्च काठमाडौं महानगरपालिकाले मात्रै बेहोर्दै आएको छ।

उपत्यकाको कुनै पनि स्थानीय निकायको फोहोर व्यवस्थापन हुन नसकेपछि त्यसको सम्पूर्ण दोष काठमाडौं महानगरमाथि थोपर्ने गरेको गुनोसो गर्दै उहाँले भन्नुभयो- 'अब सबै स्थानीय तहले फोहोर व्यवस्थापन गर्दा लाग्ने सम्पूर्ण हिस्सा बराबरी बेहोर्नुपर्ने अवस्था आएको छ।' फोहोर व्यवस्थापनमा समस्या आए सरकारले कामपालाई दोष दिने गरेको छ।



दुई महानगरसहित ६ जिल्लाका २२ स्थानीय तहको फोहोर व्यवस्थापन हुने ल्यान्डफिल साइटको व्यस्थापनको जिम्मा सबै स्थानीय तहले लिनुपर्ने दाबी गर्दै सहसचिव मरहठ्ठाले कामपा एक्लैले समस्या समाधान गर्न नसक्ने बताउनुभयो ।

उहाँले भन्नुभयो- 'कामपाको मात्र फोहोर व्यवस्थापन गर्दा सिसडोलमा कुनै समस्या हुँदैन तर अन्य स्थानीय तहको फोहोर व्यवस्थापन गर्दा समस्या भएको हो। फोहोरका मात्रा बढी भएको कारण समस्या भएको हो। अब सबै स्थानीय तहले समान हिस्सा बेहोर्ने गरी समस्या समाधन नगरे सबै फोहोर व्यवस्थापन गर्न गम्भीर समस्या पर्ने कामपाको भनाइ छ।

कामपा एक्लैले ल्यान्डफिल साइट र फोहोर व्यवस्थापन गर्न वार्षिक झन्डै ५० करोड खर्च गर्ने गरेको छ। कामपाबाहेक अन्य स्थानीय तहले फोहोर व्यवस्थापन गर्न रकम छुट्याएका छैनन्। समितिले सबैको समान हिस्सा हुनेगरी फोहोर व्यवस्थापन गर्ने संयोजक मरहठ्ठाको भनाइ छ।

कामपाले अल्पकालीन र दीर्घकालीन व्यवस्थापनको उपाय सुल्झाउन गठन गरेको समितिले अध्ययन शुरू गरेको छ। कामपा र ललितपुर महानगरपालिकासहित ५ सदस्यीय टोली आज शनिबार सिसडोल ल्यान्डफिल साइटको अध्ययन गर्न जाने भएको छ। समितिले वैकल्पिक ल्यान्डफिल साइटको खोजी गर्नेछ। '३/४ ठाउँ देखेका छौं, सबै क्षेत्रको अध्ययन गर्ने छौं।' -संयोजक मरहठ्ठाले भन्नुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर



सुमित्रा बिहीबार तारिख तोकिएकाले जिल्ला अदालत धुलिखेलमा हाजिर हुन आउँदा उनलाई बाटोदेखि नै प्रसव बेथाले च्याप्यो।

# व्यवहारमा देखिएन गरिबका लागि नागरिकको अधिकार

**भगवती तिमल्सिना**

विवाहित महिला गर्भवती हुनु र स्वस्थ बच्चा जन्माउनु नेपालको संविधान-२०७२ मा नैसर्गिक अधिकारका रूपमा स्थापित गरिएको छ। तर नेपाल गरिबी र अभावमा गुज्रिएको आर्थिक दृष्टिकोणले कमजोर मुलुक हो। यस्तो अवस्थामा संविधान र कानुनले ती गरिब महिला जो गर्भवती छन् उनका लागि सकुशल स्वस्थ बच्चा जन्माउने वातावरण कुन अस्पताल तथा स्वास्थ्य संस्थामा तय गरिएको छ ?

महिला गर्भवती बनेदेखि बच्चा जन्माउने बेलासम्म पटक-पटक मरेर ठूला-ठूला चुनौती पार गर्दै संघर्ष गर्छन्। यस्तो अवस्थामा राज्यले विशेष व्यवस्था गर्नुपर्छ भने घरपरिवार, आफन्त, समाज, छरछिमेकीले समेत उत्तिकै सहयोग र सद्भाव देखाउनुपर्छ।

कानुनी भाषामा जेसुकै लेखिएको भए तापनि व्यवहारमा लागू हुन सकेको छैन भन्ने कुरालाई बेथानचोक गाउँपालिका वडा नं ६ की १८ वर्षीया सुमित्रा विकको घटनाले छर्लंग पार्दछ। सुमित्रा विक बहुविवाहको केसमा जेठीको उजुरी अनुसार २०७५ साल असार ९ गते धुनामा परिन्। उनी कानुनी कारबाहीको भागीदार बनिन् र काभ्रेको धुलिखेलमा रहेको जेलमा थुनामा परिन्। उनी गर्भवती भएको र बच्चा जन्मने बेला भइसकेकाले उनका श्रीमान् कुमार थिङको आग्रहमा सुमित्रालाई २०७५ साल श्रावण २५ गते तारिखमा छोडियो।

उनका श्रीमान् कुमार थिङ जेलमै छन्। सुमित्रा बिहीबार तारिख तोकिएकाले जिल्ला अदालत धुलिखेलमा हाजिर हुन आउँदा उनलाई बाटोदेखि नै प्रसव बेथाले च्याप्यो। उनी सकी नसकी अदालत पुगेर हाजिर गरी सरासर काठमाडौं विश्वविद्यालय शिक्षण अस्पताल तथा सामुदायिक अस्पताल धुलिखेलको प्रसूति वार्डको आकस्मिक कक्षमा पिता र सहयोगी रेशम विकका साथ पुगिन्।

रेशम विक भन्छन्- 'सुमित्रा २ दिन लगातार हिँडेर यही भाद्र ७ गतेको तारिख भ्याउन धुलिखेल आउँदा गाह्रो भएको रहेछ। उहाँका बुबाले धुलिखेल अस्पताल ल्याउनुभएको रहेछ, म पनि बच्चा बिरामी भएकाले धुलिखेल अस्पतालमै थिएँ। उहाँहरूले मलाई भेट्नुभयो। मानवीयताको नाताले मैले धुलिखेल अस्पतालको प्रसूति वार्डको आकस्मिक कक्षसम्म पुऱ्याउन सहयोग गरें।'

'अस्पतालमा नर्सले सुमित्राको परिचय लिनुभयो। मैले उहाँको श्रीमान् कुमार थिङ बहुविवाहको केसमा जेलमा रहनुभएको र उनी धरौटीमा छुटेको बताएँ। नर्सहरूले आफूभन्दा सिनियरलाई खबर गरे। सिनियर नर्स आएर सुमित्रालाई भर्ना गर्नुपर्छ, बच्चा सजिलै जन्मिएन भने अप्रेसन गर्नुपर्ने पनि हुन सक्छ, रगत चाहिन्छ, आईसीयू पनि चाहिन सक्छ भन्नुभयो', उनले भने- 'नर्सको सल्लाहअनुसार सुमित्राका बुबाले छोरीलाई भर्ना गर्ने भन्नुभयो। १ जना चिकित्सक आएर तपाईंको पुलिस केस रहेछ थापाथली लैजानुस् हामी यहाँ हेर्दैनौं भन्नुभयो। हामीसँग साधन पनि छैन, पैसा पनि छैन सुमित्राको ज्यान बचाउन पाए पैसा त हामी पछि ल्याएर तिरौंला, भोलिसम्म म पैसा जुटाउँछु भनेर सुमित्राका बुबाले भन्नुभयो। चिकित्सकले भर्नाको लागि डिपोजिट राख्नुपर्छ भन्नुभयो।'

उनी भन्दै थिए -'साथमा पैसा नभएका कारण हामी निराश भएर बाहिरियौं। अन्त्यमा मेरो धुलिखेलमा रहेको कोठामा ल्याएर राख्ने र पैसाको बन्दोबस्त गरेर थापाथली लैजाने भनेर बाहिरियौं। पुनः चिकित्सकले बोलाएर २ वटा घर खुलिसकेको छ, बच्चाको धड्कन राम्रै छ डिपोजिट राख्नुस् भर्ना हुन्छ भन्नुभयो। हाम्रो साथमा जम्म १ हजार रुपियाँ मात्र थियो। त्यतिले हुन्न थापाथली नै लैजानोस् त्यहाँ भए निःशुल्क हुन्छ भन्नुभयो।'

'सहयोगी रेशमका अनुसार सुमित्राको बुबा पैसा खोज्न भकुण्डेतर्फ लाग्नुभयो। सुमित्रालाई कोठामा ल्याएर राख्यौं। रातभरि पनि उनलाई प्रसव बेथाले च्यापिरहयो। उनका बुबा आइपुग्नुभएन। बिहान भएपछि निकै गाह्रो भयो। पैसा नभएका कारण अस्पताल लैजान सकेनौं', विकले



भने- 'अन्त्यमा शुक्रबार बिहान १० बजेदेखि छरछिमेकका आमा विष्णुमाया कार्की, दिदीहरू शर्मिला तामाङ, संगीता साहु, अमृता महतो, इन्दिरा कार्कीलगायतको सहयोग र अथक प्रयासमा दिनको १ बजे नवजात शिशुको घरमै जन्म भयो। बच्चा घ्यार-घ्यार गरिरहेको छ, दूध चुसेको छैन र आमाको दूध पनि आएको छैन। यस्तो अवस्थामा हामी जस्ता गरिबका लागि लोकतन्त्र, सरकारको फोस्रो नारा संविधानमा उल्लेख गरिएको स्वास्थ्य सेवा आम जनताको नैसर्गिक अधिकार भन्ने लेखाइले केही गर्दो रहेनछ। म आफ्नो बिरामी बच्चालाई अस्पतालमा छोडेर यता सुमित्राको समस्याको स्याहारमा जुटेको छु।'

रेशम ज्यामी काम गरेर आफ्नो परिवार पाल्दै आएका एक मनकारी व्यक्ति हुन्। उनकै सहयोगमा आज सुमित्राको बच्चा त जन्मियो। आर्थिक अवस्थाका कारण उनको पोषण र बच्चाको रेखदेख गर्न सक्ने परिवारको अवस्था छैन। सुमित्राका श्रीमान् पनि जेलमा छन्। यो अवस्थामा विष्णुमाया कार्कीलगायतका छिमेकी उनको सहयोगका लागि दाल, चामल, नुन, तेल जुटाउन तल्लीन भएका छन्। विष्णुमायाले सुमित्रालाई देख्दा अत्यन्तै दयनीय अवस्था भएकाले आफूले आमा र बच्चाका लागि न्यानो कपडा, खाद्यान्न उपलब्ध गराएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'बच्चा जन्मिए पनि आमाको दूध पनि चुसेको छैन र श्वास फेराइ पनि अत्यन्तै गाह्रो देखिएको छ। आमाको उमेर नै पुगेको छैन। आफ्नै घरछेउमा देखे माया लाग्छ, सरकारले पनि वास्ता नगरेको सुन्दा दिक्क लाग्छ। नियम कानुन जे भए पनि पहिला त मान्छे बचाउनुपर्ने हो। हुनेका लागि मात्र सबैथोक हुँदोरहेछ, गरिबका लागि दुःखै दुःख।'

स्वास्थ्य नीतिमा हेर्ने हो भने नवजात शिशुलाई न्यानो बनाएर राख्ने, बच्चा जन्मँदा २ किलो ५ सय ग्रामभन्दा कम तौलको छ भने मायाको अँगालोमा राख्नुपर्छ। शिशु जन्मेको २४ घन्टाभित्र दिसा गरिसकेको हुनुपर्दछ। ४८ देखि ७२ घन्टाभित्र पिसाब फेरेको हुनुपर्छ। नगरेमा जन्मजात गुदद्वार बन्द भएको पनि हुन सक्छ, अर्थात् बच्चालाई कुनै समस्या भएको या खुवाएको दूध कम भएको हुनसक्छ। यसका लागि बालरोग विशेषज्ञको परामर्श लिनुपर्छ। शिशु जन्मेको २ देखि ४ दिनमा सामान्य पहेंलो देखिए पनि आमाले चिल्लो, बेसार जस्ता खानेकुरा बार्नुपर्दैन बरू चिकित्सकको सल्लाह लिनुपर्छ भनिएको छ। नेपालका लागि सुमित्रा एक प्रतिनिधि पात्र मात्र हुन्। उनले कसरी लिने चिकित्सकको सेवा ?

नवजात शिशु जन्मनेबित्तिकै सरसफाइ, नाभीको स्याहार, न्यानो बनाउने, मनतातो पानीले पुछिदिने, दिसा तातोपानीमा भिजाएको नरम कपडाले पुछ्ने, जन्मेको २४ घन्टापछि नुहाएर सफा कपडा लगाउने कुरा सुमित्राका लागि कति सम्भव होला ?

रेशम भन्छन्- 'स्वास्थ्य विज्ञानमा उल्लेख गरिएअनुसार सुत्केरी गराउने कोठालाई २५ डिग्रीदेखि २८ डिग्री सेन्टिग्रेड तापक्रम कायम हुने गरी न्यानो राख्नुपर्ने कुरालाई नेपालका कति सुमित्राको हकमा लागू होला ? यतिमात्र नभई हस्पिटलबाट डिस्चार्ज भएको ७२ घन्टापछि र १ हप्तापछि पुनः बच्चालाई डाक्टरलाई देखाउने कुरा?, सुमित्रा प्रसव बेथामा छटपटाइरहँदा एउटा पातलो म्याक्सीमा थिइन् र उनको शरीर पूरै चिसो हिउँजस्तै भएको थियो। छिमेकी आमा, दिदीहरूले आफ्नै कपडा लगाइदिने, दूध, घिउ, तताएर खान दिने, तेल तताएर लगाइदिने, आसनलाई सहज बनाउनेजस्ता सहयोग जुटाएकै कारण उनको जिउ छुट्टियो, नत्र के हुन्थ्यो ?'

# जेठी नायिकाका कान्छा हिरो

**रश्मी थापा**

जब फिल्म *सोनुके टिटुकी स्वीटी* सय करोड क्लबमा प्रवेश गऱ्यो, बलिउड नायक कार्तिक आर्यनको भाग्य पनि बल्न थाल्यो। शुरूमा नायिका करिना कपुरसँग ऱ्याम्प वाक गरेका उनी अब छिट्टै नायिका ऐश्वर्या रायका साथ फिल्म खेल्न गइरहेका छन्। उनीहरूको उमेर भिन्नता १६ वर्ष रहेको छ। उमेरमा जेठी अभिनेतृसँग काम गर्ने कार्तिक मात्र त्यस्ता नायक होइनन्, बलिउडमा त्यस्ता केही जोडी छन्, जो आफूभन्दा जेठोसँग काम गरेर रमाइरहेका छन्।

## कट्रिना कैफ र वरुण धवन



यस लिस्टमा कान्छा अभिनेतासँग काम गर्ने अभिनेतृमा करिना कपुर पनि पर्छिन्। उनी छिट्टै रेमो डिसुजाको डान्समा आधारित फिल्ममा कट्रिना र वरुण धवनसँग देखिनेछिन्। उनीहरूको उमेर ४ वर्षको अन्तर छ।

## ज्याकलिन फर्नान्डिज र टाइगर श्राफ



एक्सन सिनका लागि चर्चित अभिनेता टाइगर श्राफले पनि आफूभन्दा ५ वर्ष जेठी अभिनेतृसँग रोमान्स गरिसकेका छन्। फिल्म *अ फ्लाइङ जेट*मा टाइगरको अपोजिटमा अभिनेतृ ज्याकलिन फर्नान्डिजसँग रोमान्स गरेका छन्।

## ऐश्वर्या राय बच्चन र शाहिद कपुर





बलिउड अभिनेता मनोज कुमार र अभिनेतृ साधनाको सन् १९६४ मा हिट फिल्म *वो कौन थी*को रिमेकमा अभिनेता शाहिद कपुर र ऐश्वर्या राय बच्चन मुख्य भूमिकामा देखिने भएका छन्। शाहिद ऐश्वर्याभन्दा ७ वर्ष कान्छा छन्। भनिन्छ कि कुनै समय शाहिद ऐश्वर्याको फिल्म *ताल*को एक गीतमा साइड डान्सर थिए। तर अब उनी ऐश्वर्याका साथ लिड रोलमा देखिन लागेका छन्।

## नगरिस र रणवीर कपुर



अभिनेतृ नगरिस फाखरीले आफूभन्दा ३ वर्ष कान्छा अभिनेता रणवीर कपुरका साथ रोमान्स गरेकी थिइन्। फिल्म *रकस्टार*मा ३८ वर्षीया नगरिस र ३५ वर्षीया रणवीर कपुर जोडी बनेका थिए।

## करिना कपुर र अर्जुन कपुर



निर्देशक आर बाल्कीको फिल्म *की एन्ड का*मा अभिनेतृ करिना कपुरले नायक अर्जुन कपुरसँग रोमान्स गरेकी थिइन्। दुवैको उमेर अन्तर ५ वर्षको छ। फिल्ममा अमिताभ बच्चन तथा जया बच्चन पनि केमियो रोलमा थिए।

(एजेन्सीको सहयोगमा)

PAGE 3



## हेलो सिड्नी

अभिनेतृ गौरी मल्ल र गायिका सुनिता दुलाल अस्ट्रेलियाको सिड्नीमा।

## बाई बाई बैंगलरु

अभिनेता राजेश हमाल बैंगलोरको कार्यक्रममा।



# रोजको ट्रेलरमा प्रदीपको हत्यारा रूप



विवादका कारण *रोजी*बाट नाम परिवर्तन गरी *रोज* नामकरण गरिएको फिल्मको बिहीबार राजधानीमा आयोजित एक समारोहबीच ट्रेलर सार्वजनिक गरिएको छ।

आगामी २२ गतेदेखि अल नेपाल रिलिज हुने फिल्मको २ मिनेटको ट्रेलरमा चकलेटी हिरो प्रदीप खड्कालाई प्रेमिकाको हत्याराको रूपमा देखाइको छ। ट्रेलरमा प्रदीपले आफूले माया गर्ने प्रेमीको हत्या नगरी उनलाई मुक्ति दिएको संवाद बोलेका छन्। कार्यक्रममा फिल्मका निर्देशक निरक पौडेलले हत्या गरिएकी रोजी महर्जनको परिवारको दबाबका कारण फिल्मको नाम *रोजी*बाट *रोज* राखिएको र उनको हत्याकाण्डसँग फिल्मको कुनै सम्बन्ध नरहेको बताए। नायक प्रदीप खड्काले फिल्ममा प्रेमिकाको हत्याको सिन दिन कठिन भएको बताए। 'प्रेमिकाको हत्या गर्ने प्रेमिको भूमिकामा डुब्न मलाई केही समय त लाग्यो। तर पछि भूमिकालाई मैले सार्थक तुल्याएको छु', प्रेमी हिरोको रूपमा देखिँदै आएका प्रदीपले भने- 'एउटा कलाकार भएपछि हरेक प्रकारको भूमिका निर्वाह गर्नुपर्छ। यसमा मैले स्टोरीको डिमान्डअनुसार काम गरेको छु र दर्शकले विगतको भन्दा केही फरक भूमिकामा देख्नुहुनेछ।' अभिनेता कर्मा र अभिनेतृ मिरुना मगरले पनि फिल्ममा काम गर्दाको अनुभव सेयर गर्दै फिल्म उत्कृष्ट बनेको र आफूले आफ्नो भूमिकालाई न्याय दिएको बताए।

गोपिकृष्ण मुभिज र आरोही फिल्मस्को ब्यानरमा निकिता पौडेल र मणिकरण केसीद्वारा संयुक्तरूपमा निर्मित तथा उद्धव पौडेलद्वारा प्रस्तुत फिल्ममा प्रदीप खड्का, परमिता राज्यलक्ष्मी राणा, मिरुना मगर, कर्मालगायतका कलाकारले अभिनय गरेका छन्। फिल्मको लेखन केदार भुसाल, गीत राजेशकुमार श्रेष्ठ र दयाराम पाण्डे, संगीत अर्जुन पोखरेल र एलिष कार्की, कोरियोग्राफी कविराज गहतराज, छायांकन राजुविक्रम थापा र सम्पादन मित्र डी गुरुङको रहेको छ।



## हिमालको भिडियो सार्वजनिक

गायक हिमाल श्रेष्ठले आफ्नो नयाँ गीत *तिमी जाने* म्युजिक भिडियोसहित सार्वजनिक गरेका छन्।

यो युगल गीतमा गायक श्रेष्ठलाई गायिका शशी रावलले गायनमा साथ दिएकी छिन्। पछिल्लो समय गायनका साथै मोडलिङमा समेत सक्रिय हुँदै आएका गायक श्रेष्ठले *तिमी जाने* गीतको म्युजिक भिडियोमा आफैंले अभिनय गरेका छन्। अभिनयमा उनलाई मोडल सुस्मिता केसीले साथ दिएकी छिन्। भिडियोमा हिमाल र अस्मिताको जोडी आकर्षक देखिएको छ। सुरेश राईको शब्द तथा संगीतको गीतमा ज्यापर बिन श्रेष्ठको संगीत संयोजन रहेको छ।

म्युजिक भिडियोको निर्देशन प्रसन्न पौडेलले गरेका हुन्। भिडियोमा पोखरा तथा वरपरका आकर्षक लोकेसन कैद गरिएका छन्। विदुर पाण्डेद्वारा छायांकन गरिएको भिडियोलाई टेकेन्द्र शाहले सम्पादन गरेका छन्।



## नेपाल भाषाको सर्ट फिल्ममा
# हा:स: मदुगु अब्बल



अमेरिकाको जनकवि दुर्गालाल श्रेष्ठ प्रतिष्ठानको तत्त्वावधानमा नेपालभाषा चीहा: संकिपा नख: *(सर्ट फिल्म फेस्टिबल)* नेसं११३८ आयोजक समितिद्वारा आयोजित *सर्ट फिल्म फेस्टिबल*मा निर्देशक सुनिता राजभण्डारीको *हा:स: मदुगु* (आवाजविहीन आवाज)ले प्रथम पुरस्कार हासिल गर्न सफल भएको छ। बिहीबार राजधानीको जमलस्थित विश्वज्योति हलमा सम्पन्न महोत्सवमा सहभागी सबै १० फिल्म प्रदर्शन गरिएको थियो भने तत्पश्चात् विजयीलाई पुरस्कार प्रदान गरिएको थियो।

पहिलोपटक आयोजित *नेपालभ ाा सर्ट फिल्म फेस्टिबल*मा प्रथम हुन सफल फिल्मलाई नगद ७५ हजार रुपियाँका साथ प्रमाणपत्र प्रदान गरिएको थियो भने द्वितीय स्थानमा रहेको निर्देशक दर्शनवीर शाक्यको *द मिथ जिरो*लाई ५० हजार रुपियाँको पुरस्कार प्रदान गरिएको थियो। त्यस्तै तेस्रो हुन सफल २ छोटा फिल्म निर्देशक रामकृष्ण खड्गीको *अस्तित्व* र पोखराका याद( वदास भोछीभोय्को *भकुंवारा ख्वा:* (भकुण्डे भूत) लाई जनही २५ हजार रुपियाँ पुरस्कार प्रदान गरिएको थियो। समारोहमा प्रमुख अतिथि मानवअधिकारवादी नेता एवं आदिवासी आन्दोलनका अग्रज पद्मरत्न तुलाधरले विजयीलाई पुरस्कार प्रदान गरेका थिए। तुलाधरले यस किसिमको भाषिक जागरणको पवित्र उद्देश्य बोकेको फिल्म महोत्सवको सरहाना गरे। आयोजक समितिका सदस्य गायक एवं सञ्चारकर्मी पवित्र कसा:ले सञ्चालन गरेको कार्यक्रममा अर्का सदस्य साहित्यकार एवं सञ्चारकर्मी सुरेशकिरण मानन्धरले कार्यक्रमको मूल उद्देश्यमाथि प्रकाश पार्दै आगामी वर्षको *सर्ट फिल्म फेस्टिबल*मा नेपालभाषामा प्रकाशित साहित्यिक कृतिमा आधारित लघु फिल्मबीच प्रतिस्पर्धा गराउने घोषणा गरे।

यस वर्ष आयोजित महोत्सवमा राकेश महर्जनको *म्हसीका* (पहिचान), हर्के माइलाको *मांभाय्* (मातृभाषा), कमलरत्न तुलाधरको *यांभाय्* (दूर भाषा), सुरेन्द्र मानन्धरको *नेवा: भ्री नेवा: हे जुइ* (नेवार हामी नेवार नै हौं), प्रज्ज्वल शाक्यको *स्वचेतना* र पवन जोशीको *लिच्व:*(परिणाम) गरी १० फिल्मले भाग लिएका थिए भने सहभागी सबै फिल्मलाई प्रोत्साहनस्वरूप जनही ५ हजार रुपियाँ प्रदान गरिएको थियो।

लाखौं पाठकको प्रिय कामना

गाईजात्रा विशेष अंक

यस अंकका आकर्षण

- मार्क जुकरबर्गलाई केदार घिमिरे माग्ने बूढाको चिठ्ठी
- मनोज गजुरेलको गजुरीयल डट कम
- गाउँले बलदेवको भट्टी भागवत
- विजयरत्नको बक्स अफिस
- कपिल काफ्लेको लोकतान्त्रिक गाली
- शिवहरि पौडेलको नेता जात्रा मनाउने प्रस्ताव
- जितु नेपालको दोहोरी
- विल्सनविक्रम राई तक्मे बूढाको मायाले नथाम्ने संसार
- पेशल आचार्यको नकचरो सरकार
- प्रेम वली ढलकपुरेको पार्टी र ठोक्तकलगायत पद्नैपर्ने दर्जनौं तीखा, हसिला र पेचिला व्यंग्य लेख, कविता र चुटकिलाहरू।

साथमा कीर्तिकिशोर जोशी, उमेश अधिकारी, देवेन्द्र थुम्केली, उत्तम नेपाल, केशव खनाल, राजमान महर्जन, सानुराज डंगोल र पदम घलेका कुतकुत्याउँदा व्यंग्यचित्र।



# साहित्य

अज्ञानको ग्रन्थि नष्ट हुनु
नै मुक्ति हो।
– शिव–गीता

कविता अनुभूतिले
रंग्याएको बुद्धि हो।
– विल्सन

व्यक्तिवृत्त

## संस्कृति-इतिहास विज्ञ चुन्दा वज्राचार्य

मोहन दुवाल



चुन्दादेवी वज्राचार्य अर्थात् हालकी डा. चुन्दा वज्राचार्य। संस्कृति, इतिहास खोज्दै आफ्नो जीवन्तता अन्वेषणमा प्रयोग गरिरहन सफल अन्वेषिका। नेपालभाषा साहित्यका एक सफल समालोचक। प्राध्यापन सेवामा जीवनका क्षणहरू गुजार्न सफल एक कर्मठ प्राध्यापिका। वि.सं. २०३९ सालदेखि निवृत्त नभएसम्म क्याम्पसमा सेवारत रहँदै आएकी यिनी हाल संस्कृति, इतिहासको लेखनमा, नेपालभाषाको उत्थानमा सक्रिय छन्। यिनी नेपालभाषा विषयमा मातृभाषाको माध्यमबाट प्रवेशिकादेखि विद्यावारिधिसम्म उत्तीर्ण गर्ने प्रथम व्यक्तिसमेत हुन्। नेपालमा नेवार भाषा र संस्कृतिमा विज्ञता हासिल गर्न सफल विद्वान्का रूपमा पनि यिनी परिचित छन्।

पिता वेदानन्द र माता ज्वालादेवी वज्राचार्यकी सुपुत्री चुन्दाको जन्म वि.सं. २०१० माघ १० गते भीमाष्टमीका दिन मरु ख्य:क्यब, काठमाडौंमा भएको हो। बौद्धधर्मका अनुयायी परिवारमा जन्मेकी यिनले २०४९ सालमा नेपालभाषा आधुनिक नाटकको प्रवृत्ति र प्रवाहमा विद्यावारिधि गरिन्। नेपालको संविधानअन्तर्गत कानुनहरू बनिरहेका छैनन् भनी वि.सं. २०५० तिर सर्वोच्चमा मुद्दा दायर गरेकी यिनले कुमारी परम्पराको प्रतिरक्षाका लागि २०६२ चैत्र २० र २१ गते विभिन्न संघ क्षेत्रका महिलाहरूको नेतृत्व गरी पुन: एउटा नयाँ विषयमा सर्वोच्चमा मुद्दा हालिन्। यस खालको अभियानमा लागेर नै यिनले आफूलाई जीवनमा परिमार्जित तुल्याउँदै लगिन्। नेपालभाषा मिसा खल: र राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको संस्थापक रही सेवा पुऱ्याइसकेकी यिनले नेवा: दे दबू, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको सल्लाहकार पनि भएर आफूलाई समर्पित तुल्याएको देखिन्छ। नेवा: मिसा सहकारी, राष्ट्रिय आदिवासी जनजाति महासंघको अध्यक्ष भई सेवा पुऱ्याइसकेकी यिनी शान्ति निकुञ्ज मावि भूपू विद्यार्थी संघ, भिन्तुना सहकारीमा पनि उपाध्यक्ष भई सेवा गरेकी छन्।

नेपालभाषा मिसा खल:की महासचिव, युगकवि सिद्धिचरण प्रतिष्ठानको सचिव भई सेवा गरिसकेकी यिनी जगतसुन्दर ब्वनेकुथीको संस्थापक कोषाध्यक्ष हुनाका साथै नेपाल इन्डिजिनियस ओमन नेटवर्क, साउथ एसिया इन्डिजिनियस ओमन्स फोरम, साउथ एसिया फोरम फर ह्युमन राइट्स, नेपालभाषा अकादेमी, नेपाल विश्वविद्यालय महिला संघको संस्थापक सदस्य पनि हुन्। वि.सं. २०६३ मा गठित बृहत् राष्ट्रिय लोक गणतन्त्र मोर्चाको अध्यक्षमण्डलको सदस्य भई कार्यरत रहेकी यिनी धर्मोदय सभामा पनि संलग्न रही सेवा पुऱ्याइसकेकी व्यक्तित्व हुन्। विभूषण समितिको सदस्यसमेत भइसकेकी यिनी बहुभाषा शिक्षा निर्देशन समिति, प्रतिभा समाजको सदस्य पनि हुन्। थुप्रै खालका संघसंस्थामा संलग्न रही जीवनलाई कुदाइरहेकी यिनी अन्वेषणका गाह्रो विषय र क्षेत्रहरूलाई आफ्नो विषय ठानेर सधैं अन्वेषणमा लागिरहन रुचाइरहने प्रतिभा हुन्। दाजु उदयानन्द वज्राचार्यको प्रेरणाले साहित्य लेखनमा लागेकी यिनी आर्थर मिलर, इब्सेन, सिमोन र बोउचरका रचनाहरू पढेर आफूलाई सक्षम तुल्याउँदै आएको बताउँछिन्। यिनले विजय मल्ल, नारायणदेवी श्रेष्ठ, ईश्वरानन्द श्रेष्ठाचार्य र डा. मणिकलाल श्रेष्ठलाई मन परेका नेपालभाषाका साहित्यकारहरूको रूपमा उल्लेख गर्न रुचाउँछिन्।

'कुनै पनि समाजले महिलाहरूको सम्मान गर्नुपर्छ। महिलाहरूको सम्मान हुने समाज र देश उँभो लाग्छ।' यस्तै चिन्तनमा व्याप्त रहेर जीवनपथमा क्रियाशील यिनी आफ्नो नेवार समुदायले पनि महिलाहरूको सम्मान गर्ने सोचमा विकास गरोस् भनी विचार सम्प्रेषण गर्छिन्। यिनले जे-जति गर्दै र लेख्दै गरिन्, यसमा सन्तोष राखेर यात्रामा लागिरहन सक्नु नै यिनले देखाइरहेको महानता हो।

दर्जनौं बढी साहित्यिक, शैक्षिक, भाषिक, जातीय, सामाजिक समिति, खल:, गुठी, परिषद्, आयोगमा सदस्य रही सेवा पुऱ्याउँदै आएकी यिनी लोकतान्त्रिक नेवा: मिसा संघर्ष समितिलगायत दर्जनौं आदिवासी, नेपालभाषी, महिलावादी संघसंस्था, समितिको संयोजक भई सेवा पुऱ्याइसकेकी सक्रिय चेतनशील महिला हुन्। मध्यकालीन अभिलेख योजना सम्पादित एवं सङ्कलित गर्न इतिहासकार धनवज्र वज्राचार्यको देहान्तपछि सहायक अनुसन्धानकर्ता रही सहयोग पुऱ्याउँदै आएकी यिनी प्राचीन नेपालभाषा शब्दकोष निर्माण, चवसापासा टोयोटा फाउन्डेसनअन्तर्गत रही सहायक सङ्कलक भई पनि कार्य गरेको देखिन्छ। अध्यापन, अन्वेषण, इतिहास र साहित्यिक समीक्षा लेखनमा सधैं सक्रिय यिनले आफ्नो जीवनको अधिकांश समय भाषा, साहित्यको उत्थान, संस्कृति र इतिहासको लेखन र अन्वेषणमा बिताइरहको पाइन्छ।

धेरै खालको अनुभवले चुन्दालाई सक्रिय महिलाका रूपमा मात्र चिनाएन, यिनको जाँगर र साहसलाई सक्षम पुरुषभन्दा कमजोर देखाएन। यस अर्थमा, चुन्दाको आफ्नो छवि इतिहासमा जीवन्त रहने खालका छन्। आदिवासी महिलाको स्थितिअन्तर्गत गोपाली, तामाङ, दनुवार जातिको अनुसन्धान अनुभव सँगालेकी यिनले राष्ट्रिय इतिहास निर्माण योजनाअन्तर्गत मध्यकालीन ऐतिहासिक सामग्री संकलन, सम्पादन, अनुवाद गर्नुका साथै व्याख्यासमेत गरेर आफ्नो जाँगर देखाइदिएकै हुन्। मध्यकालीन अभिलेख इतिहास, नेवार जाति र तिनीहरूको संस्कृति, प्राचीन नेपालभाषा शब्दकोष निर्माण, आधुनिक नेपालभाषा शब्दकोष निर्माणका साथै धल:पौमा विशेष अनुसन्धान गरेकी छिन्। हाल यिनी आदिवासी महिलाको स्थिति, नेवार संस्कार र चाडपर्वको अनुसन्धानमा संलग्न छन्। मध्यकालीन ऐतिहासिक सामग्री धल:पौलाई विशेषरूपमा अध्ययन गर्ने पहिलो व्यक्ति। नेपालभाषा अध्ययनमा विशिष्टता कायम गर्न सफल एक भाषा अध्येता। प्राध्यापन पेसामा संलग्न रहेर पनि विशिष्ट अनुसन्धान प्रतिवेदन बुझाउन सफल अन्वेषक। नेपाल लिपिलाई देवनागरी लिपिमा, प्राचीन नेपालभाषालाई नेपालीमा अनुवाद गर्दै आएकी एक अनुवादक। सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक तथा आर्थिक पक्षमा महिलाहरूको स्थिति के-कस्तो छ, त्यसको विश्लेषक। यस खालका थुप्रै विशेषणहरू जोडेर मूल्याङ्कन गर्न सकिने व्यक्तित्व बनेकी छन् डा. चुन्दा। यिनको ऐतिहासिक पदचापहरूलाई पछ्याउँदै केदारनाथ प्रधान स्मृति प्रतिष्ठान, बनेपाबाट यिनी सम्मानित भएकी छिन्।

थुप्रै राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठीहरूमा गहन तथा ठोस अनुसन्धानका कार्यपत्र प्रस्तुत गर्दै आएकी यिनी थुप्रै गोष्ठीका टिप्पणीकार भई आफ्नो तिखो प्रतिक्रिया पनि दिन भ्याएकी छिन्। यिनले गोष्ठीमा प्रस्तुत गरेका उल्लेखयोग्य कार्यपत्रहरू जो पुस्तक-पुस्तिकामा पनि प्रकाशित छन्। ती हुन्- ओमन इन नेवार्स कल्चर, इन्डिजिनियस ओमन अफ नेपाल एट प्रिजेन्ट गभर्मेन्ट, इन्डिजिनियस ओम इन नेपाल, नेवार्स ओमल, नेपालभाषा, उपन्यासमा निगूगु दशक, सांस्कृतिक विविधतामा नेवार संस्कृति, आदिवासी जनजाति महिला महासंघको संगठन, विकास, मध्यकालीन गद्य साहित्य, नेवार संस्कार, नेवारहरूले मनाउँदै आएको चाडपर्व, धार्मिक र सांस्कृतिक दृष्टिकोणमा नेपालका आदिवासी महिलाहरू, नेपालभाषा नाटक साहित्यको इतिहास, नेपालभाषाको आधुनिक नाटकमा नारी समस्या, नेपालभाषाको नाटक विधामा एक दृष्टि, नेपालभाषा म्हिग: व थौं, नेपालभाषाया नाटकय् बौद्ध संस्कृति, नेवा: संस्कृतिइ कुमारी, नेपालभाषाको प्राचीन रङ्गमञ्च, राज्यको पुन:संरचनामा महिला आदि छन्।

यसरी थुप्रै सिर्जनात्मक, अनुसन्धात्मक कार्यहरूमा लागेर पनि भाषा आन्दोलनमा महिलाहरूको हक अधिकारको आन्दोलनमा पनि यिनले आफूलाई समर्पित तुल्याएको देखिन्छ। वि.सं. २०४६ मा नेपालभाषा मंका खल:को सदस्य भएर भाषिक आन्दोलनमा लागेकी यिनी २०४६ सालमा नेपालभाषा मिसा खल: स्थापना गरेर महिलाहरूको अधिकारका लागि भाषा, धर्म, महिलाको अधिकारलाई लिएर २०६२ मा लोकतान्त्रिक नेवा: मिसा संघर्ष समिति बनाएर जातीय, क्षेत्रीय, भाषिक आधारमा आत्मनिर्णय र अग्राधिकारसहित लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने अभियानमा सक्रिय सहभागी भई सेवा पुऱ्याउँदै छिन्। हाल यिनी राज्यको पुन:संरचना, संविधानसभा र महिला विषयमा पाँच विकास क्षेत्रमा नै पुगेर राष्ट्रिय स्तरमा प्रशिक्षक रहेर पनि सेवा पुऱ्याइसकेकी व्यक्तित्व हुन्।

डा. चुन्दा वज्राचार्य बौद्धिक व्यक्तित्व हुन्। यिनका हालसम्म प्रकाशित पुस्तकहरूमा १. थक्वा: दे:या आदिनारायण, २. नेवा तजिलजि च्वँखमुना, ३. नेवा: तजिलजिइ नख: च्वख:, ४. नेपालभाषाया आधुनिक नाटकय् मिसा समस्या, ५. भिक्षु सुदर्शनया नाटक विधा, ६. जितामित्र मल्लकालीन धल:पौ, ७. रणजीत मल्लया भम्चा का:वंगु धल:पौ, ८. मोतिलक्ष्मीया जीवनी- छपुलु, ९. मध्यकालीन छुं घटनावली, १०. मल्लकालीन छुं संस्कृति ११. नेवा: संस्कृतिका चाडपर्व, १२. समालोचनात्मक च्वखँमुना: १३. नेपाल भाषाया नाट्य साहित्यया इतिहास, १४. नेपाल मण्डल व नेवा:, १५. नेपालभाषाका पूर्णाङ्की नाटकको विवेचना आदि छन्। पत्रिका सम्पादनमा नेवा: मिसा, पौभा, हयाउँबाला, थायभु आदि छन्। अध्ययन गरिरहने, लेखिरहने, व्याख्या गरिरहने, संघ-संगठनमा धाइरहने, निरन्तर बौद्धिक कार्यमा रमाइरहने डा. चुन्दाले लेखन, अध्ययन, प्राध्यापन, व्याख्यान प्रवचनलाई नै आफ्नो जीवनसँगी बनाएर जीवनपथमा यात्रा गरिरहेकी छिन्। यिनको उच्च खालका रचनात्मक यात्रालाई म धन्य भनिरहेछु।

पुस्तक चर्चा

## किशोर-किशोरीको रोजाइ

ज्ञानमणि नेपाल कालोटोपी

साहित्यकार कौशिला रिसालको दोस्रो साहित्यिक कृति 'आहा फूल...' यति बेला बजारमा छ। साहित्यमा कमै मात्र लेखिने किशोर कथासङ्ग्रह यसपटक रिसालको छनौटमा परेको छ। उहाँले आफ्नो पहिलो कृति नयाँ वर्षको उपहारपछि आहा फूल सार्वजनिक गर्नुभएको हो। यसभित्र ९ वटा कथाहरू छन्।



प्रत्येक कथाहरूले किशोरहरूका मनोविज्ञानलाई चित्रण गरेका छन्। साह्रै साना बालबालिकाभन्दा माथिल्लो उमेरका अनि युवा नभइसकेका किशोर-किशोरीहरूलाई लक्षित गरी लेखिएका कथाहरू छोटा छन् तर गहन छन्। कथाहरू पढ्दा किशोर र युवाहरूलाई ऊर्जा दिने खालका छन्। यसमा अटाएका सबैजसो कथाहरू मझौला आयाममा लेखिएका छन्। धेरै लामा पनि छैनन् र साह्रै छोटा पनि छैनन्। आफू शिक्षक भएकाले बालबालिका र किशोर-किशोरीका मनोभावहरू राम्ररी बुझेर लेखक कथाहरूमा उनीहरूले व्यक्त गर्ने, मनमा खेलिरहने तर व्यक्त गर्न नसक्ने भावनालगायतका विषयलाई पनि कथाका रूपमा उतार्न सफल हुनुभएको छ। 'आमा मलाई भोक लाग्यो' कथामा किशोर-किशोरीहरू छिट्टै रिसाउँछन् र छिट्टै पछुताउँछन् पनि भन्ने विषयलाई उनीहरूले देखेको सपनाको माध्ययमबाट देखाइएको छ।

त्यस्तै 'अज्ञानले गरेको भूल' कथामा किशोर-किशोरीहरू कुनै पनि निर्णय गर्दा आवेगमा गर्छन् तर पछि आउन सक्ने समस्याका बारेमा पहिले नै सोच्न सक्दैनन् भन्ने विषय अटाइएको छ। यस कथाका पात्र घर छोडेर शहरमा सुख पाउने सोचका साथ कसैलाई थाहा नदिई भागेर जान्छ तर शहरमा पुगेपछि दु:ख र हण्डर मात्र पाउँछ। र, घर नै फर्केर आमाबुबासँग आफ्नो गल्ती महसुस गर्न पुग्छ। यस्तो अवस्था अधिकांश किशोरहरूमा हुन सक्छ। कथाकारले यस्तै विषयलाई केन्द्रित गर्न खोज्नुभएको छ।

अन्य कथाहरू पनि सन्देशमूलक र मार्मिक छन्। तर थोरै र छोटा कथा रहेकाले सबै खाले खुराक दिन भने नसकेको हो कि भन्ने अधिकांश पाठकलाई भान पर्न सक्छ। भाषाशैली सरल र सजिलै बुझ्न सकिने रहेकाले कथा समग्रमा सफल नै देखिन्छ। यो कथाको पुस्तक १ सय रुपियाँमा बजारमा किन्न पाइन्छ।

## दुवाललगायतका स्रष्टाहरू सम्मानित हुने

काठमाडौं। पन्त स्मृति प्रतिष्ठानको चौधौं वार्षिकोत्सवको अवसरमा विभिन्न क्षेत्रका स्रष्टा/द्रष्टाहरूलाई २०७४ सालको सम्मान/पुरस्कार प्रदान गरिने भएको छ। 'जनमत मासिक' प्रकाशनका लागि प्रधानसम्पादक मोहन दुवाललाई 'बन्धु पन्त स्मृति सम्मान पुरस्कार' ले रु. ५०,०००।- नगदसहित काठमाडौंमा सम्मानित गरिनेछ। हास्यव्यङ्ग्य लेखनविधामा लेखक नरेन्द्रराज पौडेललाई रु. ५०,०००।- नगदसहित 'गोपालराज पन्त स्मृति सम्मान'ले पुरस्कृत गरिनेछ। यसै गरी समालोचक डा. शैलेन्दुप्रकाश नेपाललाई रु. १०,०००।- नगदसहित 'टीका-मुकुन्द पन्त स्मृति सम्मान पुरस्कार'ले सम्मानित गरिनेछ।

२०७५ असोज ५ गते काठमाडौंमा हुने उक्त साहित्यिक समारोहमा नृत्यकला, चित्रकला, उपन्यास, संस्कृति क्षेत्रमा र शारीरिक अशक्ततामा दिइने सम्मान/पुरस्कारहरू क्रमश: लक्ष्मी महरा, सुरेश बस्नेत, कल्पना श्रेष्ठ, मीन श्रीस मगर र मातृका देवकोटालाई नगदसहित सम्मानित गरिने कार्यक्रम रहेको पन्त स्मृति प्रतिष्ठानले जनाएको छ।

## नेपाली शिक्षा परिषद्‌बाट 'गुञ्जन'

काठमाडौं। नेपाली शिक्षा परिषद्को ६८ औं वार्षिकोत्सव, परिषद्का संस्थापक वरिष्ठ भाषासेवी तथा साहित्यकार गोपाल पाँडे 'असीम' को १०६ औं जन्म जयन्ती तथा 'गोपाल पाँडे असीम पुरस्कार' प्रदान कार्यक्रम हालै सम्पन्न भयो। सो कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। परिषद्का कोषाध्यक्ष तथा वरिष्ठ समाजसेवी भीमबहादुर अधिकारीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा यस वर्षको गोपाल पाँडे 'असीम' पुरस्कार लेखिकाहरूको साझा साहित्यिक संस्था 'गुञ्जन' लाई प्रदान गर्ने निर्णय भएकाले अध्यक्ष हिरण्यकुमारी पाठकले रु. ५०,०००।- नगदसहित सम्मान ग्रहण गरिन्। सम्मानित संस्था 'गुञ्जन' को साहित्यिक गतिविधिको बृहत् चर्चा साहित्यकार राधेश्याम लेकालीले गरे।

परिषद्का सचिव रमा शर्माले संस्थाको गतिविधिबारे प्रकाश पारेकी थिइन्। सम्मान ग्रहण गर्दै हिरण्यकुमारी पाठकले 'गुञ्जन' को यात्रालाई थप ऊर्जा प्रदान गरिदिएकोमा नेपाली शिक्षा परिषद्लाई बधाई दिइन्। प्रमुख अतिथि कुलपति गङ्गाप्रसाद उप्रेतीले नेपाली शिक्षा परिषद्ले भाषा साहित्यमा पुऱ्याइरहेको योगदानबारे चर्चा गरे।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## सातको राशिफल

ज्यो. चन्द्रेश शर्मा

भदौ ९ देखि १५ गतेसम्म

**मेष**

तपाईंका लागि यो साताका शुरूका दिनहरू शुभ फलदायक देखिन्छन्। उपलब्धिमूलक कार्यमा लगानी हुने, आम्दानी बढ्नाले घरयासी आवश्यकताका वस्तुहरूको अभाव हट्ने, पारिवारिक सुख-सन्तोष हुनेछ। इज्जत-प्रतिष्ठा, मान-सम्मान बढ्नेछ। मंगलबारबाट भने स्वास्थ्यमा समस्या आउने सम्भावना छ। पारिवारिक विवाद होला। अनावश्यक झमेला आइलाग्नेछ। बिहीबारसम्म धैर्यताको खाँचो छ।

**वृष**

तपाईंका लागि यो हप्ता सुख-समृद्धिदायक छ। राज्यद्वारा दिइने सुविधा प्राप्त हुने, राजनीतिक सक्रियता बढ्ने, व्यापार-व्यवसायमा यथेष्ट फाइदा हुने, शारीरिक एवम् मानसिकरूपमा स्वस्थ भइनेछ। त्यस्तै बोलेको लाग्ने, आर्थिक लाभ हुनाले व्ययभार थेग्न सहज हुने, सुख-सन्तोष हुनेछ। सबैको वाहवाही हुने देखिन्छ। तर साताको अन्त्य शुक्रबार भने केही अस्वस्थता र तनाव नहोला भन्न सकिन्न।

**मिथुन**

तपाईंका लागि साताको पछिल्ला दिनहरू उत्तम फलदायक छन्। मंगलबारबाट इज्जत-प्रतिष्ठामा वृद्धि होला। राज्यबाट समेत लाभ होला। हरेक कार्यमा सफलता हात लाग्ने देखिन्छ। आर्थिक लाभ हुने सम्भावना छ। भोजनादि वस्तु प्राप्त होला। तर सोमबारसम्म त्यति उपयुक्त समय छैन। शारीरिक कष्ट होला। रोगव्याधिको भय हुने, काममा बाधा हुने, खर्च हुने देखिन्छ। सावधानी अपनाउनुपर्ला।

**कर्कट**

तपाईंका लागि यो साता त्यति शुभ फलदायक देखिँदैन। मान-सम्मानमा आघात पर्ने सम्भावना छ। गरेका कार्यहरू सफल हुन कठिन होला। निरर्थक खर्च, अनावश्यक हैरानी बेहोर्नुपर्ला। रुघाखोकीले सताउन सक्छ। परिश्रम धेरै तर प्रतिफल कम प्राप्त हुनेछ। तर आज शनिबार र साताको अन्त्य शुक्रबार भने सुख-सन्तोष हुने, स्वास्थ्य तन्दुरुस्त हुने, आर्थिक लाभ हुने सम्भावना छ।

**सिंह**

तपाईंका लागि यो साता मिश्रित फलदायक छ। साताका शुरूका दिनहरू उत्तम फलदायक देखिन्छन्। खाद्यपदार्थ, उपहार, मिष्ठान्न भोजन पाउने सम्भावना छ। व्यापार व्यवसायबाट आशातीत सफलता मिल्ला। परिवारमा हर्षोल्लास बढ्नेछ। तर मंगलबारबाट भने अनेक झमेला आइलाग्न सक्छ। निर्णय लिन कठिन होला। सफलता हासिल गर्न बढी नै परिश्रम गर्नुपर्ला। स्वास्थ्यमा समस्या आउन सक्छ।

**कन्या**

यो साता तपाईंका लागि धेरै उपलब्धिमूलक छ। गरेका काम सफल हुने, कहीँ वंशवृद्धिको सम्भावना, रिसाएका व्यक्तिहरू खुसाएर नजिकिन खोज्ने, मुद्दामामिला भएमा विजयको सम्भावना, पठनपाठनमा सफलता, राम्रै आम्दानी हुने प्रबल सम्भावना, साथीभाइ-इष्टमित्रबाट सहयोग, नेतृत्वदायी भूमिकामा सफलता हुनेछ। तर शुक्रबार भने स्वास्थ्य समस्या, कार्य बाधा हुने सम्भावना छ। सतर्क रहनुहोला।

**तुला**

तपाईंका लागि सोमबारसम्म समय अनुकूल छैन। हुन लागेको काम पनि बिग्रन सक्छ। राम्रो कुरा गर्दा पनि नराम्रो पर्न सक्छ। शारीरिक कष्ट होला। धैर्यता गर्नुहोला। तर मंगलबारबाट भने समय निकै अनुकूल हुनेछ। आर्थिक लाभको सम्भावना छ। बिग्रन लागेका कामहरू सप्रिनेछन्। भाग्यको उदय हुनेछ। राज्यबाट लाभ मिल्ला। जागिर, व्यवसायबाट सफलता मिल्ने देखिन्छ।

**वृश्चिक**

यो साताका धेरैजसो दिनहरू शुभ फलदायक देखिँदैनन्। आज शनिबार र अन्त्यको शुक्रबार प्रयास गरेमा उन्नति-प्रगति होला। सुख-सन्तोष एवम् रमाइलो होला। तर बाँकी सबै दिनहरू तपाईंका लागि अनुकूल देखिँदैनन्। विभिन्न आरोप सहनुपर्ला। दु:ख-कष्ट, स्वास्थ्यमा समस्या, इज्जत-प्रतिष्ठामा आघात, राज्यबाट भय हुने सम्भावना छ। साथीभाइ, इष्टमित्रबाट धोका पाइन सक्छ।

**धनु**

तपाईंका लागि साताका शुरूका दिन लाभदायक छन् भने अन्त्यका दिनहरू फलदायक देखिँदैनन्। सोमबारसम्म पैसा प्राप्ति, जागिर, पढाइ, व्यापारमा सफलता, मान-सम्मान वृद्धि, इज्जत-प्रतिष्ठामा वृद्धि हुनेछ। त्यसपछिका दिनहरूमा भने खानपानबाट अस्वस्थता, विनाउपलब्धिको दौडधुप हुनेछ। अपच, वायु-गानोगोला जस्ता पेटको समस्या नहोला भन्न सकिन्न। आलस्यता बढ्नाले जाँगर हराउला।

**मकर**

तपाईंका लागि यो साताका धेरैजसो दिन फलदायक छन्। केही परिश्रम गरेमा कतैबाट आम्दानी होला। कसैको सत्कारले मिष्ठान्न भोजनको अवसर मिल्ला। साथै मानसिक प्रसन्नता, खुशीको अनुभव होला। काममा सफलता प्राप्ति होला। तर सोमबार र शुक्रबार भने विनाकाममा खर्च हुनेछ। मानसिक चञ्चलता, चोटपटकको भयका साथै विवादमा परिने सम्भावना छ। सतर्कता अपनाउनुपर्ला।

**कुम्भ**

यो साताका धेरैजसो दिनहरू त्यति फलदायक देखिँदैनन्। साताको शुरू शनिबार नै रोगव्याधिको भय, धननाश हुने देखिन्छ। मंगलबारदेखि बिहीबारसम्म आर्थिक भार बहन गर्न गाह्रो पर्ला। तनाव, सन्ताप, मानसिक अस्थिरता नहोला भन्न सकिन्न। धैर्य गर्नुहोला। बाँकी दिनहरूमा भने आफ्नो बोली बिक्ने हुँदा कार्य सफल हुने देखिन्छ। साथै केही आर्थिक लाभ एवम् सहयोग प्राप्ति हुने देखिन्छ।

**मीन**

तपाईंका लागि यो साता मध्यम फलदायक छ। आज शनिबार र मंगलबारदेखि बिहीबारसम्मका दिनहरू उत्तम देखिन्छन्। उपहार-कोसेली पाउने, पेसा-व्यवसायबाट सन्तुष्टि मिल्ने, आर्थिक लाभ हुने, मान-सम्मान पाइने, उन्नति-प्रगति हुने देखिन्छ। बाँक दिनहरूमा भने मानसिक अस्थिरता, दौडधुप होला। पेटसम्बन्धी स्वास्थ्य समस्या आउन सक्छ। विवादमा फसिन सक्ने भएकाले सतर्कता अपनाउनुपर्ला।

{ अर्याललाई टाइप ए अरोटिक डिसेक्सन विथ प्रेगनेन्सी रोग लागेको थियो। यो दुर्लभ रोग हो। यो रोग लागे पछि बिरामी बाँच्ने सम्भावना अत्यन्तै न्यून हुन्छ।



# अहिलेसम्मकै दुर्लभ 'ओपन हार्ट सर्जरी' सफल

**नेपाल समाचारपत्र**

काठमाडौं

वरिष्ठ मुटुरोग विशेषज्ञ डा. अनिल भट्टराईको नेतृत्वमा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्जमा रहेको मनमोहन कार्डियोथोरासिस् भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरमा अहिलेसम्मकै दुर्लभ खुल्ला हृदय शल्यक्रिया (ओपन हार्ट सर्जरी) सफल रूपमा सम्पन्न भएको छ।

रामेछाप सुनपाती गाउँपालिकाकी ३७ हप्ताकी गर्भवती महिला प्रमिला अर्यालको मुटुको सफल शल्यक्रिया सम्पन्न भएको हो। आमा र छोरा दुवैको स्वास्थ्य अवस्था अहिले राम्रो रहेको शल्यक्रियाको नेतृत्व गरेका डा. भट्टराईले जानकारी दिए।

अर्याललाई टाइप ए अरोटिक डिसेक्सन विथ प्रेगनेन्सी रोग लागेको थियो। यो दुर्लभ रोग हो। यो रोग लागेपछि बिरामी बाँच्ने सम्भावना अत्यन्तै न्यून हुन्छ। तर, मनमोहनको यो ९ वर्षको इतिहासमा पहिलोपटक हो यस्तो रोग लागेका बिरामीको सफल शल्यक्रिया भएको डा. भट्टराईले जानकारी दिए।

उनले भने- 'बच्चा जन्मिँदा बेहोस थियो। तीन घण्टापछि उसको होस आएको छ। आमालाई पनि अहिले भेन्टिलेटरबाट छुट्याएर आईसीयूमा सारिएको छ।'

आमा र बच्चा दुवै बचाउन सफल भएकोमा खुसी व्यक्त गर्दै डा. भट्टराईले भने- 'मेरो करिअरको १३ वर्षको इतिहासमा यस्तो दुर्लभ रोग लागेका बिरामीको सफल शल्यक्रिया गरेर नयाँ जीवन दिन पाउँदा खुसी लागेको छ। मेरो टिमलाई म धन्यवाद भन्न चाहन्छु।'

सेन्टरका कार्यकारी निर्देशक प्राडा. उत्तमकृष्ण श्रेष्ठले पनि यस्तो दुर्लभ रोग लागेको बिरामीको आफ्नो सेन्टर र यसका डाक्टरहरूले सफल शल्यक्रिया सम्पन्न गरेर आमा र छोरा बचाउन सफल भएकोमा खुसी व्यक्त गरे। उनले भने- 'म टिमप्रति आभारी छु।'

उक्त शल्यक्रियामा कार्डियाक सर्जरी टिमका डा. भट्टराईका साथै डा. प्रभात खकुरेल, डा. रवि बराल र डा. निकेश भण्डारी सहभागी थिए।

त्यस्तै एनस्थेसिया टिममा डा. विश्वास प्रधान, डा. विभुष श्रेष्ठ, डा. मन्दिरा बस्नेत, डा. प्रिष्का बास्तोला र डा. अर्जुन गुरुङ सहभागी थिए।

गाइनोकोलोजीमा भने डा. ज्योति शर्मा, डा. बेखा लक्ष्मी मानन्धर, डा. सुनिति रावल, डा. सुनिता वज्राचार्य र डा. सुभाना माष्के सहभागी थिए।

त्यस्तै बाल रोग विशेषज्ञमा भने डा. प्रदीप पौडेल र डा. कविता मानन्धर उपचारमा संलग्न थिए।

डा. भट्टराई सामाजिक सेवामासमेत सक्रिय छन्। उनको पहलमा सयौं असहाय, गरिब तथा दुर्गमका मुटुरोगीहरूको सफल उपचार भएको छ। अहिलेसम्म उनले ९० भन्दा बढी बिरामीको नि:शुल्क मुटुको शल्यक्रिया गरिसकेका छन्।



## ■ संक्षेप समाचार ■

### नक्कली प्रहरीको दादागिरी

काठमाडौं, (नेस)

स्थानीय बासिन्दालाई धाकधम्की दिँदै हिँडेका माछापोखरी बस्ने नुवाकोट तादी गाउँपालिका-६ घर भएका विज्ञान दाहाल बिहीबार पक्राउ परेका छन्। दाहालले काठमाडौं महानगरपालिका-२६ नयाँ बसपार्क मित्रनगरस्थित स्थानीय बासिन्दालाई आफू गोंगबु प्रहरी चौकीको सिभिल प्रहरी हुँ भन्दै धाकधम्की दिँदै हिँडेको अवस्थामा स्थानीय बासिन्दाले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका हुन्।

### स्कुटर दुर्घटनामा मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-११ भद्रकाली पुलस्थित काभ्रे शिखर आमबोटे गाउँपालिका-८ घर भएका सञ्जीव लामाले चलाएको बा९१ प ८१९ नम्बरको स्कुटर शुक्रबार अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किदा लामाको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा स्कुटरमा सवार हाल वतन नखुलेका २७ वर्षीय सञ्जीव तामाङ नाम गरेका व्यक्ति गम्भीर घाइते भएकाले उपचारको लागि ट्रमा सेन्टर पठाइएको छ।

### कपडा पसलमा चोरी

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-२२ न्युरोडस्थित धनुषा जनकपुर उपमहानगरपालिका-१४ घर भएका अशोक गोयलको कपडा पसलबाट बिहीबार नगद १ लाख रुपियाँ तथा क्यापिटल सेभिङ एन्ड कोअपरेटिभ लिबाट नगद ३ लाख २९ हजार ६ सय ६० रुपियाँ तथा सुनको सिक्का १ तोला बराबरको ८ वटा गरी करिब ८ लाख ७८ हजार रुपियाँबराबरको धनमाल चोरी भएको छ।

# सेवाग्राही घटे

ललितपुर, (नेस)

यातायात व्यवस्था विभाग वागमती अञ्चल कार्यालयमा चालक अनुमतिपत्र बनाउनेको संख्या दिनप्रतिदिन घद्दो क्रममा रहेको छ।

सो कार्यालयमा चालक अनुमतिपत्र नवीकरण गर्नेको संख्यासमेत घटेको बताइएको छ। कार्यालयले काठमाडौं उपत्यकाका चार ठाउँबाट सो सेवा उपलब्ध गराउँदै आएको छ। अहिले दैनिक पाँच सयदेखि ६ सयसम्म सेवाग्राही आउने गरेको कार्यालयका सूचना अधिकृत भक्त विष्टले जानकारी दिनुभयो।

अघिल्लो आवमा १ हजारदेखि १ हजार ५ सयसम्म सेवाग्राही आउने गरेका थिए। सेवाग्राही बढेसँगै गत आवदेखि सरकारले सूर्यविनायक, चाबहिल र सानो भऱ्याङबाट सेवा शुरु गरेको थियो। अहिले सेवाग्राही सबै ठाउँमा बाँडिएका छन्।

अहिले १४ वटै अञ्चल कार्यालयले स्मार्ट चालक अनुमतिपत्र र नियमित सेवा शुरु गरेका कारण सेवाग्राहीको चाप घटेको विष्टको भनाइ छ। उक्त कार्यालयले नयाँ चालक अनुमतिपत्र तथा नवीकरण गरी दुई लाखको हाराहारीमा चालक अनुमतिपत्र वितरण गरेको जनाएको छ।

## काठमाडौंमा दक्षिण एसियाकै पहिलो 'स्काइवाक' बन्ने

काठमाडौं, (नेस)

वन्डर्स नेपाल प्रालिले काठमाडौंको कमलादीमा दक्षिण एसियाकै पहिलो 'स्काइवाक' निर्माण गर्ने भएको छ। वन्डर्स नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरू भित्र्याउने उद्देश्यले स्काइवाक निर्माण गर्न लागेको बताएको हो। राजधानीमा शुक्रबार आयोजित एक कार्यक्रममा वन्डर्स नेपालका अध्यक्ष आर्कषण पोखरेलले लामो समयको मेहनतपछि स्काइवाक निर्माणको प्रक्रिया अगाडि बढाउन लागिएको बताए।

उनले भने- 'मुलकका धेरै स्थानहरू अवलोकन गर्यौं तर राजधानीभन्दा बाहिर त्यति उपयुक्त स्थान भेटिएन, त्यसैले राजधानीको कमलादीमा १३.२ रोपनी जग्गामा २ सय करोड लगानीमा भवन बनाउने निर्णय गरिएको हो।' सरकारको तर्फबाट पनि उचित साथ पाएको बताउँदै उनले २३ वर्षका लागि जग्गा लिजमा लिइसकेको बताउँदै भने- 'स्काइवाकले देशको पर्यटन विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याउने हामीले अपेक्षा लिएका छौं।'

वन्डर्स नेपालका संस्थापकहरूमा आकर्षण पोखरेलसहित लोकनाथ अधिकारी, विष्णु काप्री, खेमराज न्यौपाने, गजेन्द्र थपलिया, तेजबहादुर सिंह, बिन्दावासिनी गैरे र लक्ष्मी पुरी रहेका छन्।

## दशनामी समाजलाई संघीय संरचनामा लैजाने

भक्तपुर, (नेस)। देश संघीय संरचनामा गएपछि नेपाल दशनामी समाज केन्द्रीय कमिटीले आफ्ना संरचनालाई संघीय ढाँचामा लैजाने भएको छ।

केन्द्रीय, अञ्चल र जिल्ला कमिटीको संरचनाको नेपाल दशनामी समाजले अब प्रदेश कमिटी गठन गर्ने भएको छ। समाजले यही भदौ ११ गते काठमाडौंमा प्रदेश नं ३, युवा र महिला भेला गरिने केन्द्रीय अध्यक्ष रञ्जनकुमार गिरीले जानकारी दिनुभयो। त्यसले नयाँ समिति बनाउनेछ।

त्यस्तो समिति सबै प्रदेशमा बनाइने समाजले जनाएको छ। सो भेलामा अपाङ्गता भएका व्यक्ति (दशनामी) लाई उच्च शिक्षा अध्ययन गर्न २५ हजारसहित सम्मान गरिनेछ। दशनामी समाजमा गिरी, पुरी, भारती, वन, सागर, सरस्वती, आरण्य, तीर्थ, पर्वत र आश्रम रहेका छन्।



२०७२ सालको भूकम्पले ध्वस्त पाटनको कृष्ण मन्दिर पुनर्निर्माणको अवलोकन गर्दै संस्कृत पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारी। *तस्वीर: उजोल डंगोल, काठमाडौं*

# संकल्प प्रस्ताव पारित

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा माहिलामाथि हुने सबै खालका हिंसाका विरुद्धमा सबै पक्षको ध्यानाकर्षण गराउने उद्देश्यका साथ संकल्प प्रस्ताव पारित भएको छ। नेपाल कम्युनिस्ट पार्टी (नेकपा) की सांसद बिन्दा पाण्डेले प्रस्तुत गर्नुभएको प्रस्तावलाई सभाले सर्वसम्मत रूपमा पारित गरेको हो।

बैठकमा महिलामाथि हुने सबै प्रकारको विभेद तथा महिलामाथि हुने हत्या, बलात्कार, बोक्सीको आरोपलगायत सबै किसिमको हिंसा अन्त्यका लागि समाजमा जनचेतना अभियान चलाइ सामाजिक न्याय र समानताका लागि विद्यालय तहका पाठ्यक्रममा नै समावेश गर्न सरकारलाई निर्देशन दिइयोस् भन्दै सो संकल्प प्रस्ताव प्रस्तुत भएको हो।

गत असार २१ गते नै संघीय संसद् सचिवालयमा विभिन्न राजनीतिक दलका २१ जना सांसदहरूको तर्फबाट उक्त संकल्प प्रस्ताव दर्ता गरिएको भए तापनि उक्त संकल्प प्रस्ताव शुक्रबार मात्रै कार्यसूचीमा चढेको हो।

संकल्प प्रस्तावमाथि सांसदहरू पुष्पा भुषाल, रेखा शर्मा, कृष्णभक्त पोखरेल, निरुदेवी पाल, मैनाकुमारी भण्डारी, पार्वती कुमारी विशुंखे, विनाकुमारी श्रेष्ठ, लक्ष्मीकुमारी चौधरी, नवराज रावत, आशाकुमारी विक, तुलसी थापा, विनाकुमारी श्रेष्ठ, शशी श्रेष्ठ, शान्तिमाया तामाङ पाखिन, नवीना लामा, अमृता थापा, पवित्रा निरौला खरेल, रेनुका गुरुङ, कलुदेवी विश्वकर्मा, बिमला विश्वकर्मा, दुर्गा पौडेल तथा कमला रोक्काले संयुक्त रूपमा दर्ता गराएका थिए। उक्त संकल्प प्रस्तावमा भनिएको छ- 'नेपालको संविधानबमोजिम नेपाल पक्ष राष्ट्र भएका महिलामाथि हुने सबै प्रकारका विभेद विरुद्धको महासन्धी (सेड) लगायत अन्तर्राष्ट्रिय अभिसन्धीले शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक एवं अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणलाई दण्डनीय भनेकाले महिलामाथि हुने जघन्य अपराध (हत्या, बलात्कार, बोक्सी आरोपमा उत्पीडन, छाउपडी, यौनजन्य हिंसा, घरेलु हिंसा, दाइजोको निउँमा हुने कुटपिटबाट पीडितलाई उपचार र क्षतिपूर्तिको व्यवस्था गर्नुका साथै त्रुटिपूर्ण सामाजिक मूल्य मान्यता, प्रथा परम्परा, अन्धविश्वास, शोषणविरुद्ध व्यापक जनचेतना अभियान चलाई सामाजिक न्याय र समानताका लागि विद्यालय तहका पाठ्यक्रममा नै समावेश गर्न सरकारलाई निर्देशन दिइयोस्'।

संघीय संसद भवन नयाँ बानेश्वरमा जारी प्रतिनिधिसभाको बैठकमा अहिले उक्त संकल्प प्रस्ताव माथिको छलफलमा भाग लिंदै विभिन्न राजनीतिक दलका सांसदहरूले आ-आफ्नो धारणा राख्ने क्रम शुरू भएको छ।

पछिल्लो समयमा मुलुकमा अवोध बालिकादेखि लिएर वृद्धासमेत बलात्कृत हुने घटना बढ्दै गइरहेकाले पनि सभामुखमार्फत् सदन तथा सरकारको गम्भीर ध्यानाकर्षण गराउने उद्देश्यका साथ सो संकल्प प्रस्तावलाई आजको बैठकमार्फत् पारित गर्न लागिएको हो।


सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)


**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३



## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : शारीरिक सुखको अनुभूति, गरेका काम सफल, स्वास्थ्य लाभ।
**वृष** : राजनीतिमा सफलता, पुरस्कृत-सम्मानित, सुखानुभूति।
**मिथुन** : स्वास्थ्य खराबी, धन क्षति, पढाइ-लेखाइमा बाधा-व्यवधान।
**कर्कट** : धनलाभ, व्यक्तित्व विकास, नेतृत्वमा सफलता, कार्य पूर्णता।
**सिंह** : पैसा प्राप्ति, परीक्षा, खेलकुद आदिमा जीत, सम्मान।
**कन्या** : आँटेका कार्य सफल, आर्थिक लाभ, बौद्धिक क्षमतामा वृद्धि।
**तुला** : पाचन समस्या, आलस्यता, के गरौं के नगरौंको अवस्था।
**वृश्चिक** : द्रव्यलाभ, मान वृद्धि, व्यापारिक सफलता, ज्ञान वृद्धि।
**धनु** : आर्थिक लाभ, सुख, मानसिक सन्तुष्टि, व्यवसायबाट लाभ।
**मकर** : धनलाभ, पुरस्कार-सम्मान प्राप्ति, कार्य सफल, शुभ यात्रा।
**कुम्भ** : आर्थिक अभाव, चोटपटकको भय, आफन्तबाट धोका, विवाद।
**मीन** : आर्थिक लाभ, मिष्ठान्न भोजन, साथीभाइबाट प्रसन्नता।



# प्रदेश-३



{ र्‍यालीमा सहभागीले 'म मौन छु तर कमजोर छैन', 'असल पुरुषले बलात्कार गर्दैनन्', हिंसाविरुद्ध एकजुट होऔं', 'म हिंसा गर्दिन म हिंसा सहन्न हिंसाको प्रतिकार गर्छु', 'अबको गन्तव्य यौनजन्य हिंसाको अन्त्य' लगायतका नारा लेखिएका प्लेकार्ड बोकेका थिए।

# प्रकाण्डलाई हिरासतमा राखी अनुसन्धान गर्न आदेश

## तीन दिन म्याद थप

शालिकराम चालिसे, नुवाकोट



नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा प्रकाण्डलाई हिरासतमा राखी अनुसन्धान गर्न जिल्ला अदालत नुवाकोटले नुवाकोट प्रहरीलाई ३ दिनको म्याद थप दिएको छ।

शुक्रबार मध्याह्न म्याद थपका लागि जिल्ला न्यायाधीवक्ताको कार्यालयमार्फत जिल्ला अदालतमा पेस गरिएका प्रकाण्डलाई थुनछेक बहसपछि जिल्ला न्यायाधीश ऋषिकेश वाग्लेले ३ दिन हिरासतमा राखी अनुसन्धान गर्न म्याद थप आदेश दिएका हुन्।

यसअघि प्रकाण्डको पक्षबाट बहस गर्दै कानुन व्यावसायी नारायण अधिकारीले फौजदारी मुलुकी कार्यविधि-२०७४ को भावनाविपरीत प्रकाण्डलाई पक्राउ गरी म्याद थप आदेश माग गरिएको र जाहेरीवालाको किटानी जाहेरीमा प्रकाण्डको नामसमेत उल्लेख नभएकाले म्याद थप आदेश माग निवेदन खारेज गरिनुपर्ने दलिल पेस गरेका थिए।

कानुन व्यवसायी अधिकारीले अज्ञात समूहले आगजनी गरेको तर त्यो समूहमा प्रकाण्डको कुनै संलग्नता नरहेको र कानुनविपरीत प्रहरीले प्रकाण्डलाई गिरफ्तारी गरेको बताए। कानुन व्यवसायी अधिकारीले प्रहरीले स्वतन्त्रताको अधिकार हरण गर्ने प्रहरी नियत देखिएको भन्दै प्रकाण्डलाई तत्काल हिरासतबाट मुक्त गर्नुपर्ने बताएका थिए।

नुवाकोट प्रहरीले गत साउन २५ गते बेलकोटगढी नगरपालिका वडा नम्बर ९ स्थित हल्चेखोला नजिक नागार्जुन कन्सट्रक्सनको स्काभेटरमा आगजनी गरेको भन्दै प्रकाण्डलाई नियन्त्रणमा लिई कारबाही प्रक्रिया अघि बढाएको जनाएको छ। निर्माण व्यवसायी रामबाबु जिसीको उजुरीको आधारमा नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द र प्रवक्ता प्रकाण्डसहित १५ जनाविरुद्ध कारबाही अघि बढे पनि हालसम्म प्रकाण्डबाहेक अन्य कोही पनि पक्राउ परेका छैनन्।

यसैबीच म्याद थप आदेशपछि अदालत परिसरबाट बाहिरिने क्रममा प्रकाण्डले आफूविरुद्ध लगाइएको आरोप सबै झुठो भएको र यो सबै सरकारको राजनीतिक प्रतिशोध साँध्ने गलत मनसाय भएको बताएका छन्। आफ्नो पार्टी जनताका जनजीविकासँग सम्बन्धित सवाल लिएर जनताकै बीचमा केन्द्रित भइरहँदा सरकार दमनमा उत्रिएको बताउँदै प्रकाण्डले न्यायालयको आदेश नमानेर सरकारले स्वतन्त्र न्यायपालिकाको मर्ममा समेत प्रहार गरेको आरोप लगाए।

त्यसक्रममा प्रकाण्डले आफू बिहीबार सर्वोच्चको बन्दीप्रत्यक्षीकरण आदेशपछि रिहा भए पनि सरकारले छापामार शैलीमा गिरफ्तार गरी नुवाकोट ल्याइपुर्‍याएको बताए। बिहीबार नियन्त्रणमा लिएपछि भोजपुर लाने भन्दै भक्तपुर पुर्‍याएर फेरि माथिको आदेश भन्दै कहिले महाराजगन्ज वृत्त, कहिले बालाजु वृत्त गर्दै बिहान ३ बजे नुवाकोट ल्याईएको प्रकाण्डले बताए। प्रकाण्डले प्रहरीले आफूलाई मानसिक टर्चर दिएको अदालतका न्यायाधीश ऋषिकेश वाग्लेसँग बताएका छन्। उनले भने- 'मलाई प्रहरीले अरू दुःख त दिएको छैन तर मानसिक तनाव भने धेरै दियो।'

## चितवनका स्थानीय तहले बुझाएनन् खर्च विवरण

चितवन, (नेस)

चितवन जिल्लाका ७ स्थानीय तहले आफ्नो खर्च विवरण अझैसम्म बुझाएका छैनन्। असार मसान्तभित्र खर्च विवरण कोष तथा लेखा नियन्त्रक कार्यालय चितवनमा बुझाउनुपर्ने भए पनि भदौ लागिसक्दासम्म बुझाएका छैनन्। कुन स्थानीय तहमा कति खर्च भयो र कति रकम फ्रिज भयो थाहा हुन नसकेको कार्यालयका सूचना अधिकारी कृष्णबहादुर अधिकारीले बताए।

जिल्लामा ७ स्थानीय तह छन्। 'रकम निकासा सबै भयो, तर खर्च भयो भएन थाहा भएन' -उनले भने। गाउँ-गाउँमा सिंहदरबारको अधिकार पुर्‍याउने उद्देश्यसाथ स्थानीय तहलाई अधिकारसम्पन्न बनाइए पनि जिम्मेवार हुन सकेका छैनन्। सरकारबाट वित्तीय हस्तान्तरणअन्तर्गत पाएको अनुदानको खर्च विवरणसमेत अहिलेसम्म स्थानीय तहले बुझाएका छैनन्। अर्कोतर्फ खर्च भएको रकममध्ये धेरैजसो स्थानीय तहको दैनिक प्रशासन चलाउनमा प्रयोग भएको पाइएको छ।

कोष तथा लेखा नियन्त्रण कार्यालय चितवनका सूचना अधिकारी कृष्णबहादुर अधिकारीले खर्च विवरण छिटो पठाउन ताकेता गर्दै बुधबार चितवनका सबै स्थानीय तहलाई पत्र पठाउने तयारी भइरहेको बताए। उनले भने- 'अघिल्लो वर्षको खर्च विवरण नबुझाएसम्म यस आर्थिक वर्षको ४ कस्तिामा दिइने अनुदानमध्ये पहिलो अनुदान दिन असजिलो हुन्छ।'

# कारागारमा स्वास्थ्य समस्या

## 'कैदीबन्दीबाट आर्थिक विकास सम्भव'

नेपाल समाचारपत्र

हेटौंडा

हुन त कारागारलाई सुधारगृहका रूपमा विकास गर्ने अवधारणा विकास भइरहेको छ। तर, यही बेला कारागार भने रोगी उत्पादन गर्ने केन्द्रझैं बन्दै गएको आरोप लागेको छ।

नेपालका कारागारमा रहेका कैदीबन्दीमध्ये ८० प्रतिशतभन्दा बढीमा कुनै न कुनैरूपमा स्वास्थ्य समस्या रहेको पाइएको हो। कारागारको जीर्ण भौतिक संरचना, क्षमताभन्दा कैयौं गुणा बढी कैदीबन्दीको चाप, स्वास्थ्य खाद्यान्न तथा पानी आपूर्ति अभाव, नियमित र स्तरीय स्वास्थ्य जाँच अभाव, खेलकुद तथा मनोरञ्जन अभावजस्ता समस्याका कारण विभिन्न रोगको समस्या बढ्दै गएको बताइएको छ।

हाल कारागारमा सामान्यतः दोब्बर तर कहीं त क्षमताभन्दा ६ गुणासम्म बन्दी राख्नुपर्दा कैदीबन्दीमा विभिन्न रोगको समस्या देखिन थाले को सरोकारवालाको ठहर छ।

यही अवस्थालाई विचार गरेर प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेलले विभिन्न मुद्दामा कैदजीवन बिताइरहेका कैदीबन्दीलाई उनीहरूको अधिकार दिएर उत्पादनमूलक काममा लगाउनुपर्ने बताउनुभएको छ।

हेटौंडामा भएको कैदीबन्दीसम्बन्धि परियोजना हस्तान्तरण कार्यक्रममा पौडेलले कैदजीवन बिताइरहेकालाई विभिन्न तालिम दिएर उत्पादनमूलक काममा लगाउनुपर्ने बताउनुभएको हो। घरेलु उत्पादनजस्ता कार्यमा संलग्न भए उनीहरूमा सीप पनि विकास हुने उहाँले बताउनुभयो र भन्नुभयो- 'हजारौंको संख्यामा रहेका कैदीबन्दीबाट आर्थिक विकास हुनसक्छ।'

नारी सीप सिर्जना केन्द्र मकवानपुरको आयोजनामा भएको कैदीबन्दीको मानवअधिकार संरक्षण परियोजना हस्तान्तरण कार्यक्रममा उहाँले आफू धेरै पटक विभिन्न जेल परेकाले त्यहाँको समस्याबारे जानकार रहेको बताउनुभयो। त्यसकै अनुभवका आधारमा अब आफू जेलको अवस्था सुधार गर्नतर्फ लाग्ने उहाँले बताउनुभयो।

# भूकम्पपीडितको घरको नक्सापास सहज

नेपाल समाचारपत्र

हेटौंडा

हेटौंडा उपमहानगरका भूकम्पपीडितका ३ वर्ष अघिदेखिको समस्या समाधान हुने भएको छ। उपमहानगरपालिका कार्यपालिका बैठकले भूकम्पपीडितका धेरै समस्या भएको भन्दै उनीहरूको समस्या समाधान गर्ने गरी निर्णय गरेको हो।

भूकम्पपीडित लाभग्राहीको हकमा घर नबनेको भए जुनसुकै मापदण्ड नपुगेको भए पनि १ पटकका लागि जुन स्थानमा घर बनेको हो, सोही स्थानमा घर बनाउन नक्सापास गरिदिने निर्णय गरिएको उपमहानगर मेयर हरिबहादुर महतले बताउनुभयो।

भूकम्पपीडितको घर बनिसकेको भए लाभग्राहीको घरको बनोट र संरचना जेजस्तो अवस्थामा छ, सोही नक्सा पेस गर्न लगाएर छानबिन गरी नक्सापास गर्ने निर्णय गरिएको उहाँले बताउनुभयो। पीडितका लागि उचित अनुदान सिफारिससमेत गर्ने निर्णय भएको छ।

निर्णयपछि उपमहानगरका धेरै पीडितले राहत महसुस गर्नेछन्। उपमहानगरको घर निर्माण र नक्सापासको आफ्नै मापदण्ड र सडक सीमानाको आफ्नै मापदण्डका कारण पीडितले समस्या भोग्दै आएका थिए।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसम्बन्धी जिल्ला सहजीकरण समिति मकवानपुरको निर्णयलाई टेकेर यस्तो निर्णय गरिएको हो। हेटौंडाका भूकम्पपीडितले यहाँको आफ्नै मापदण्डका कारण समस्या भोग्दै आएकाले यस्तो निर्णयपछि सहज भएको जिल्ला समन्वय समिति मकवानपुर प्रमुख रघुनाथ खुलालले बताउनुभयो।

समिति तथा जिल्ला आयोजना कार्यान्वयन एकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार हेटौंडाको साउन ३० को निर्णयअनुसार निर्देशन/सुझाव प्राप्त भएर यसमा छलफलपछि निर्णय गरिएको हो।

## दोलखाका बैंकमा १२ थान जाली नोट भेटियो

दोलखा, (नेस)

दोलखा सदरमुकाम चरिकोटको विभिन्न बैंकबाट १ हजारका १२ थान जाली (नक्कली) नोट फेला परेको जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ।

माथिल्लो तामाकोसी आयोजनाले दोलखावासीका लागि खुला गरेको सेयर संकलनका क्रममा भदौ ५ गते सदरमुकाम चरिकोटमा रहेका विभिन्न बैंकबाट १ हजार दरका १२ थान जाली नोट फेला पारिएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायब उपरीक्षक वासुदेव पाठकले बताए। बैंकमा जाली नोट कसरी आयो भन्नेबारेमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

बजारमा जाली नोट भेटिएकाले स्थानीय नागरिक, सेयर सदस्य, बैंक तथा वित्तीय संस्था र स्थानीय व्यवसायी सचेत र सजग रहनुपर्ने प्रहरी नायब उपरीक्षक पाठकले बताए।

## निकुञ्ज घुम्ने पर्यटकको संख्या बढ्यो

चितवन, (नेस)

चितवन राष्ट्रिय निकुञ्जमा गत वर्षको तुलनामा यस वर्ष पर्यटकको संख्यामा वृद्धि भएको छ। चितवन राष्ट्रिय निकुञ्जले उपलब्ध गराएको तथ्यांकअनुसार २०७४ साउनदेखि २०७५ असारसम्म राष्ट्रिय निकुञ्जमा १ लाख ५२ हजार ६ सय ७१ जना पर्यटकले भ्रमण गरेका छन्।

गत वर्ष यो संख्या १ लाख ३९ हजार ९ सय ७८ रहेको थियो। यस वर्ष भ्रमण गरेका पर्यटकमा ७० हजार ८ सय ८१ महिला र ८१ हजार ७ सय ९० पुरुष रहेका छन्। त्यसैगरी विदेशी १८ हजार ९ सय २५ जना, सार्क देशका १९ हजार ६ सय १६ र नेपाली ३४ हजार ५० रहेका छन्।

चितवन राष्ट्रिय निकुञ्जको तथ्यांकअनुसार सबैभन्दा धेरै पर्यटक सौराहाबाट निकुञ्जमा प्रस्थान गरेका छन् भने सबैभन्दा कम पर्यटक अमलटारी र कुवौलीबाट प्रस्थान गरेका छन्। चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी नुरेन्द्र अधिकारीले भूकम्प र नाकाबन्दीको समयमा घटेको पर्यटकको संख्या यस वर्ष ह्वात्तै बढेको बताए।

# राम्रो काम गरे पुरस्कृत, नराम्रो गरे दण्डित

नेपाल समाचारपत्र

हेटौंडा

प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेलले राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत र नराम्रो काम गर्ने कर्मचारीलाई दण्डित गरिने बताउनुभएको छ। प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय निरीक्षणका क्रममा उहाँले भ्रष्टाचारमुक्त समाज निर्माणका लागि सबै पक्ष लाग्नुपर्ने बताउनुभयो।

मन्त्रालयको थोरै रकम खर्च गरेर धेरै काम गर्ने वातावरण तयार पारिनुपर्ने उहाँको भनाइ छ। परिवर्तनमुखी काम गर्न उहाँले मन्त्री, सचिव र कर्मचारीलाई निर्देशन दिनुभयो। प्रदेशलाई नमुनालायक बनाउने गरी काम गरिनुपर्नेमा उहाँले जोड दिनुभयो।

सबै प्रदेशले प्रदेश-३ ले गरेको काम नियालिरहेकाले नमुनालायक काम गरेर देखाउनुपर्ने उहाँले बताउनुभयो। मेहेनतले काममात्र गरेर नहुने भएकाले अब परिणाम निस्कने गरी काम गर्नुपर्ने बेला आएको बताउँदै उहाँले भन्नुभयो- 'हालसम्म मन्त्रालयले गरेका काम राम्रा छन्। अब पनि काम गर्दा विगतको परम्परालाई तोडेर काम गर्ने गरौं।' समृद्ध नेपाल र समृद्ध नेपाली बनाउने गरी काम गर्न उहाँले निर्देशन दिनुभयो। देश बनाउने कुरा व्यक्तिविशेषले भन्दा पनि सबैले गर्नुपर्ने उहाँको भनाइ छ।

प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री दावा दोर्जेलामाले परिवर्तनलाई आत्मसात् गरेर काम गर्ने बेला आएको बताउनुभयो। कर्मचारीले काम गर्दा मन्त्रालयको हितमा गरिनुपर्ने उहाँले बताउनुभयो।

हाल आएको बजेटलाई पारदर्शी ढंगले कार्यान्वयन गर्ने प्रतिबद्धता उहाँले मुख्यमन्त्रीसमक्ष राख्नुभयो। हाल केही समस्या कानुनमा रहेकाले कानुन निर्माण गरेर काम गर्न लागिएको उहाँले स्पष्ट पार्नुभयो।

कार्यक्रममा प्रमुख सचिव आनन्दराज ढकालले सिंहदरबारको अधिकार आयो भनेर नागरिकलाई अनुभूति दिलाउनुपर्ने बताउनुभयो। सेवाग्राहीका काम द्रुतगतिमा गर्न उहाँले कर्मचारीलाई निर्देशन दिनुभयो। मन्त्रालयको भवन सुन्दर भएसँगै काम पनि राम्रो गरिनुपर्ने उहाँको विचार छ। कार्यक्रममा मुख्यमन्त्री कार्यालय सचिव इन्दिरा दाहालले कानुन अभावले काम गर्न समस्या भएकाले यसमा लाग्न उनले आग्रह गर्नुभयो।

कार्यक्रममा प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सचिव विजयचन्द्र झाले मन्त्रालय स्थापनापछि हालसम्मका कामको प्रस्तुतीकरण गर्नुभएको थियो।

# नगरपालिकाको एकलौटी निर्णयले डिभाइडर

नेपाल समाचारपत्र

हेटौंडा



पार्किङको विषयमा हेटौंडा उपमहानगरपालिकाले एकलौटी निर्णय गरेको भन्दै गरिएका आलोचना सेलाउन सकेको छैन। उक्त विषय सेलाउन नपाउँदै यता डिभाइडर पनि एकलौटी निर्माण गरिएको आरोप लागेको छ।

हेटौंडा कान्तिलोपथस्थित सानोपोखरादेखि कान्तिराजपथको एनआईसी बैंकसम्म हेटौंडा उपमहानगरले सडकबीचमा बिनाजानकारी र सल्लाह डिभाइडर बनाउने कार्य गर्दैछ। सडक डिभिजन कार्यालयले कान्तिलोकपथ सडक योजनालाई कान्तिलोकपथको जिम्मा दिएको छ। तर, योजनाको सहमति र उसलाई जानकारीबिना नगरपालिकाले डिभाइडर निर्माण गरिरहेको छ।

सडक पिच १८ मिटर र फुटपाथ २ मिटरसहित सडकको चौडाइ २० मिटर छ। उक्त सडकमा नगरपालिकाले डिभाइडर राख्ने काम धमाधम गरिरहेको छ। नगरपालिकाले एकलौटी निर्णय गरेर डिभाइडर राखेको कान्तिलोकपथ सडक योजनाका इन्जिनियरले बताए। 'यतिको फराकिलो बाटोमा डिभाइडर आवश्यकता पर्दैन' -योजनाका इन्जिनियर रमेश पाण्डेले भन्नुभयो। उहाँका अनुसार मेयर हरिबहादुर महतले पहिला यस विषयमा कुरा राखेका थिए।

तर, त्यहाँ डिभाइडर राखिने कुनै जानकारी भने दिएका थिएनन्। पाण्डेले भन्नुभयो- 'उहाँले डिभाइडरको कुरा राख्दा मैले नयाँ पिच र फराकिलो सडक भएका कारण उक्त सडकमा डिभाइडर राख्न नमिल्ने कुरा गरेको थिएँ।' नगरपालिकाले उक्त सडकमा सहमति र छलफलबिना अधिकार जमाउन नपाउने पाण्डेले दाबी गर्नुभयो।

नगरपालिकाका इन्जिनियर कृष्णबहादुर अधिकारीले भने योजना र मेयरसँग छलफल भएर नै आफूहरूले कार्य शुरू गरेको प्रतिक्रिया दिनुभएको छ। सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले डिभाइडर निर्माण गरिएको अधिकारीले बताउनुभयो। योजनाका इन्जिनियर पाण्डेले जहाँ बढी दुर्घटनाको जोखिम छ, त्यहाँमात्र डिभाइडर निर्माण गरिनुपर्ने बताउनुभयो। नगरपालिकाले बजारलाई प्राथमिकतामा राखी बिरुवा रोप्ने र डिभाइडर राख्ने काम गरिरहेको छ।

## ६ सय १२ जनाको आँखा परीक्षण

रसुवा, (नेस)

रसुवाको नौकुण्ड गाउँपालिका-६ सर्स्युमा हिमालय फाउन्डेसनले सञ्चालन गरेको १ दिने निशुल्क आँखा शिविरमा ६ सय १२ जनाको आँखा परीक्षण गरिएको छ।

आयोजकका अनुसार आँखा परीक्षण गरिएकामध्ये २ सय २५ जनालाई चस्मा र ५ सय ५० जनालाई औषधि वितरण गरिएको छ। मोतियाविन्दुको समस्या भएका ८ जनालाई शल्यक्रियाका लागि त्रिवि शिक्षण अस्पताल रिफर गरिएको छ। बिरामी तथा कुरुवालाई निःशुल्करूपमा खाना तथा बासको व्यवस्था मिलाइएको वडाध्यक्ष धर्मबहादुर थोक्राले बताए। गाउँपालिकाको सम्पूर्ण वडामा शिविर सञ्चालन गर्ने योजना रहेको भए पनि वर्षाको कारण ग्रामीण सडकमा क्षति पुगेको कारण सर्स्युमा सञ्चालन गरिएको बताइएको छ।

# बलात्कारको विरुद्धमा चितवनका महिला




नेपाल समाचारपत्र

चितवन

यौनजन्य हिंसाविरुद्धको अभियानअन्तर्गत चितवनका महिला अधिकारकर्मी एकजुट भई विरोध प्रदर्शन गरेका छन्। २ दर्जन बढी संघसस्थाको सहकार्यमा भरतपुरमा मौनरूपमा विरोध प्रदर्शन गर्नुका साथै स्थानीय तह र जिल्ला प्रशासन कार्यालयमा हस्ताक्षर बुझाएका छन्। भरतपुर महानगरपालिका कार्यालयअगाडिबाट शुरू भएको र्‍याली वीरेन्द्र क्याम्पसचोक, चौबीसकोठी, मालपोतचोक हुँदै जिल्ला प्रशासन कार्यालयमा पुगी समापन भएको थियो।

महिला अधिकारकर्मीको टोलीले हिंसाविरुद्ध संकलन गरिएको हस्ताक्षर प्रमुख जिल्ला अधिकारीसमक्ष बुझाएका थिए। र्‍यालीमा सहभागीले 'म मौन छु तर कमजोर छैन', 'असल पुरुषले बलात्कार गर्दैनन्', हिंसाविरुद्ध एकजुट होऔं', 'म हिंसा गर्दिन म हिंसा सहन्न हिंसाको प्रतिकार गर्छु', 'अबको गन्तव्य यौनजन्य हिंसाको अन्त्य' लगायतका नारा लेखिएका प्लेकार्ड बोकेका थिए।

सो अवसरमा महिलाका साथमा विभिन्न संघसस्थामा आबद्ध पुरुष, विद्यार्थी र सर्वसाधारण सहभागी थिए। अभियानकी संयोजक मिना खरेलले पछिल्लो समयमा यौनजन्य हिंसा बढेकाले सचेतना र दबाबका लागि कार्यक्रम आयोजना गरिएको जानकारी दिइन्।

त्यसैगरी र्‍यालीमा सहभागी महिला तथा विद्यार्थीले पनि पछिल्लो समय बलात्कारका घटना बढेकाले अब सबैक्षेत्रबाट चेतना फैलाउने र दोषीलाई कारबाही गर्न दबाब दिनुपर्नेमा जोड दिएका थिए।

‘गाग्रीमा पानी ल्याउँदा पानी धमिलो देखिन्छ, यो खाए रोग लाग्छ भन्ने पनि थाहा छ, विकल्प नै नभएपछि के गर्ने?’ नदीबाट पानी ल्याएर केही घन्टा राख्ने र बाक्लो हिलो तल बसेपछि प्रयोग गर्ने गरेको उहाँको भनाइ छ।




## बम विस्फोट गराउने खड्का पक्राउ

बुटवल, (नेस)

भारतीय पेन्सन क्याम्पमा बम विस्फोट गराउनेलाई प्रहरीले पक्राउ गरेको छ।

गत साउन २८ गते रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं. २ फुलबारीस्थित भारतीय पेन्सन क्याम्पमा प्रेसर कुकर बम राखी विस्फोट गराएको अभियोगमा इलाका प्रहरी कार्यालय बुटवलले सल्यान साविक ढाकाथाम गाविस वडा नं. ३ हाल दार्मा गापा वडा न.५ का असल भन्ने चन्द्रबहादुर खड्कालाई पक्राउ गरेको जनाएको छ।

प्रहरीले खड्कालाई जिल्ला काठमाडौं चन्द्रागिरि नगरपालिका वडा नं. २ नागढुंगाबाट पक्राउ गरेको इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक डिलबहादुर मल्लले बताउनुभयो।

खड्काको साथबाट भारतीय पेन्सन क्याम्पमा बम विस्फोट भएको फोटो एनसेल र एनटीसीका गरी ११ थान सिम र २ वटा मोबाइल सेट बरामद गरेको छ।

## ३ हजार बढी परिवार अँध्यारोमा बस्न बाध्य

दयाराम पण्डित, बाजुरा

बाजुराको जगन्नाथ गाउँपालिकास्थित जुड्डीखोला लघु जलविद्युत् आयोजनाको नहर भत्किएपछि दुईवटा स्थानीय तहका बासिन्दा विगत ९ दिनदेखि अध्यरोमा बस्न बाध्य भएका छन्। अघिल्लो साताको अविरल वर्षाले २०० किलोवाट क्षमताको उक्त आयोजनाको ६० मिटर नहर भत्किएपछि अहिले जगन्नाथ र स्वामीकार्तिक गाउँपालिका गरी ३ हजार बढी उपभोक्ता अँध्यारोमा बस्न बाध्य भएका हुन्।

डेढ सातायता विद्युत् अवरुद्ध भएपछि उज्यालोका साथै दैनिक कामकाजसमेत प्रभावित भएको स्वामीकार्तिक-४ का स्थानीय मैना जोशीले बताउनुभएको छ। विद्युत् अवरुद्ध भएपछि कुटानी पिसानी गर्नसमेत समस्या भइरहेको उहाँले बताउनुभयो। विद्युत् सेवा अवरुद्ध भएपछि दुईवटा स्थानीय तहको दैनिक कामकाजसमेत प्रभावित भएको अधिकारीले जनाएका छन्।

जुड्डीखोला लघु जलविद्युत् आयोजनाका प्रबन्धक प्रेम रोकायाले विगत ९ दिनदेखि उक्त नहर मर्मतको काम भएको र करिब १५ गतेसम्म समय लाग्न सक्ने बताउनुभएको छ। १५ गते काम सकिएको खण्डमा २० गते सम्मबाट बत्ती सुचारु हुने रोकायाले बताउनुभयो। यता कोल्टीस्थित बड्डीगाड खोला लघु जलविद्युत् आयोजनाको नहरसमेत भत्किदा एक सातायता कोल्टी बजार क्षेत्र अध्यरो बनेको छ। नहर भत्केपछि अहिले कोल्टी क्षेत्रका १३ सय बढी उपभोक्ता मारमा परेका छन्। लामो समयदेखि विद्युत् सेवा नियमित नभएपछि कोल्टी क्षेत्रका उपभोक्ताले आक्रोससमेत व्यक्त गरेका छन्।

माटो परीक्षण नगरी जथाभावी नहर तथा बाटो खन्दा सडकखण्ड र विद्युत् नहर निर्माण गरेका अधिकांश ठाउँमा पहिरो गएको छ। पहिरोका कारण त्रिवेणी नगरपालिकाको द्वारीमा पहिरो जाँदा वडिमालिका नगरपालिका मनाका ३ सय बढी परिवार आवागमन गर्न अफ्ठेरो भएको वडाध्यक्ष बलबहादुर थापाले बताउनुभयो।।सदरमुकाम मार्तडी जोड्ने साँफे मार्तडी सडकखण्डका दर्जनौं सडकखण्डमा पहिरो जाँदा १ महिनादेखि साँफे मार्तडी सडक अवरुद्ध छ। पहिरोका कारण सयौं परिवार घरबाट विस्थापित भएका छन्।

## खबरदारीका लागि स्थानीय सरोकार समिति

बुटवल, (नेस)

स्थानीय तहका वडास्तरमा हुने विकास निर्माण, नीति निर्माण, योजना तर्जुमालगायतका गतिविधिमा चासो राख्ने र खबरदारी गर्ने उद्देश्यले बुटवल-२ मा स्थानीय सरोकार समिति गठन गरिएको छ।

ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक एवं पर्यटकीय महत्त्वका स्थलले भरिपूर्ण रहेको बुटवलको वडा नम्बर २ (साविक ४) मा सम्पन्न स्थानीय जनसमुदायको भेलाले टीकाराम शर्माको अध्यक्षतामा वडा विकास सरोकार समितिको गठन गरेको हो। समितिले बुटवल उपमहानगरपालिका वडा नम्बर २ अन्तर्गत भइरहेका सरकारी तथा गैरसरकारी निकायका विकास निर्माण र सामाजिक क्रियाकलापका बारेमा जनस्तरबाट निगरानी गर्ने, अध्ययन र अनुगमन गर्ने, वडामा भएका गतिविधिका बारेमा आम सर्वसाधारणलाई सचेत गराउनेलगायतका उद्देश्य रहेको बताइएको छ।

अध्यक्ष शर्माका अनुसार वडास्तरमा जनप्रतिनिधिको संलग्नतामा भएका विकास निर्माण, जनताका लागि सेवा प्रवाह र सूचनाको हकको प्रत्याभूति, आम जनतालाई वडा कार्यालयबाट हुने सेवाको प्रभावकारिता, पदीय दायित्व र जिम्मेवारीमा रहेकाको भूमिका, सरकारी तथा गैरसरकारी निकायबाट सेवाग्राहीले पाउनुपर्ने हक, अधिकार र जनहितका सवालमा समितिले काम गर्नेछ।

समितिले आवाज दबाइएका र दबिएकाहरूको आवाजलाई बुलन्द ढंगले उठाउनेको एकताबद्ध संगठनका रुपमा कार्य गरिने बताएको छ। समितिको उपाध्यक्षमा जुद्धबहादुर केसी, सचिवमा प्रमिला मरासिनी, सहसचिवमा विष्णुमान प्रधान र सदस्यमा विष्णुमाया थापा, टोपली सारु, नुदराज पन्थी, अर्चना घिमिरे, अम्बरबहादुर लम्तरी, फर्सबहादुर विक, जंगबहादुर थापा, सोवित पौडेल, जया पौडेल, ध्रुवकुमार शाह, वीरेन्द्र अमात्य र माया गुरुङ रहेका छन्।

## कारागारबाट फरार कैदी १३ वर्षपछि पक्राउ

खोटाङ, (नेस)

१० वर्षे माओवादी जनयुद्धको समयमा कारागारबाट फरार रहेका खोटाङ खार्मीका एक कैदी १३ वर्षपछि पक्राउ परेका छन्। माओवादी सशस्त्र जनयुद्धको समयमा २०६२ साल असार ५ गते कारागारबाट भागेका दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११ खार्मीका ३६ वर्षीय वीरबहादुर तामाङ १३ वर्षपछि बिहीबार घरैबाट पक्राउ परेका हुन्।

पक्राउ परेका तामाङलाई बिहीबारै जिल्ला अदालतमा हाजिर गराएर कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायब उपरीक्षक राजकुमार केसीले जानकारी दिनुभयो।

२०६० साल असोज १५ गते स्थानीय २१ वर्षीय नवराज दाहालको हत्या गरेको अभियोगमा तामाङसहित ३ जना पक्राउ परी पूर्पक्षका लागि कारागारमा रहेका थिए। उनीहरूविरुद्ध जिल्ला अदालत खोटाङले २०६३ साल चैत ६ गतेको फैसलाले तीनै जनालाई २०/२० वर्ष कैद सजाय सुनाएको थियो।

दाहालको हत्यालगत्तै पक्राउ परेका उनीहरूले २ वर्ष ९ महिना १० दिन कैद भुक्तानी गरिसकेका थिए। उनीहरूले दाहाललगायतका केही व्यक्ति आफ्नै घरमा आएर आक्रमण गरेपछि नियन्त्रणमा लिएर कुटपिट गर्दा दाहालको मृत्यु भएको थियो।

हत्यामा संलग्नमध्ये कटकबहहादुर तामाङ भने यसअघि नै पक्राउ परेर कैद भुक्तान गरिरहेका छन्। डीएसपी केसीका अनुसार घटनामा संलग्न अझै १ जना फरार रहेकाले उनको खोजी भइरहेको छ।

## मुटुको दुर्लभ उपचार

विराटनगर, (नेस)। विराटनगरको नोबेल शिक्षण अस्पतालले मुटु रोगको दुर्लभ मानिने उपचार सफलतापूर्वक गरेको छ। मुटुको अत्यधिक चाल बढेर उपचारका लागि नोबेल पुगेका मोरङ मधुमल्लाका पिआर आचार्यको छातीमा आईसीडी राखेर मुटुको चाल सामान्य बनाइएको हो।

बेलाबेला मुटुको चाल अत्यधिक बढेर बिरामीको ज्यानै जानसक्ने खतरा भएपछि मुटुको चाल नियन्त्रण गर्न विशेष प्रकारको डिभाइस (आईसीडी) राख्ने गरिन्छ। जुन नेपालका बिरलै मात्र अस्पतालमा राखिने गरिएको चिकित्सकहरूको भनाइ छ। मुटुको अत्यधिक चाल बढेपछि आचार्य उपचारका लागि नोबेल अस्पताल गएका थिए। आचार्यको छातीमा आईसीडी राखेर विशेष तारको माध्यमबाट मुटुमा जोडी मुटुको अत्यधिक चाल कम गरिएको नोबेल अस्पतालका डा. सहदेव ढुंगानाले बताए। नोबेल अस्पतालमा पहिलोपटक आईसीडी राखिएको हो।

नेपालका १/२ वटा अस्पतालमा मात्र यो उपचार हुने गरेको छ। मुटुको चाल बढ्ने संकेत पाउनेबित्तिकै उक्त डिभाइसले तत्काल काम गरेर मुटुलाई सामान्य चालमा फर्काउने गर्दछ। जसका कारण बिरामीलाई मुटुको चाल बढ्ने समस्या हुन नपाउने र सोही कारणबाट मृत्यु नहुने चिकित्सक बताउँछन्।

## भेरीको धमिलो पानी पिउँछन् नाम्राबासी

सरिता चलाउने, सल्यान

लामो समयदेखि भेरी नदीको पानी पिउँदै आएका सल्यान वनगाड कुपिन्डे नगरपालिका-१ नाम्रा गाउँमा बसोबास गर्ने स्थानीय वर्षात्ले धमिलो भएपछि चिन्तित हुन थालेका छन्। नजिकै पानीको स्रोत नभएपछि देवस्थल, घाटगाँउ, बरेली, पुलबजार, नाम्राका स्थानीयबासी भेरी नदीको पानी खान बाध्य भएका छन्।

वर्षौंदेखि खानेपानीको स्रोतका रुपमा नदीलाई प्रयोग गर्दै आइरहेका यहाँका २ सय ५० घरधुरीका १ हजार २ सयको संख्यामा रहेका स्थानीय भेरी नदीको पानी खान बाध्य भएको स्थानीय गोपीलाल आर्चायले बताउनुभयो। उहाँले भन्नुभयो- ‘गाग्रीमा पानी ल्याउँदा पानी धमिलो देखिन्छ, यो खाए रोग लाग्छ भन्ने पनि थाहा छ, विकल्प नै नभएपछि के गर्ने?’ नदीबाट पानी ल्याएर केही घन्टा राख्ने र बाक्लो हिलो तल बसेपछि प्रयोग गर्ने गरेको उहाँको भनाइ छ।

पन्चायतकालमा गाउँसम्मका लागि खानेपानी योजना सञ्चालनमा आए पनि मुहानमा पानी सुक्नुका साथै पाइप बिग्रिएर गाउँमा पानी आउन बन्द भएपछि स्थानीय भेरी नदीको पानी खान बाध्य भएको घाटगाउँका वीरबल पोखेलले बताउनुभयो। उहाँले भन्नुभयो- ‘खानेपानी धारामा आउन छाडेदेखि भेरी नदीबाट पानी ल्याएर प्रयोग गर्ने गरेका छौं। नदीबाट पानी ल्याएर केही घन्टा राख्ने र बाक्लो हिलो तल बसेपछि प्रयोग गर्ने गरेको छौं।’

खानेपानीको अभावमा नजिकै रहेको भेरी नदीबाट पानी ल्याउने गरेको स्थानीयको भनाइ छ। भेरीको दुषित पानी खानाले विभिन्न रोगको शिकार भएका छन्। फोहोर पानी पिउँदा रुघाखोकी, झाडापखाला र शरीर चिलाउनेलगायतका रोगले समेत सताउने गरेको स्थानीयको भनाइ छ।

हिउँदयाम र गर्मीयाममा पानी सफाजस्तो देखिए पनि वर्षाको समयमा माटो, हिलाम्मे तथा धमिलो पानी पिउने खानुपर्दा चिन्ता लाग्ने गरेको स्थानीय ईन्द्र बुढाथोकीले जानकारी दिनुभयो।

भेरी नदीसँगै जोडिएका नाम्रा र घाटगाउँका बालबालिका पानी लिन नजिकै रहेको भेरी नदीमा जाँदा बग्नेसमेत गरेका छन्। वर्षेनी १/२ जनाको भेरी नदीले ज्यान लिने गरेको विरमी विकले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- ‘खाने पानी लिन जाँदा गाउँदेखि भेरी तल परेकाले बाटो अफ्ठेरोका साथै जोखिम मोलेर हिँड्नुपर्ने बाध्यता छ।’

‘नाम्राका लागि ५ किमी, बामेका लागि ६ किमी, पोखरा र घाटगाउँका लागि ३ किमीको दुरीमा रहेको माल्पेमा पानीको मुहान रहेको छ। यसअघि घाँजरीपीपल सुनौली बजारमा रहेको मुहानबाट पानी सल्लीबजार, देवस्थलसम्म ल्याइएको छ’ -नाम्राका स्थानीय गोपिलाल शर्माको भनाइ छ।

## सुर्नयामा ‘अध्यक्षसँग विद्यार्थी’ कार्यक्रम

बैतडी, (नेस)

सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि बैतडीको सुर्नया गाउँपालिकाले चालू शैक्षिक सत्रमा ‘अध्यक्षसँग विद्यार्थी’ कार्यक्रम सञ्चालन गर्ने भएको छ।

गाउँपालिकाभित्र रहेका प्रत्येक सामुदायिक विद्यालयमा १ दिन आफू पुग्ने र विद्यार्थीसँग अन्तरक्रिया कार्यक्रम राख्ने गाउँपालिकाका अध्यक्ष वीरबहादुर विष्टले जानकारी दिए। ‘विद्यालयका अभिभावकसँग पनि शैक्षिक गुणस्तर सुधारका लागि छलफल गरिनेछ’, उनले भने- ‘सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई नैतिकवान, सामाजिक र दक्ष जनशक्ति बनाउनका लागि आधारभूत तहबाटै प्रयास गर्नुपर्ने भएकाले यो कार्यक्रम सञ्चालनमा ल्याउने तयारी भएको हो।’

अभिभावकले बोर्डिङ विद्यालय पठाउँदा बालबालिकाको बढी हेरचाह गर्ने देखिएकाले अब सामुदायिक विद्यालयमा पनि बालबालिकाका लागि दिवा खाजाको व्यवस्था गरिने बताइएको छ। सामुदायिक विद्यालयमा देखिएका शिक्षाका समस्यालाई सम्बोधन गर्ने उद्देश्यले सुर्नया गाउँपालिकाले यसअघि नै शिक्षा कार्यविधि २०७५ पारित गरिसकेको छ।

## दुई सय भूकम्पपीडित परिवारलाई नयाँ घर

नेपाल समाचारपत्र

लमजुङ

लमजुङमा भूकम्प गएको ३ वर्षपछि २ सय पीडित परिवारले नयाँ घर पाएका छन्। जिल्लाको पूर्वीक्षेत्रमा घरबारविहीन भएका भूकम्प पीडितलाई गैरसरकारी संस्थाहरूको सहयोगमा ती नयाँ घर निर्माण गरी हस्तान्तरण गरिएको छ।

भूकम्पको केन्द्रविन्दु रहेको गोर्खा जिल्लाको सीमाक्षेत्रमा रहेका दूधपोखरी गाउँपालिकाको दूधपोखरी, विचौर र कोल्कीमा ती घर निर्माण गरिएको हो। जिल्लामा रहेका गैरसकारी संस्था जनचेतना अभिवृद्धि र विकास अध्ययन समिति (कोपाडेस) द्वारा कोल्कीमा ७१, दूधपोखरीमा ७७ र विचौरमा ५२ गरी २ सय घर निर्माण गरेको कोपाडेसका अध्यक्ष डिकेन्द्रराज कँडेलले बताउनुभयो। उहाँका अनुसार नेपाल भूकम्प पुनर्लाभ परियोजना लुथरन वर्ल्ड रिलिफ र ईएलसीए अमेरिकाको सहयोगमा घर निर्माण गरी सम्बन्धित परिवारलाई हस्तान्तरण गरिएको हो। गाउँमा २ सयवटा २ कोठे भूकम्प प्रतिरोधात्मक घर निर्माण गरीएको कँडेलले जानकारी दिनुभयो।

नयाँ घर पाएपछि दूधपोखरी गाउँपालिका वडा नं. ४ विचौरकी ८८ वर्षीया भद्रीमाया न्यौपाने निकै खुसी भएकी छिन्। ‘घर नबन्दा निकै समस्या झेल्नुपरेको थियो’, उनले भनिन्- ‘कहिले मकैबारी त कहिले छाप्रोमा बसेर दिन कटायौं।’ उनले आपत्मा पर्दा सहयोग गर्ने हातहरूप्रति खुसी प्रकट गरिन्। ६८ वर्षकी विचौरकी मैतमाया विक पनि नयाँ घर पाएपछि औधी खुसी भएकी छिन्। भूकम्पले घर भत्काएपछि कष्टकर जीवन बिताइरहेकी उनलाई अहिलेको वर्षायामसँगै नयाँ घरमा बस्न पाउँदा आनन्द लागेको छ।

त्यस्तै २ वटा बर्खा टहरामै बिताएकी कोल्कीकी ७३ वर्षीया भीमकुमारी गुरुङ पनि नयाँ घरमा बस्न पाउँदा निकै खुसी भएकी छिन्। भूकम्प पुनर्लाभ परियोजना लागू भएका दूधपोखरी गाउँपालिकाको कोल्की ,बिचौर र दूधपोखरीमा कोपाडेसले २ सय घर निर्माण गरेको हो।

नयाँ घर बनाएका भूकम्प पीडितलाई कोपाडेसले प्रतिघर २ लाख रकम दिएको र सरकारका तर्फबाट १ लाख दिइएको कोपाडेसका कार्यक्रम संयोजक विष्णु चिलवालले बताउनुभयो। उहाँका अनुसार गाउँपालिकाका स्थानीयको चेतनास्तर वृद्धि गराउन, लघु जलविद्युत् स्थापना गर्न र जीविकोपार्जनका लागि काम गर्दै आइरहेको छ।

भूकम्प पीडितलाई नयाँ घरसँगै जीविकोपार्जनका लागि मौरी, बाख्रापालन, अलैंचीका बिरुवा, तरकारी खेतीका लागि पनि सहयोग गरिएको कोपाडेसका अध्यक्ष कँडेलले बताउनुभयो। उहाँका अनुसार ४ सय घरपरिवारका लागि प्रत्येक परिवारलाई २ वटाका दरले करिब १० हजार रुपियाँ बराबरको बाख्रा, ६५ घरपरिवारलाई प्रतिपरिवार २ घारका दरले करिब १६ हजार बराबरको मौरीसहितको आधुनिक घार, महजाली र चक्की वितरण गरिएको छ। यसै गरी तरकारी खेतीअन्तर्गत आलुको बीउ, टनेल निर्माणमा सहयोग गरिएको कँडेलले बताउनुभयो।

जिल्ला समन्वय समिति लमजुङका फोकल पर्सन शिव रेग्मीका अनुसार जिल्लाका भूकम्प पीडित लाभग्राहीमध्ये २ सय २० लाई घर निर्माणको तेस्रो किस्ताबापतको रकम दिइएको छ।

लमजुङमा भूकम्प पीडित लाभग्राहीको कुल संख्या १३ हजार ९ सय ५९ रहेको छ।

## आर्थिक वर्षको अन्त्यमा उजुरीको चाङ

दीपेन्द्र शर्मा, सुर्खेत

आर्थिक वर्षको अन्त्यतिर कर्णाली प्रदेशमा उजुरी आउने गरेको छ। आयोगका अनुसार सबैभन्दा बढी जेठदेखि साउन महिनामा बढी उजुरी आउने गरेका छन्।

कार्यालयको तथ्याङ्कअनुसार जेठ महिनामा ६८ प्रतिशत र साउनमा ८१ प्रतिशत उजुरी दर्ता हुने गरेको कार्यालयका सूचना अधिकारी मेघनाथ सापकोटाले जानकारी दिए। ‘उजुरीको यो प्रवृत्ति हेर्ने हो भने पछिल्लो समय स्थानीय तहमा बढी रहेको छ’ -उनले भने। सापकोटाका अनुसार आर्थिक वर्ष २०७४/७५ मा स्थानीय तहसँग सम्बन्धित २ सय १९ उजुरी परेका छन्।

तीमध्ये १ सय ७४ उजुरी फछ्र्यौट भए भने ४५ उजुरी कारबाहीको प्रक्रियामा छन्। स्थानीय तहमा झन्डै २ दशकपछि स्थानीय जनप्रतिनिधि आइसकेपछि मुद्दाको संख्या बढेको सापकोटाले बताए। स्थानीय तहमा राजनैतिक प्रभाव बढी हुनु, जनप्रतिनिधिमा कानुनी ज्ञानको कमी हुनु, कार्यान्वयनका अगाडि कर्मचारीलाई बाइपास गर्नुले स्थानीय तहका मुद्दाहरू बढी आइरहेको उनले बताए। सूचना अधिकारी सापकोटाका अनुसार दैलेख, जाजरकोट, कालिकोट, सल्यान, रुकुमबाट बढी त्यस्ता उजुरी परेका छन्।

उपभोक्ता समितिबाट निर्माण गरिएका सडक, खानेपानी, सिँचाइ योजना निर्माण, सामाजिक सुरक्षा, भत्ता वितरण, कार्यालय सामान खरिद, कर्मचारी नियुक्ति, अध्ययन भ्रमणलगायतका विषयमा बढी उजुरी पर्ने गरेका छन्।

### ७६ प्रतिशत उजुरी फछ्र्यौट

अख्तियार दुरुपयोग अनुसन्धान आयोग कर्णाली प्रदेश कार्यालय सुर्खेतले चालू वर्षमा ७६ प्रतिशत उजुरी फछ्र्यौट गरेको छ।

गत आवबाट जिम्मेवारी सरेका २ सय ४० र चालू आवमा दर्ता भएका ५ सय ११ गरेर ७ सय ५१ उजुरीमध्ये ५ सय ७१ उजुरीलाई फछ्र्यौट गरेको हो।

विभिन्न माध्यामबाट कार्यालयमा दर्ता भएका उजुरीमध्ये तामेली ३ सय ९३, एकीकरणमा १ सय १ र ३९ वटा विस्तृत अनुसन्धान गरेर फछ्र्यौट गरिएको सूचना अधिकारी सापकोटाले जानकारी दिए।

त्यस्तै सुझावका लागि २०, आवश्यक कारबाहीका लागि ११ तथा यस आयोगबाट फछ्र्यौट नहुने शैक्षिक प्रमाणपत्र, अकूत सम्पत्ति र जिल्ला प्रशासनलगायतका अन्य निकायमा कार्यान्वयनका लागि पठाएको उनले बताए।

### शिक्षाका उजुरी बढी

अख्तियार दुरुपयोग अनुसन्धान आयोग कर्णाली प्रदेश कार्यालय सुर्खेतले चालू वर्षमा शिक्षाका उजुरी धेरै आएको जनाएको छ।

आव २०७४/७५ मा कार्यालयमा दर्ता भएका ७ सय ५१ वटा उजुरीमध्ये शिक्षा क्षेत्रका २ सय २७ वटा रहेका छन्।

यो प्रदेशमा सबैभन्दा बढी शिक्षामा रहेको छन् भने सबैभन्दा कम आपूर्तिमा एउटा उजुरी दर्ता भएको छ।

चालू आवमा कर्णाली प्रदेशमा प्रारम्भिक उजुरीको मन्त्रालयगत विवरणअनुसार दर्ता भएका शिक्षा क्षेत्रमा २ सय २७ उजुरीमध्ये १ सय ७६, संघीय मामिला तथा स्थानीय विकासमा २ सय १९ मध्ये १ सय ७४, वन तथा भू-संरक्षण ८२ मध्ये ६१ तथा स्वास्थ्यमा दर्ता भएका ३६ वटामध्ये २५ वटा उजुरी फछ्र्यौट गरिएको सूचना अधिकारी सापकोटाले जानकारी दिए।

त्यस्तै उर्जामा २६ मध्ये १४, खानेपानी तथा सरसफाइमा २४ मध्ये १९, सिँचाइमा २२ मध्ये १० लगायतका उजुरी फछ्र्यौट गरिएको सापकोटाले बताए। सापकोटाका अनुसार गृहमा दर्ता भएका १६, भौतिक पूर्वाधार तथा यातायातमा दर्ता भएका १५ सबै उजुरी फछ्र्यौट गरिएको छ। कार्यालयले चालू आवमा २४ वटा विस्तृत उजुरी प्रतिवेदन आयोगमा पेश गरेको छ भने ६० वटा विस्तृत उजुरी छानबिन गरिरहेको छ। ६ वटा मुद्दामा १३ जनाविरुद्ध आयोगमा मुद्दा दायर गरेको छ। सापकोटाका अनुसार ११ लाख ७३ हजार ९ सय ९१ अनुसन्धानका क्रममा असुलउपर गरेको तथा चालू आवमा रगेंहात पक्राउ परेका ६ जनाबाट ४ लाख १ हजार रकम बरामद गरिएको छ।

श्री राष्ट्रिय सेवा दल
जगन्नाथदेवल, काठमाडौं
बोलपत्र आह्वानको सूचना
(प्रथम पटक प्रकाशित मिति २०७५/०५/०८ गते)

१. राष्ट्रिय सेवा दलद्वारा आ.व. ०७५/७६ मा सञ्चालन हुने NCC तालिमका विद्यार्थीहरुलाई वार्षिक सामुहिक क्याम्पसम्म ल्याउन तथा लैजान आवश्यक गाडीहरु भाडामा तथा कार्यालय सामानहरु बोलपत्रको माध्यमबाट खरिद गरिने भएकाले ईच्छुक योग्य बोलपत्रदाताहरुको लागि यो बोलपत्र आह्वान गरिएको छ।

| ठेक्का नं. | विवरण | परिमाण | बैंक जमानी पेश हुनुपर्ने अंक ने.रु. | बोलपत्र दस्तुर | बोलपत्र मान्य हुने अवधि | कै. |
|---|---|---|---|---|---|---|
| १ | गाडी भाडा | विभिन्न | ५,५०,०००।०० | ३,०००।०० | ९० दिन | |
| २ | कार्यालय सामान | विभिन्न | १,२३,०००।०० | ३,०००।०० | ९० दिन | |

२. उक्त ठेक्का "विधुतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४" अनुसार Website:bolpatra.gov.np/egp सिष्टमबाट मात्र बिड गर्न सकिनेछ।
३. बोलपत्र e-GP बाट खरिद गर्ने अन्तिम मिति र समय २०७५/०६/०७ गतेको १७:०० बजेभित्र, बोलपत्र e-GP बाट दर्ता गर्ने अन्तिम मिति र समय २०७५/०६/०७ गतेको १२:०० बजेभित्र र बोलपत्र खोल्ने मिति र समय २०७५/०६/०७ गतेको १३:०० बजे। बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ।
४. कुनै वा सबै बोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने नियम अनुसारको अधिकार खरिदकर्तामा निहित रहने छ।
५. यस सम्बन्धी थप जानकारीका लागि यस सेवा दलको निम्न ठेगानामा कार्यालय समयभित्र सम्पर्क राख्न सकने छन्:
क. खरिदकर्ताको नाम :- श्री राष्ट्रिय सेवा दल, जगन्नाथदेवल, काठमाडौं।
ख. फोन नं. ०१-४११७४०४, ईमेल : ncc@nepalarmy.mil.np

# विश्व

**निर्णय**
जिम्बावेको संवैधानिक अदालतले गत महिनाको राष्ट्रपतीय चुनावमा इम्मर्सन नान्गाग्वाको जित औपचारिक भएको निर्णय दिएको छ।



**रोक**
अमेरिकी रिपब्लिकन सिनेटर जोह्न म्याकेनले आफ्नो मस्तिष्क क्यान्सरको लामो समयदेखि चलिआएको उपचार रोक्ने भएका छन्।



2018, AUG Saturday 25

विश्व २ मिनेट

## श्रीलंका

### डेंगुको प्रकोप

कोलम्बो, (एजेन्सी)

श्रीलंकामा यस वर्षको शुरूदेखि हालसम्म डेंगुको कारण ४१ व्यक्तिको मृत्यु भएको र अन्य ३६ हजारभन्दा बढी प्रभावित भएको महामारी रोग नियन्त्रण संस्थाले शुक्रबार जनाएको छ। अगस्ट महिनामा मात्र देशभरि १ हजार ७५ जना डेंगुका बिरामी फेला परेका छन् भने गत महिना ६ हजार २ सय २१ व्यक्तिमा सो रोग देखा परेको बताइएको छ। राजधानी कोलम्बोमा यस वर्ष सबैभन्दा बढी अर्थात् ६ हजार ९ सय ३७ जना व्यक्तिमा डेंगु भेटिएको छ। त्यसै गरी पूर्वी जिल्ला बाटिकोलोवामा ४ हजार १ सय ५६ जनामा सो रोग देखा परेको छ।

## ब्राजिल

### सात दिने म्याद

ब्रासिलिया, (एजेन्सी)

ब्राजिलको निर्वाचनसम्बन्धी एउटा अदालतले पूर्वराष्ट्रपति लुइज इनासियो लुला दा सिल्भालाई उनीमाथि चलाइएको फौजदारी मुद्दाको प्रतिवाद गर्न बिहीबार सात दिने म्याद दिएको छ। अब आगामी अगस्ट ३० सम्ममा ब्राजिलको राष्ट्रपतीय चुनावमा उम्मेद्वार बन्नका लागि लुला स्वयंले आफू योग्य रहेको प्रमाण दिनुपर्ने भएको छ। विपक्षी राजनीतिक पार्टी र अन्य उम्मेदवारले उनीमाथि निर्वाचनमा उम्मेद्वार बन्न अयोग्य रहेको भन्दै प्रश्न उठाएका हुन्। लुला हाल भ्रष्टाचारको अभियोगमा १२ वर्ष लामो काराबास सजाय भोग्दै छन्।

## अमेरिका

### गोराप्रति चासो

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण अफ्रिकामा भइरहेको 'जमिन तथा खेत कब्जा' तथा 'कृषकहरूको हत्या' का विषयमा अध्ययन गर्न आफ्ना विदेशमन्त्री माइक पोम्पियोलाई निर्देशन दिएको बताएका छन्। प्रिटोरियाले अमेरिकी राष्ट्रपतिमाथि जातीय विभाजन ल्याउन खोजेको प्रतिक्रिया दिएको छ। ट्रम्पले ट्विटरमा दक्षिण अफ्रिकामा गोरा कृषकहरूको हत्या, जमिन तथा खेत कब्जालाई लिएर आफूले विदेशमन्त्रीलाई आग्रह गरेको उल्लेख गरेका थिए। २५ वर्षअगाडि रंगभेद अन्त्यसँगै नेल्सन मन्डेला सत्तामा आएपछि पनि दक्षिण अफ्रिकामा गोरा र कालाबीचको जातीय तथा आर्थिक विभेदको गहिराई चरम स्थितिमा कायम छ।

## साउदी अरेबिया

### मृत्युदण्ड माग

रियाद, (एजेन्सी)

सउदी अरेबियामा एक महिला अधिकारवादी कार्यकर्ता इसरा अल घोमघोमलाई मृत्युदण्ड दिन सक्ने बताइएको छ । सरकारी वकिलले अदालतमा इसरा र अन्य चार कार्यकर्ताका लागि मृत्युदण्ड माग गरेका छन् । ह्युमन राइट्स वाच (एचआरडब्ल्यू) का अनुसार इसरामाथि अशान्त कातिफ प्रान्तमा सरकारविरोधी प्रदर्शनमा संलग्न भएको आरोप लगाइएको छ । उक्त प्रदर्शन सिया समुदायविरुद्ध हुने गरेको भेदभाव विरोधमा भएको थियो । यदि अदालतले सरकारको पक्षमा फैसला दिएमा घोमघोम मानवअधिकारको मामिलामा संलग्न रहेकामा मृत्युदण्ड पाउने पहिलो साउदी महिला हुनेछिन् ।

# अस्ट्रेलियामा नयाँ प्रधानमन्त्रीमा मोर्रिसन



सिड्नी, (एजेन्सी)

पार्टी नेतृत्वको प्रतिस्पर्धाको क्रममा माल्कोम टर्नबुललाई प्रतिद्वन्द्वीहरूले बाध्य बनाई बाहिर पारेपछि शुक्रबार स्कट मोर्रिसन अस्ट्रेलियाको नयाँ प्रधानमन्त्री बनेका छन्। टर्नबुलले पार्टीको आन्तरिक मतदानलाई कन्जरभेटिभ विधायकको आन्दोलनको संज्ञा दिएका छन्।

पार्टीका कोषाध्यक्ष मोर्रिसनले पूर्वगृहमन्त्री पिटर ड्युटनविरुद्धको चुनावी प्रतिस्पर्धामा ४५-४० मतले सफलता हासिल गरेका छन्। ड्युटन टर्नबुलका प्रमुख आलोचकको रुपमा देखिएका थिए।

एक दशकमा आफ्नै सहकर्मीहरूबाट अपदस्थ हुने टर्नबुल चौथो अस्ट्रेलियाली प्रधानमन्त्री बनेका छन्। मोर्रिसनले भनेका छन्- 'यस्तो महान राष्ट्रको नेता बन्न पाउनु ठूलो सौभाग्यको कुरा हो। म अस्ट्रेलियालाई माया गर्छु। म अस्ट्रेलियालीलाई माया गर्छु।' सत्तारुढ पार्टी हालै सम्पन्न उपनिर्वाचनमा पराजय भएकाले अहिले सरकार सशंकित अवस्थामा रहेको छ। गतसाता उर्जा नीतिलाई लिएर उठेको एक विवादका कारण नरमपन्थी टर्नबुल र उनको कन्जरभेटिभ पार्टीबीचको तनाव चर्केको हो। मंगलबार नै ड्युटनले टर्नबुललाई असफल चुनौती दिएका थिए। तर ड्युटनको झिनो मतान्तरको कारण भएको पराजय अर्को असहमतिको कारण बन्यो।

टर्नबुलले प्रमुख समर्थकहरू गुमाएपछि पार्टीनेता बनेलगत्तै प्रधानमन्त्री बन्ने यस चुनावी दौडमा मोर्रिसन प्रवेश गरेका हुन्। विधायकहरूको बहुमतले नेतृत्व परिवर्तनका लागि सहमति जनाएपछि टर्नबुलले राजिनामा दिएका हुन्। एक सिटको मात्र बहुमत भएको सरकारका नयाँ प्रधानमन्त्रीले यथशीघ्र चाँडो अर्को चुनाव आह्वान गर्नुपर्ने स्थिति रहेको छ।

तर शुक्रबार शपथग्रहण गरेका मोर्रिसनले चाँडै नै चुनावमा जाने अहिलेलाई कुनै योजना नरहेको पत्रकारलाई बताएका छन्। उनले आगामी सातासम्ममा आफ्नो नेतृत्वमा नयाँ सरकार गठन भइसक्ने बताएका छन्।

# ट्रम्पलाई महान्यायाधीवक्ताको चेतावनी

वासिङ्टन, (एजेन्सी)



अमेरिकाका महान्यायाधीवक्ता जेफ सेसन्सले ट्रम्पको एक आक्रामक टिप्पणीको जवाफमा आफ्नो विभाग कुनै प्रकारको राजनीतिक दबाबमा नझुक्ने बताए ।

एक अन्तवार्तामा ट्रम्पले सेसन्सको विषयमा व्यक्तिगत टिप्पणी गरेपछि उक्त बयान आएको हो । ट्रम्पले न्याय विभागविरुद्ध लगातार कडा आलोचना गर्दै आइरहेको छ । विशेष गरी न्याय विभागद्धारा सन् २०१६ को चुनावमा रुसको हस्तक्षेपको जाँचलाई लिएर ट्रम्प चिढिएका छन् । सेसन्स शुरूमा ट्रम्पको चुनाव अभियानका समर्थक थिए । तर पछि उनले आफैलाई यस मामिलाबाट हटाएर जाँचको जिम्मा आफ्ना सहायक रड रोजनस्टइनलाई सुम्पेका थिए ।

विशेष परामर्श रोबर्ट मुलरको तर्फबाट भइरहेको जाँचका कारण पनि ट्रम्प प्रायः ट्विटरमा आफ्नो आक्रोश पोख्दै आइरहेका हुन्छन् । दुई दिन ट्रम्पको अभियानका पूर्वप्रबन्धक पल म्यानफर्टलाई ट्याक्स र बैंक घोटालामा दोषी पाइयो । त्यसै गरी ट्रम्पका पूर्व निजी वकिल माइकल कोहेनले कर छली, बैंक घोटाला र अभियानको वित्तीय नियमको उल्लंघनको मामिलामा दोष स्वीकार गरेका थिए ।

आफूविरुद्ध ट्रम्पको टिप्पणीलाई लिएर सेसन्सले चेतावनीको भाषामा भने- 'जबसम्म महान्यायाधीवक्ता हुन्छु, न्याय विभाग राजनीतिक कारणले कहिल्यै गलत ढंगबाट प्रभावित हुने छैन । म उच्च मानकको अपेक्षा गर्छु र यदि त्यस्तो हुँदैन भने त्यसमा म फेरि कारबाही गर्न सक्छु।'

फक्स एन्ड फ्रेन्ड्स कार्यक्रममा ट्रम्पले भने- 'यो अत्यन्तै निराशाजनक दिन हो। जेफ सेसन्सले आफै मुद्दाबाट अलग भए, जुन उनले गर्नु हुँदैनथ्यो । उनले पहिला मलाई भन्नुपर्थ्यो । मेरा शत्रुहरुले पनि भनिरहेका छन् कि जेफ सेसन्सले यस मुद्दाबाट आफूलाई अलग गर्न गइरहेको विषयमा मलाई भन्नुपर्थ्यो । उनले यो पद लिए र फेरि आफैंलाई अलग गरे यो कस्तो खालको चरित्र हो ? उनी मेरो अभियानका हिस्सा थिए ।

मैले उनलाई यो पद एउटै कारणले दिएको हो किनभने मैले उबाट इमानदारीता पाएको थिएँ । उनी पक्का समर्थक थिए । उनी अभियानमा सहभागी थिए । उनलाई थाहा थियो, यसमा कुनै साँठगाँठ थिएन । म्यानफर्ट र माइकल कोहेनको मामिलामा पनि कुनै साँठगाँठको कुरा बाहिर आएन।'

# जापानमा लडाकू विमान उडाउने पहिलो महिला

## सेनामा महिला सहभागिता बढाइने

टोक्यो, (एजेन्सी)

जापानमा पहिलोपटक एक महिलाले लडाकू विमान उडाउने भएकी छिन्। २६ वर्षीया फर्स्ट लेफ्टिनेन्ट मिसा मात्सुसिमाले शुक्रबारदेखि नै एफ-१५ लडाकू विमान उडानको तालिम गरेर आफ्नो ड्युटी शुरू गर्न लागेको जापानी सेनाले जनाएको छ।

जापानको वायु सैनिक फौजले सन् १९९३ देखि महिलालाई पनि भर्ती गर्न शुरू गरेको भए पनि तिनीहरूलाई लडाकू विमान उडाउने अनुमति भने दिइएको थिएन। बल्ल सन् २०१५ को उत्तरार्द्धमा आएर महिलामाथिको विमान उडाउने रोक हटाइएको थियो।

जापानको राष्ट्रिय प्रतिरक्षा प्रतिष्ठानबाट स्नातक उपाधि हासिल गरेकी उनले भनेकी छिन्- 'प्राथमिक कक्षामा पढ्दै गर्दा हलिउड चलचित्र 'टप गन' हेरेदेखि नै मेरो लडाकू जेट विमान चालकप्रतिको मोह बढ्न थालेको हो। मैले मेरो ड्युटी पूरा गर्नका लागि निरन्तर कडा परिश्रम गरेको थिएँ। वास्तवमा आफू विमान चालक बन्नुभन्दा भविष्यमा अन्य महिलालाई पनि मेरो पथ पछ्याउन सजिलो होस् भन्ने उद्देश्यले मैले मिहिनेत गरेको हुँ।' अहिले अन्य ३ जना जापानी महिलाले पनि लडाकू विमान उडाउने तालिम लिइरहेका छन्। दुईवटा इन्जिनयुक्त एफ-१५ जे लडाकू विमान



आकामा अन्य विमानसँग भिड्नका लागि डिजाइन गरिएका हुन्।

यी विमान आवाजको गतिभन्दा २ दशमलव ५ गुणाले बढी अर्थात् करिब ३ हजार किलोमिटर प्रतिघन्टाको गतिमा उड्ने गर्दछन्। जापान हवाई प्रतिरक्षा फौजले ट्विटरमार्फत आफ्नो फौजको पहिलो महिला लडाकू विमान चालकको जन्म भएको जानकारी गराएको छ।

२६ वर्षीया मात्सुसिमाले लडाकू विमान चालकको लैंगिक प्रतिबन्ध हटाइनु अघिसम्म अन्य मालवाहक विमान उडाउँदै आएकी थिइन्। अत्यन्तै लैंगिक असमानताको समस्या रहेको जापानमा महिलाले कुनै करियर शुरू गर्नुभन्दा घरधन्दा नै चलाऊन् भन्ने सामाजिक सोच रहेको छ। तर वृद्धवृद्धाको जनसंख्या बढ्दै जानुका कारण जनशक्ति अभाव हुन थालेपछि सन् २०१३ मा जापानी प्रधानमन्त्री सिन्जो आवेले कामदार महिलालाई प्रोत्साहित गर्ने योजना अघि सारेका थिए। शसस्त्र फौजले पनि महिला भर्तीलाई बढाउने रणनीति लिएको छ।

जापानको हवाई, जल र स्थलमा कार्यरत २ लाख २८ हजार शक्तिशाली फौजमा आगामी सन् २०३० सम्ममा हाल रहेको महिलाको सहभागिता ६ दशमलव १ प्रतिशतलाई ९ दशमलवमा पुऱ्याउने सरकारी लक्ष रहेको छ।

# भेनेजुयलामा अर्थतन्त्र धरासायी भएपछि लाखौं नागरिक पलायन

काराकास, (एजेन्सी)

भेनेजुयलामा बढ्दो महँगी र अर्थतन्त्र धरासायी हुन लागेकाले लाखौं नागरिक पलायन भइरहेका छन् । भेनेजुयलाका राष्ट्रपति निकोलस माडुरोले यो स्थितिबाट मुक्ति पाउन केही कदम पनि चालेको तर त्यसको कुनै विशेष फाइदा देखिएको छैन । नागरिकहरुले महामन्दीबाट गुज्रिरहेको अर्थव्यवस्था र यो भयावह स्थितिका लागि राष्ट्रपति माडुरो र उनको सरकार जिम्मेवार रहेको ठहऱ्याएका छन् ।

विपक्षको नियन्त्रणमा रहेको भेनेजुयलाको राष्ट्रिय असेम्बलीका अनुसार औषत प्रत्येक २६ दिनपछि मूल्य दुईगुणा भइरहेको छ । जुलाईमा वार्षिक महँगी दर ८३ हजार प्रतिशत पुगेको छ । आर्थिक मन्दी र महँगीको विकराल स्थितिमा भेनेजुयलाका जनताका लागि खाने पिउने सामान र अन्य केही आधारभूत वस्तु किन्न पनि कठिन भइरहेको छ ।

यहाँ महँगी यति धेरै बढेको छ कि एक कप कफीको मूल्य २५ लाख स्थानीय मुद्रा पुगेको छ । जनताले कुनै सामान किन्न नगद पैसा तिर्नसमेत नसकेको अवस्था छ । कुनै सामान किन्न झोलाभरि पैसा लिएर जानुको सट्टा भेनेजुयलाका जनता स-साना लेनदेनमा पनि इलेक्ट्रोनिक भुक्तानी शुरू गर्न थालेका छन् ।



भेनेजुयलामा ठूलो परिमाणमा तेलको भन्डार छ । तर यो शक्ति नै उसको कैयौं आर्थिक समस्याको कारण पनि बनेको छ । भेनेजुयलाको अर्थव्यवस्था अत्यधिक तेलमा निर्भर छ । तेलबाट प्राप्त हुने राजस्व उसको निर्यातको ९५ प्रतिशत छ । तेलको प्रचुर उत्पादन र निर्यातले धेरै डलर भित्रिन्छ र त्यसबाटै विदेशबाट आफ्ना जनताका लीग आवश्यक सामान खरिद गर्छ ।

तर सन् २०१४ मा तेलको मूल्यमा गिरावट आएपछि विदेशी मुद्रामा पनि कमी हुन थाल्यो । विदेशी मुद्रा कमीले आयातमा कठिनाइ उत्पन्न भयो र जनताको माग भने पहिलेको जस्तै कायम रह्यो । माग र आपूर्तिमा आएको अन्तरले देशमा महँगी चरम अवस्थामा पुगेको हो ।

माडुरो सरकारले देशको मुद्रा बोलिभारको नाम परिवर्तन गरी 'सावरेन बोलिवार' गरेका थिए । योसँगै ९५ प्रतिशत अवमूल्यन पनि गरेका थिए । देशमा उत्पन्न विकराल स्थितिका कारण सन् २०१४ देखि २३ लाखले देश छोडिसकेको सयुक्त राष्ट्रसंघले जनाएको छ । यहाँबाट पलायन भएकाहरु कोलम्बिया, इक्वेडोर, पेरु र चिलीमा शरण लिइरहेका छन् । कैयौं नागरिक ब्राजिल पुगेका छन् । यो स्थितिका लागि एक वर्गले राष्ट्रपति माडुरो र पूर्वनेताहरुको नीति जिम्मेवार ठहऱ्याएका छन् । तर राष्ट्रपति समर्थकहरु यसको पछाडि सत्ता अपदस्थ गर्ने प्रयासमा रहेका विपक्ष र अमेरिकी प्रतिबन्धलगायत कोलम्बिया यसको कारण भएको बताइरहेका छन् ।

सशस्त्र जनयुद्धको समयमा २०६२ साल असार ५ गते कारागारबाट भागेका दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११ खार्मीका ३६ वर्षीय वीरबहादुर तामाङ तेह्र वर्षपछि बिहीबार घरैबाट पक्राउ परेका हुन्

# न्यायालयमा पूर्वाग्रह नराखी काम गर्ने मिश्रको प्रतिबद्धता

पुष्कर बुढाथोकी, भक्तपुर

सर्वोच्च अदालतका कामुप्रधानन्यायाधीश ओमप्रकाश मिश्रले आफू रहेसम्म न्यायालयमा पूर्वाग्रह नराखी काम गर्ने बताउनुभएको छ। उहाँले जस्तोसुकै अवस्थामा पनि न्यायालयले संवैधानिक व्यवस्थाअनुसार नै काम गर्ने बताउँदै निष्पक्ष रूपमा काम गर्न नसके बरु छाडेर जाने दृढता व्यक्त गर्नुभयो।

नेपाल बार एसोसियसन भक्तपुर शाखाको आतिथ्यतामा आजबाट भक्तपुरमा शुरु भएको नेपाल बार एसोसियसनको ४५औं कार्यकारिणी परिषद् बैठक एवम् वार्षिक साधारणसभामा बोल्दै उहाँले आकाशै खस्ने अवस्था आए पनि न्याय गर्नुपर्ने बताउनुभएको हो। उहाँले भन्नुभयो- 'न्यायालयमा काम गर्ने सबै एक भएर काम गर्न सके कसैले हल्लाउन सक्दैन, स्वतन्त्र न्यायापालिका सबैका लागि आवश्यक छ यसलाई व्यवहारमै सुनिश्चित गर्नुपर्छ।'

उहाँले न्यायालयमा सबैले इमानदार भएर संविधान र कानुनी निष्ठा राखेर काम गर्नुपर्ने धारणा राख्नुभयो। नयाँ कानुनी व्यवस्था कार्यान्वयनमा आइसकेको अवस्थामा यसको संस्थागत संरक्षण गरी प्रभावकारी कार्यान्वयन गर्नु अहिलेको आवश्यकता रहेको उहाँले बताउनुभयो।

कामु प्रधानन्यायाधीश मिश्रले नयाँ कानुनको प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा कानुन व्यवसायीहरूको भूमिका महत्त्वपूर्ण हुने भएकाले जवाफदेही र उत्तरदायी रूपमा सक्रिय बन्न कानुन व्यवसायीलाई आग्रहसमेत गर्नुभयो। अहिले न्याय क्षेत्रमा भ्रम सृजना गर्न खोजिएको बताउँदै कामुप्रधानन्यायाधीश मिश्रले संयमतापूर्वक काम गर्न नसके अप्रिय परिस्थिति सृजना हुने उहाँको भनाइ थियो।

कार्यक्रममा पूर्वसभामूख सुवास नेम्वाङले नयाँ कानुनी व्यवस्थालाई कानुन व्यवसायीले सूक्ष्म अध्ययन गरी त्यसको प्रभावकारी कार्यान्वयनमा भूमिका निर्वाह गर्नुपर्ने औंल्याउनुभयो। पूर्वसभामुख दमननाथ ढुंगानाले न्याय परिषद्को विषयलाई संसदीय समितिमा ल्याउन नहुने टिप्पणी गर्नुभयो। ढुंगानाले अहिले देशले जिउँदो र सशक्त प्रधानन्यायाधीशको खोजी गरिरहेको बताउँदै न्यायपालिका संकटमा रहेको उल्लेख गर्नुभयो। न्यायपालिकामा संस्थागत सुधारको खाँचो रहेको उल्लेख गर्दै न्यायपालिकामा अति दलीयकरणका कारण अजंगको हाती छिरेको बताउनुभयो। त्यो हातीलाई धपाउने जिम्मा प्रधानन्यायाधीशको भएको बताउँदै पूर्वसभामुख ढुंगानाले दलको सीमा नछुट्टिदा न्यायालयमा समेत संकट उत्पन्न भएकाले यसमा संस्थागत सुधारको खाँचो रहेकोमा जोड दिनुभयो। संसदीय समितिले दल अनुकुल मान्छे खोजेको बताउँदै उहाँले संसदीय समितिलाई खारेज गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा न्यायपरिषद् सदस्य रामप्रसाद सिटौलाले संस्थालाई राम्रोसँग परिचालन गर्न इन्जिन राम्रो चाहिने भए पनि अहिले न्यायालयको इन्जिनमा बिचलन आएको बताउनुभयो। वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले न्यायालय र नेपाल बारमा दलाली र बिचौलियाको चलखेल भएको प्रति गुनासो गर्नुभयो। कानुन आयोगका पूर्वअध्यक्ष बाबुराजा जोशीले संसदीय सर्वोच्चता कि न्यायिक सर्वोच्चता भन्ने विवाद उत्पन्न भएको बताउँदै सरकारले न्यायालयको चीरहरण गर्न खोजेको उल्लेख गर्नुभयो। न्यायपरिषद्लाई पार्लियामेन्टभित्र ल्याउने दुष्प्रयास भइरहेको बताउँदै जोशीले यसतर्फ सबै कानुन व्यवसायी सचेत बन्नुपर्ने बताउनुभयो।

कार्यक्रममा महान्यायाधिवक्ता अग्नि खरेलले बारको भूमिका निष्पक्ष र तटस्थ हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रमका सभापति नेपाल बार एसोसियसनका अध्यक्ष शेरबहादुर केसीले निष्पक्ष अदालतमाथि सरकारको छाँया पर्न लागेको भन्दै अदालतको सर्वोच्चतालाई कायम राख्न यसको छवि धमिल्याउन नहुने उल्लेख गर्नुभयो।

कार्यक्रममा विभिन्न वक्ताहरूले न्यायालय र सरकार बीचको दूरी बढ्दै गएको टिप्पणी गर्दै सरकारले न्यायालयमा हस्तक्षेप गर्ने र न्यायालयले सरकारलाई अटेर गर्ने प्रवृत्तिको थालनी हुन दिन नहुने बताएका थिए। शनिबारसम्म सञ्चालन हुने कार्यक्रममा नेपाल बारका पूर्वअध्यक्ष, वर्तमान तथा पूर्वपदाधिकारी, सदस्य, वरिष्ठ अधिवक्ता, कानुन व्यवसायी परिषद्का पार्षद, सबै बार इकाइका अध्यक्ष, केन्द्रीय कार्यकारिणी पार्षदलगायतको सहभागिता रहेको छ।

## ७ वर्षपछि नेपाल-चीन सीमा बैठक हुँदै

नेपाल समाचारपत्र

दार्चुला

७ वर्षपछि चीनको स्वशासित क्षेत्र तिब्बतको ताक्लाकोटमा नेपाल चीन सीमा बैठक हुने भएको छ।

२ देशका सुरक्षा अधिकारीहरूबीच भदौ १० गते शनिबारदेखि ३ दिनसम्म बैठकको आयोजना गरिएको सुरक्षा स्रोतले जनाएको छ। यसअघि २०६८ सालमा नेपाल चीन सीमा सुरक्षा बैठक सम्पन्न भएको थियो।

नेपाल चीन सीमा सुरक्षालाई प्रभावकारी बनाउन दुवै देशका उच्च सुरक्षा अधिकारीबीच छलफल हुने भएको छ।

नेपाल-चीन सीमा नाकाबाट हुन सक्ने मानव बेचबिखन, लागूपदार्थ ओसारपसार, वन्यजन्तुका अंगहरू निकासी, बहमूल्य जडिबुटी तथा अवैध सामाग्रीहरूको गैरकानुनी रूपमा ओसारपसार हुन नदिन दुबै पक्षले उच्च सर्तकता अपनाउने विषय छलफलको एजेन्डा तय गरिएको छ।

आपसी सूचना आदानप्रदान गर्ने विषयमा समेत नेपाली अधिकारी तथा तिब्बतको बुराङ काउन्टीका अधिकारीबीच बैठकमा छलफल हुने सुरक्षा स्रोतले जनाएको छ।

यस्तै चिनियाँ पक्ष नेपाली भूमि चीन विरोधी गतिविधिका लागि प्रयोग नहोस् भन्ने चाहना राख्दै आएको छ।

बैठकमा सो विषय चीनको तर्फबाट छलफलको प्रमुख एजेन्डाका रूपमा रहने स्रोतको भनाइ छ। बैठकमा भाग लिन दार्चुलाका प्रहरी प्रमुख डीएसपी नवराज अधिकारी, सशस्त्र प्रहरी बल नेपाल, गुल्म हेडक्वार्टर दार्चुला नं ५० का गुल्मपति भीमबहादुर चन्द तथा सहायक प्रमुख जिल्ला अधिकारी शिवराज जोशीलगायतको टोली तिब्बतको ताक्लाकोटका लागि बिहीबार त्यसतर्फ प्रस्थान गरेको छ।

### समाचार संक्षेप

## घर भत्कँदा एकको मृत्यु

बारा, (नेस)

अविरल वर्षाले भत्किएको घरले थिचेर बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १४ डुमरवानामा एकजनाको मृत्यु भएको छ।

अविरल वर्षापछि घर भत्कँदा स्थानीय बेहरी टोलका ४६ वर्षिय चोथाई माझीको मृत्यु भएको हो। घरमा एक्लै सुतेका माझीको घर भत्किएको देखेपछि स्थानीयले शुक्रबार बिहान ५ बजे इलाका प्रहरी कार्यालय सिमरामा खबर गरेका थिए। बारामा बिहीबार दिउँसो र शुक्रबार पनि भीषण वर्षा भएको छ। प्रहरी निरीक्षक सुवास हमालले वर्षाले भत्किएको घरले थिचेर माझीको मृत्यु भएको पाइएको जानकारी दिए। केही वर्षअघि श्रीमतीले विष सेवन गरी आत्महत्या गरेपछि उनी सो घरमा एक्लै बस्दै आएका थिए।

प्रहरी निरीक्षक हमालका अनुसार अविरल वर्षाका कारण घर भत्किएपछि छानाबाट खसेको टायलले लागेर उनको मृत्य भएको हो। मृतक माझीको शव पोस्टमार्टमका लागि नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्ज लगिएको छ।

निर्मला हत्या प्रकरण

## बैतडीमा पनि विरोध प्रदर्शन

बैतडी, (नेस)

बलात्कारपछि हत्या गरिएकी कञ्चनपुरकी १३ वर्षीय बालिका निर्मला पन्तको हत्यारालाई कारबाहीको माग गर्दै बैतडीमा शुक्रबार बिरोध प्रदर्शन गरिएको छ। मेलौली नगरपालिकाका महिलाहरूले दोषीलाई कारबाही हुनुपर्ने माग राख्दै मेलौली बजारमा नारा जुलुससहित प्रदर्शन गरेका हुन्। मेलौली मन्दिरदेखि शुरु भएको जुलुसमा महिलाहरूले बलात्कारी फाँसी दिनुपर्ने, महिलामाथि हुने हिंसा अन्त्य हुनुपर्ने नारा लगाएका थिए।

कञ्चनपुरमा भइरहेको आन्दोलनको समर्थन गर्दै दोषीलाई कारबाही हुनुपर्ने मागसहित आफूहरूले विरोध प्रदर्शन गरेको महिला सञ्जालका अध्यक्ष रुबी नायकले बताइन्। महिलाहरूले हरेक क्षेत्रमा हिंसामा परेकाले उनीहरूमाथि हुने हिंसा न्यूनीकरण गर्न कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने आफूहरूको माग रहेको उनले बताइन्।

## दुई युवालाई पक्राउ

खोटाङ, (नेस)

गोठमा बाँधेको भेडा चोरी गरी फरार हुने खोटाङका दुई युवालाई पक्राउ गरी कारागार चलान गरिएको छ। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१३ नुनथलाका जयन राईको भेडा चोरी फरार रहेका सोही नगरपालिका-३ बाम्राङका रविन हिङमाङ र वडा नम्बर-४ खाल्लेका योगेश राईलाई पक्राउ गरी कैद भुक्तानीका लागि कारागार चलान गरिएको हो।

जिल्ला अदालत खोटाङले दुवै युवाले चोरी गरेको ठहर गरी जनही एक महिनाको कैद सजाय र १५ हजार रुपियाँ जरिवाना तोकेको थियो। फरार रहेका २१ वर्ष उमेरका दुवै जनालाई गत वर्ष भदौ-७ गते सजायको फैसला गरेको थियो।

## मोटरसाइकल दुर्घटनामा नेपाल समाचारपत्रकर्मी घाइते



काठमाडौं, (नेस)

डोटीको दिपायल सिलगढी नगरपालिका-४ दिपायलमा मोटरसाइकल दुर्घटना हुँदा नेपाल समाचारपत्रकर्मी डोटी संवाददाता विमल विष्ट गम्भीर घाइते हुनुभएको छ। उहाँसँगै मोटरसाइकलमा सवार नन्दन महरा गम्भीर घाइते हुनुभएको छ।

दिपायलबाट डडेल्धुरा जाँदै गरेको सेभ्ज ५२१ नम्बरको उग्रतारा यातायातको जिप र कुलपातेबाट दिपायल आउँदै गरेको सेइप २१५७ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा उक्त दुर्घटना भएको हो।

घाइतेहरू दुवै जनालाई उपचारका लागि कोहलपुर पठाइएकोमा त्यहाँ उपचार हुन नसकेकाले भारतको लखनउ पठाइएको इलाका प्रहरी कार्यालय दिपायलका इन्चार्ज प्रहरी नायब निरीक्षक लोकेन्द्रबहादुर मल्लले जानकारी दिनुभयो। ठक्कर दिने जिप र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## कारागारबाट फरार कैदी तेह्र वर्षपछि पक्राउ

खोटाङ, (नेस)

दश वर्षे माओवादी जनयुद्धको समयमा कारागारबाट फरार रहेका खोटाङ खार्मीका एक कैदी तेह्र वर्षपछि पक्राउ परेका छन्। माओवादी सशस्त्र जनयुद्धको समयमा २०६२ साल असार ५ गते कारागारबाट भागेका दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११ खार्मीका ३६ वर्षीय वीरबहादुर तामाङ तेह्र वर्षपछि बिहीबार घरैबाट पक्राउ परेका हुन्।

पक्राउ परेका तामाङलाई बिहीबारै जिल्ला अदालतमा हाजिर गराएर कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायब उपरीक्षक राजकुमार केसीले जानकारी दिनुभयो।

२०६० साल असोज १५ गते स्थानीय २१ वर्षीय नवराज दाहालको हत्या गरेको अभियोगमा तामाङसहित ३ जना पक्राउ परी पुर्पक्षका लागि कारागारमा रहेका थिए। उनीहरूविरुद्ध जिल्ला अदालत खोटाङले २०६३ साल चैत ६ गतेको फैसलाले तीनै जनालाई २०/२० वर्ष कैद सजाय सुनाएको थियो।

दाहालको हत्यालगत्तै पक्राउ परेका उनीहरूले २ वर्ष ९ महिना १० दिन कैद भुक्तानी गरिसकेका थिए। उनीहरूले दाहाललगायतका केही व्यक्ति आफ्नै घरमा आएर आक्रमण गरेपछि नियन्त्रणमा लिएर कुटपिट गर्दा दाहालको मृत्यु भएको थियो।

हत्यामा संलग्नमध्ये कटकबहादुर तामाङ भने यसअघि नै पक्राउ परेर कैद भुक्तान गरिरहेका छन्। डीएसपी केसीका अनुसार घटनामा संलग्न अझै एक जना फरार रहेकाले उनको खोजी भइरहेको छ।

## भित्री मधेसमा बाढीको जोखिम

डडेल्धुरा, (नेस)

वर्षात्सँगै चुरे क्षेत्रबाट निस्कने दर्जनौं खहरे खोला र स्थानीय नदीहरूमा बाढी आउन थालेपछि डडेल्धुराको भित्रीमधेस क्षेत्रका बासिन्दाहरू ज्यानको जोखिम मोलेर हिँड्डुल गर्न बाध्य छन्।

खहरे खोलामा आउने बाढीका करण एउटा बस्तीदेखि अर्को बस्तीसम्म आउजाउ गर्न पनि समस्या उत्पन्न हुने गरेको स्थानीय बताउँछन्। रंगुन, पुन्तरा, साँदनी खोला, शीर्षगाँड, कलेना खोलालगायतका नदीहरूका साथै दर्जनौं खहरे खोलामा बाढी आउँदा वर्षेनी अकाल मृत्यु भोग्नुपर्ने बाध्यता रहेको स्थानीय अगुवा भुपेन्द्रसिँह धामीले बताए। प्राकृतिक विपद्को दृष्टिले अतिसंवेदनशील मानिएको भित्रीमधेस क्षेत्रका बासिन्दाहरूले वर्षा याममा नदी वारपार गर्ने ट्युबमा तर्नुपर्ने अवस्था छ भने स्थानीय सरकारले नदी तराउनका लागि जेसीबी मेसिनको प्रयोगसमेत गर्न थालेका छन्।

रंगुन नदीमा पुल निर्माणाधीन अवस्थामा रहेकाले यहाँ पुलबाट वारपार गर्न अझै केही वर्ष लाग्ने स्थानीयको अनुमान छ। सुस्त गतिमा निर्माण भइरहेकाले पुलबाट छिट्टै सहज यात्रा गर्न पाइएला भन्ने आशा मरिसकेको स्थानीय बताउँछन्। स्थानीयहरू बैंकिङ कारोबार, व्यापार, अस्पताल, नागरिकता बनाउनसमेत नदी तरेर परशुराम नगरपालिकाको जोगबुडा र आलिताल गाँउपालिकाको केन्द्रसम्म आउन समस्या हुने गरेको स्थानीय भागरथी धानुकले बताइन्। आफ्नो दैनिक तथा सरकारी कामकाज, विद्यालय जान, बजारमा किनमेल गर्नका लागि जोखिम मोलेर स्थानीय नदी र खहरे खोला तर्नुपर्ने यहाँका स्थानीयलाई बाध्यता छ।

वयोवृद्ध र अशक्तहरू पनि सामाजिक सुरक्षा भत्ता बुझ्नका लागि ज्यानको बाजी लगाएरै स्थानीय सरकारको केन्द्रसम्म पुग्ने गर्दछन्। दैनिक विद्यालय आवतजावत गर्नुपर्ने भएका कारण पनि विद्यार्थी तथा अभिभावक दुवैलाई यस क्षेत्रका नदी तथा खोलाहरू चिन्ताको विषय बनेको छ। भित्रीमधेस क्षेत्रमा विभिन्न खोलाले बगाउँदा पछिल्ला ५ वर्षमा ८ जनाको मृत्यु भइसकेको छ। ४ पुरुष र ४ महिला गरी ८ जनाले ज्यान गुमाएको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय जोगबुडाका प्रहरी निरीक्षक ईश्वरीदत्त पाण्डेयले खोलामा बगेर घाइते हुनेहरूको संख्या थुप्रै रहेको बताए।

## मधेसमा कम्युनिस्ट रक्षात्मक अवस्थामा

कृष्णउदास खनाल, वीरगन्ज

मधेसमा कम्युनिस्ट पार्टी रक्षात्मक अवस्थामा रहेको नेकपामा नेताहरूले बताएका छन्।

साम्यवादी विचारका प्रवर्तक कार्लमाक्सको द्विशतवार्षिकीको अवसरमा वीरगन्जमा 'मधेशमा मार्क्सवाद' विषयक गोष्ठीका क्रममा नेकपाका नेताहरूले यस्तो बताएका हुन्। प्रदेश नम्बर २ को प्रदेश स्तरीय गोष्ठीमा सहभागी नेता तथा कार्यकर्ताहरूबीच मार्क्सवादको विषयमा व्यापक विचार विमर्श भएको थियो। खास गरी मधेसको प्रदेश नम्बर २ का ८ जिल्लाका नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको गोष्ठीमा मधेसमा देखिएको सामाजिक तथा राजनीतिक समस्या र समाधानको उपायका बारेमा नेकपाका नेता रामचन्द्र झाले आफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए।

कार्यपत्र प्रस्तुत गर्दै झाले मधेसमा अहिले कम्युनिस्ट पार्टी रक्षात्मक अवस्थामा मात्रै रहेको र जबसम्म वर्गीय आन्दोलन र वर्गीय चेतना तथा वर्गीय घृणाको चेतनालाई उठाउन सकिदैन, तबसम्म मधेसमा समाजवाद चुनौती रहेको बताए। उनले जातिवादले मधेसमा वर्गीय आन्दोलनलाई चुनौती दिएकाले वर्गको घेरा तोडेर जातको उम्मेदवारलाई भोट दिने प्रवृत्तिले मधेसमा वर्गीय आन्दोलन सफल हुन नसकेको बताए। त्यस्तै कार्यक्रममा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै नेकपाका स्थायी समिति सदस्य घनश्याम भुषालले आधारभूत रूपले मार्क्सवादमा टेकेर आजको एक्काईसौं शताब्दीका चुनौती र सम्भावनाका नयाँ उचाइबाट नयाँ दिशा र बाटो बनाउनुपर्ने जिम्मेवारी रहेको बताए। आज फेरि आफ्नो औचित्यलाई पुष्टि गर्नुपर्ने ठाउँमा नेपालको कम्युनिस्ट पार्टी उभिएको बताए।

इतिहासमा केही कमी कमजोरी भए पनि कम्युनिस्टको प्रवृत्ति भने गौरमपूर्ण रहेको उनको भनाई थियो। नागरिकहरूले आफ्ना अधिकार स्थापित गर्न जोड गर्ने तर राज्यले त्यो पूरा गर्न नसक्ने अवस्थामा उत्पन्न हुने तनावले नेपालका भावी दिन सबैभन्दा प्रभावित हुने र यसले हाम्रो लोकतान्त्रिक स्थिरतामा बाधा पुऱ्याइरहने साथै राष्ट्रिय एकतालाई कमजोर बनाउन सक्ने खतरा रहेको बताए। यो अन्तरविरोध नै नेपाली क्रान्तिले समाधान गर्न नसक्ने प्रमुख चुनौती मानेको छ।

कार्यक्रमको सभापतित्व गरेका नेकपाका नेता उमेश यादवले विषय प्रवेश गराउँदै पार्टीभित्रै पनि जातिवाद तथा शैक्षिक माफिया, मेडिकल माफियाहरूको बर्चस्व रहेकाले वर्गीय समाज अगाडि आउन नकसकेको बताए। उनले नवउदारवादले समाजवादको बाटोमा जान नसकिने बताए। दोस्रो दिनको कार्यक्रममा घनश्याम भुषाल, रामचन्द्र झाले आफ्ना कार्यपत्र प्रस्तुत गरेपछि सहभागीहरूसँगको सवालजवाफपछि गोष्ठीको समापन भएको थियो।

### खर्च...

समितिले फोहोर व्यवस्थापनमा नगरपालिकाहरूको लागत सहभागिता शिफारिस, ल्यान्डफिल साइटको दीर्घकालीन समाधान वर्षौंसम्म निर्माण हुन नसकेको बञ्चरे डाँडाको पूर्वाधार कसको सहभागितामा कसरी निर्माण सम्पन्न गर्न सकिन्छ, भन्ने विषयमा शिफारिस गर्ने भएको छ।

ल्याण्डफिल साइटमा देखिएको समस्याका कारण हाल करिब ४ सय टन मात्रै फोहोर व्यवस्थापन हुने गरेको छ। कामपासहित सबै स्थानीय तहको दैनिक करिब एक हजार टन फोहोर संकलन हुने गरेको छ। जापान सहयोग नियोग (जाईका) को सहयोगमा २०६२ सालमा निर्माण गरेको सिसडोल ल्यान्डफिल साइटको क्षमता अन्तिम अवस्थामा पुगेको छ। २ वर्षको क्षमता रहने गरी निर्माण गरेको सो ल्याण्डफिल साइटको विकल्पका रूपमा रहेको वञ्चरेडाडाको ल्यान्डफिल साइट निर्माण अझै हुन सकेको छैन।

त्यसैले वञ्चरे डाडाको काम शुरु नभएसम्म वैकल्पिक ल्यान्डफिल साइटको खोजी गरिरहेका छौं -संयोजक मरहठ्ठाले बताउनुभयो। एक्लैले समस्या समाधान गर्न सकिदैन सबै स्थानीय तहको सक्रिय सहभागिताकालागि आग्रह गरेका छौं उहाँले बताउनुभयो।

ब्लड डोनर्स एशोसिएशन नेपाल (ब्लोदान)
काठमाडौं।

नवौं अधिवेशन तथा एकाइसौं वार्षिक साधारण सभाको सूचना

यस एशोसिएशनको नवौं अधिवेशन तथा एकाइसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गइरहेको सम्बन्धित सबैको जानकारीको लागि संस्थाको विधानको दफा १० (ख) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

मिति : २०७५ भाद्र ३० गते, शनिबार
समय : बिहान ८:०० बजेदेखि
स्थान : [illegible]

कार्यक्रम :
क) उद्घाटन सत्र
ख) बन्द सत्र
१) महासचिव तथा कोषाध्यक्षको प्रतिवेदनमाथि छलफल तथा सोको अनुमोदन
२) लेखा परीक्षकको नियुक्ती
३) विविध
ग) निर्वाचन सत्र
१) नयाँ कार्यसमितिको गठन

पुनश्च : सभामा सहभागी हुने संस्थाका प्रतिनिधिहरूले सम्बन्धीत जिल्ला शाखाले प्रतिनिधि तोकिदिएको पत्रको साथै अनिवार्य रूपमा सदस्य संस्थाको आधिकारिक पत्रसहित कार्यक्रममा उपस्थित हुन अनुरोध छ। साथै सभामा प्रतिनिधि हुन इच्छुक आजीवन सदस्यहरूले केन्द्रिय कार्यसमितिको सचिवालयमा सम्पर्क राखि प्रतिनिधि शुल्क बुझाउनु हुन अनुरोध छ।

सम्पर्क : [illegible], उपाध्यक्ष एवं संयोजक, अधिवेशन तयारी समिति : [illegible]
ई. सानु बाबु प्रजापति, महासचिव : [illegible]

# अर्थ

न्यूयोर्क, विवन्सस्थित ज्याक्सन हाइटसबाट पहिलो बैंकिङ कारोबार शुरु गर्ने एभरेस्ट फेडरल क्रेडिट युनियनले नेपालीभाषीको घनाबस्ती रहेका राज्य टेक्सस, क्यालिफोर्निया, डीसी भर्जिनिया मेरिल्यान्ड, म्यासाच्युसेट, फ्लोरिडा, जोर्जिया, वासिङ्टन, नर्थ केरोलिना, पेन्सलभेनिया, सिकागोलगायतका अन्य राज्यका शहरमा आवश्यकताअनुसार शाखा विस्तार गर्ने लक्ष्य पनि लिएको छ।

## ७२६ अर्ब राजस्व संकलन

**नेपाल समाचारपत्र**
काठमाडौं

आर्थिक वर्ष २०७४/७५ मा सरकारको राजस्व १९.२ प्रतिशतले वृद्धि भई ७२६ अर्ब ८ करोड पुगेको छ।

उक्त राजस्व बजेट लक्ष्य ७३० अर्ब ६ करोडको ९९.५ प्रतिशत हुन आउँछ। अघिल्लो वर्ष सरकारको राजस्व २६.४ प्रतिशतले वृद्धि भई ६०९ अर्ब १२ करोड पुगेको थियो। समीक्षा वर्षमा राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात २४.१ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात २३ प्रतिशत रहेको थियो। राजस्वका शीर्षकहरूमध्ये मूल्य अभिवृद्धि कर राजस्व समीक्षा वर्षमा २९ प्रतिशतले वृद्धि भई २०६ अर्ब ७९ करोड परिचालन भएको छ।

अघिल्लो वर्ष सो राजस्व ३१ प्रतिशतले वृद्धि भई १६० अर्ब ३२ करोड पुगेको थियो। समीक्षा वर्षमा आयकर राजस्व ७.९ प्रतिशतले वृद्धि भई रु.१५९ अर्ब ९० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो राजस्व २६.३ प्रतिशतले वृद्धि भई १४८ अर्ब २४ करोड पुगेको थियो।

RHINO 500 D

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील | | | |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

नेपालमा पहिलो पटक, नेपालकै लागि

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

[illegible]

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
पोखरा शाखा, न्यूरोड, पोखरा
फोन: [illegible]

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ भदौं ९, अगस्ट २५, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १११।५६ | ११२।१६ |
| युरो १ को रू. | १२९।२० | १२९।८९ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।३९ | १४४।१६ |
| स्विस फ्रन्क १ को रू. | ११३।३८ | ११३।९९ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।४३ | ८१।८७ |
| क्यानाडियन डलर १ को रू. | ८५।३९ | ८५।८४ |
| सिङ्गापुर डलर १ को रू. | ८१।५१ | ८१।९५ |
| जापानी यन १० को रू. | १०।०२ | १०।०७ |
| चिनियाँ युआन १ को रू. | १६।२८ | १६।३७ |
| साउदी अरब रियाल १ को रू. | २९।७५ | २९।९१ |
| कतारी रियाल १ को रू. | ३०।६४ | ३०।८० |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।४१ | ३।४३ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३०।३७ | ३०।५३ |
| मलसियन रिङ्गिट १ को रू. | २७।१५ | २७।३० |
| दक्षिण कारियन वन १०० को रू. | १०।०० | १०।०६ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।२३ |
| डेनिस क्रानर १ का रू. | १७।३२ |
| हङकङ डलर १ का रू. | १४।२१ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## साना उद्योगको प्रवर्द्धन गर्नुपर्नेमा जोड

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले साना तथा मझौला व्यवसायी महासंघ नेपालद्वारा आयोजित तीज महोत्सव तथा महिला उद्यमी मेलाको शुक्रबार उद्घाटन गर्नुभयो।

तीजको अवसर पारेर महिला उद्यमीलाई हौसला प्रदान गर्ने एवम् उद्यमीहरूबाट उत्पादित वस्तुको बजार प्रवर्द्धन गर्ने उद्देश्यले ललितपुरमा आयोजित उक्त मेला तीन दिनसम्म सञ्चालन हुनेछ।

उक्त मेलामा विभिन्न जिल्लाका साना तथा मझौला व्यवसायी महिलाहरूले आ-आफ्नो उत्पादनहरू प्रदर्शनीमा राखेका छन्।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष राणाले मुलुकको आर्थिक विकास एवम् समृद्धिको एक कडीको रूपमा रहेका साना तथा मझौला व्यवसाय त्यसमा पनि महिलाहरूले उत्पादन गरेको वस्तुलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको मेला यस क्षेत्रको विकासमा सहयोगी हुने धारणा राख्नुभयो।

सरकारले यस क्षेत्रको विकासमा विशेषगरी सहज रूपमा ऋणको व्यवस्था, बजार पहुँच तथा प्रवर्द्धन र नवीनतम् प्रविधिमा उद्यमीहरूले सरकारको सहयोग खोजेको स्पष्ट पार्नुभयो। यो क्षेत्रलाई विस्तार हुने वातावरण बनाइदिन आवश्यक रहेको जसले गर्दा दिगो रूपमा व्यवसाय सञ्चालनमा सहयोग पुग्ने धारणा अध्यक्ष राणाले राख्नुभयो।

उद्यमशीलता प्रवर्द्धनमार्फत मुलुकभित्र रोजगारीको पर्याप्त अवसर सिर्जना गर्न सकिने अध्यक्ष राणाले बताउनुभयो। मेला महोत्सवले व्यवसाय प्रवर्द्धनमा ठूलो भूमिका खेल्नुका साथै विशेषगरी महिला दिदी बहिनीलाई व्यवसाय सञ्चालनमा थप ऊर्जा मिल्ने धारणा समेत राख्नुभयो।

समय समयमा आयोजना गरिने मेला महोत्सव मुलुकभित्र साना तथा मझौला उद्यमको यथार्थ वस्तुतथ्य बाहिर ल्याउन कोषेढुंगा हुने विश्वास लिएको अध्यक्ष राणाले बताउनुभयो।

उद्यमी व्यवसायीहरूको प्रयासमा निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था महासंघ सदैव साथमा रहने विश्वास दिलाउनहुँदै अध्यक्ष राणाले मेलाको पूर्ण सफलताको कामना गर्नुभयो।

# शेयरमा लगानीकर्ताको ३७ अर्ब गुम्यो



**नेपाल समाचारपत्र**
काठमाडौं

लाभांश पर्खिएर बसेका लगानीकर्ता उत्साहित हुन नसक्दा नेपाल स्टक एक्सचेन्ज (नेप्से) यस साताभरी नै ओरालो लाग्यो। अघिल्लो साता केही सुधारको संकेत देखिए पनि यथार्थ त्योभन्दा फरक हुन गयो।

बजार घट्नुको कुनै स्पष्ट कारण नदेखिए पनि लगानीकर्ताको मनोवल कमजोर हुँदा नेप्सेम गिरावट आएको तथा बजारमा उच्च शेयर आपूर्ति, ब्याजदर महँगो र सरकारको प्रष्ट धारणा नआउनुनै मुख्य कारण मानिँदै आएको छ। यस साता नेप्सेमा १८५ कम्पनीको शेयर खरिद बिक्री भएको छ। १६ हजार ६२० पटक भएको कारोबारबाट १ अर्ब १७ करोड ७५ लाख ७१ हजार रुपियाँबराबरमा ४४ लाख २१ हजार ९ सय ५० कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ।

यस साताको कारोबार रकम गत साताको भन्दा १७ दशमलव ८४ प्रतिशत कम हो। गत साता १८५ कम्पनीको २२ हजार ५२० पटक भएको कारोबारबाट १ अर्ब ४३ करोड ३२ लाख ९४ हजार रुपियाँबराबरमा ४५ लाख २ हजार ४ सय ५० कित्ता शेयर खरिद बिक्री भएको थियो। त्यस्तै यस साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १७ दशमलव ७९ अंकले घटेर अन्तिम दिन ११७८ दशमलव ५० अंकमा पुगेको छ। यस साता लगानीकर्ताले ३७ अर्ब ४० करोड ९८ लाख ३० हजार रुपियाँ गुमाएका छन्। अघिल्लो साता बजार बन्द हुँदा १४ खर्ब ३९ अर्ब ४४ करोड ९१ लाख ६० हजार रुपियाँको कुल पुँजीकरण थियो। त्यो घटेर १४ खर्ब २ अर्ब ३९ करोड ३ लाख ३० हजार रुपियाँमा झरेको छ। यस साता 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि पहिलो दिनको तुलनामा ३ दशमलव ५४ अंकले घटेर २४८ दशमलव ९९ अंकमा आईपुगेको छ।

यस साता कारोबार रकम (६ करोड ६१ लाख ६० हजार रुपियाँ) को आधारमा एनएमबि बैंक अग्रस्थानमा रहेको छ। त्यस्तै कारोबार भएको शेयर संख्या (२ लाख १३ हजार कित्ता) को आधारमा एनएमबि बैंक नै अग्रस्थानमा रहेको छ। साथै कारोबार संख्या (५७९ वटा) को आधारमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रहेको छ।

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि पाँच दिन नै खुला रह्यो। ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रको यस साता कुनै पनि कारोबार भएन। नेप्सेमा यस साता १२ वटा कम्पनीको आईपीओ, एफपीओ, बोनस र हकप्रद गरी ५ करोड ६९ लाख १० हजार ६२८ दशमलव ७५ कित्ता शेयर सूचीकृत भएको छ।

बोनस शेयरतर्फ हाम्रो विकास बैंकको ३ लाख ३४ हजार ८८८ कित्ता, सिद्धार्थ बैंकको ९५ लाख ५६ हजार ५ सय ६४ दशमलव २ कित्ता, मिर्मिरे माइक्रोफाइनान्सको १ लाख ३८ हजार ६ सय कित्ता, हिमालयन बैंकको १ करोड ६२ लाख २९ हजार ५९ कित्ता, सूर्योदय लघुवित्तको ७६ हजार कित्ता, मेगा बैंकको ९९ लाख ८६ हजार ९५१ दशमलव ५३ कित्ता बोनस र नेपाल कम्युनिटी डेभलपमेन्ट बैंकको ४ लाख १७ हजार ४६१ दशमलव २० कित्ता शेयर गरी कुल ३ करोड ६७ लाख ३९ हजार ५२३ दशमलव ८ सूचीकृत भएको छ।

त्यस्तै भार्गव विकास बैंकको २१ लाख १२ हजार कित्ता, कर्णाली विकास बैंकको ३३ लाख ९७ हजार ५ सय कित्ता, लुम्बिनी विकास बैंकको १६ लाख ४६ हजार ४४२ कित्ता शेयर गरी कुल ७१ लाख ५५ हजार ९ सय ४२ कित्ता हकप्रद शेयर सूचीकृत भएको छ। एनएमबी बैंकको १ करोड १४ लाख १५ हजार १ सय ६३ कित्ता एफपीओ र नाडेप लघुवित्तको १६ लाख कित्ता आईपीओ नेप्सेमा सूचीकृत भएको छ।

## अमेरिकामा नेपालीको संस्थाललाई बैंकिङ कारोबार गर्ने अनुमति

**नेपाल समाचारपत्र**
काठमाडौं

अमेरिकामा नेपालीले स्थापना गरेको बैंकिङ कारोबार गर्ने संस्थाले अनुमति पाएको छ। न्यूयोर्कबाट पहिलो बैंकिङ शुरू गरेर अमेरिकाको विभिन्न शहरमा शाखा विस्तार गरिने लक्ष्य राखिएको एभरेस्ट फेडरल क्रेडिट युनियन (इएफसियू)लाई अमेरिकी केन्द्रीय सरकारअन्तर्गतको नेसनल क्रेडिट युनियन एड्मिनिष्ट्रेसन (एनसीयूए)ले सञ्चालन अनुमति दिएको हो।

अनुमति पाएसँगै निक्षेप संकलन, कर्जा प्रवाह तथा क्रेडिट कार्डसमेत संस्थाले जारी गर्नेछ। संस्थाको प्रवर्द्धनका लागि अगष्ट २५ तारिखमा न्यूयोर्क सिटीस्थित ज्याक्सन हाइट्समा आयोजना गर्दै छ।

अमेरिकामा विभिन्न देशबाट आएका आप्रवासीले आ-आफ्नो समुदायलक्षित क्रेडिट युनियन सञ्चालन गर्दै आएका छन्। सम्बन्धित देशका आप्रवासीको संख्या एवम् आर्थिक गतिविधि बढ्दै गएपछि यस्तो सामुदायिक बैंकिङ संस्था सञ्चालनमा ल्याएको प्रचलन देखिन्छ। समुदायको आर्थिक हित प्रवर्द्धनको मूल उद्देश्य लिएर युनियन स्थापना हुने गरेका छन्। क्रेडिट युनियनलाई निक्षेप संकलन एवम् कर्जा प्रवाह दुवै गर्ने अनुमति हुन्छ।

अमेरिकी सरकारले यस्ता सामुदायिक बैंकलाई कर छुट दिने भएकाले अन्य बैंकका तुलनामा समुदायलाई यसले सहुलियत दरमा ऋण उपलब्ध गराउन पाउने छ। साथै बचतमा बैंकको तुलनामा बढी ब्याज उपलब्ध गराउन सक्दछ।

संस्था सञ्चालनलगत्तै अब नेपाली समुदायले पहिलो चरणमा चेकिङ एकाउन्ट, सेभिङ एकाउन्ट, रिटायरमेन्ट एकाउन्ट, विशेष मुनाफा वितरण हुने एकाउन्ट, डेबिट कार्ड, सवारी साधन ऋण, व्यक्तिगत ऋणजस्ता सुविधा पाउनेछन्। संस्थाले क्रेडिट कार्ड, विद्यार्थी ऋण, साना व्यवसाय ऋण, घर खरिद ऋण, तथा अन्य बैंकिङ सुविधा सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ। एभरेस्ट फेडरल क्रेडिट युनियनमा सदस्य बनेकाले मात्र यी सबै सुविधा प्राप्त गर्नेछन्। सबै राज्यहरूमा शाखा सञ्चालन गर्ने अनुमति प्राप्त गरेकोसंस्थाले ५ वर्षभित्रमा कम्तीमा १० वटा शाखा खोल्ने र १० हजार डिपोजिटर संख्या पुर्‍याई २ सय मिलियन अमेरिकी डलरभन्दा माथिको कारोबार गर्ने लक्ष्य लिएको छ।

हालसम्म एभरेस्ट फेडरल क्रेडिट युनियनले न्यूयोर्क, ज्याक्सन हाइट्सस्थित सम्पर्क कार्यालयबाट दर्ता प्रक्रियासम्मका लागि काम गर्दै आएको छ। अब नेसनल क्रेडिट युनियन एड्मिनिष्ट्रेसनबाट अनुमति पाएसँगै वित्तीय कारोबारका लागि युनियनले छुट्टै भवन खोज्ने प्रक्रिया शुरू गरिसकेको छ।

## सिद्धार्थ बैंकका दुई नयाँ शाखा सञ्चालनमा

काठमाडौं (नेस)

सिद्धार्थ बैंकले भदौं ६ गते बुधबारदेखि थप २ वटा नयाँ शाखा कार्यालय सञ्चालनमा ल्याएको छ। बैंकले काठमाडौंको चाबहिल र चितवनको पर्सामा नयाँ शाखाकार्यालयबाट सेवा प्रारम्भ गरेको हो। यी शाखामार्फत नेपाल राष्ट्र बैंकको निर्णय बमोजिम स्थानीय सरकारको सम्पूर्ण खाता कारोबारको सञ्चालन हुनेछ। बैंकले उक्त क्षेत्रका सर्वसाधारण तथा उद्यमी माझ सबै प्रकारका निक्षेप तथा कर्जा कारोबार सुविधा, रकम भुक्तानीलगायत सम्पूर्ण बैंकिङ सेवा पुर्‍याउने उद्देश्यले नयाँ शाखा सञ्चालनमा ल्याएको हो। बैंकले अत्याधुनिक प्रविधियुक्त इन्टरनेट बैंकिङ सेवा तथा मेबाइल बैंकिङ सेवा पनि प्रदान गर्दै आइरहेको छ। आगामी दिनमा थप शाखा विस्तार गर्दै नवीनतम् र आधुनिक बैंकिङ सेवाप्रदान गर्ने बैंकले योजना बनाएको छ।



२०७५ भदौ
शनिबार
९

इन्धन खरिदमा मात्रै नेपालको ठूलो धनराशी खर्च हुने गरेको अवस्थामा प्राधिकरणले समेत थप रकम भारत तिर नै पठाएपछि नेपालको व्यापारघाटा करिब बजेट बराबर नै हुन पुगेको छ।

**अर्थ**

# भारतबाट १९ अर्बमा ५ सय मेगावाट विद्युत् आयात

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालमा रहेको ऊर्जा संकट समाधान गर्न भन्दै गत आर्थिक वर्ष २०७४/७५ मा मात्र नेपाल विद्युत् प्राधिकरणले १९ अर्ब बराबरको करिब ५ सय मेगावाट विद्युत् भारत बाट आयात गरेको छ।

आर्थिक वर्ष २०७३/७४ मा १६ अर्ब रुपियाँबराबरको विद्युत् आयात गरिएकोमा गत आर्थिक वर्षमा १९ अर्ब २७ करोड रुपियाँ बराबरको विद्युत् आयात भएको प्राधिकरणले जनाएको छ। प्राधिकरणले औसत प्रतियुनिट ७ रुपियाँ ४७ पैसामा २ अर्ब ५८ करोड रुपियाँ बराबरको बिजुली आयात गरेको जनाएको छ।

प्राधिकरणले माग र आपूर्तिबीच सन्तुलन मिलाउन आर्थिक वर्ष २०७३/७४ मा भारतबाट १६ अर्ब रुपियाँ बराबरको २ अर्ब १७ करोड युनिट बिजुली खरिद गरेको थियो। यसरी हेर्दा प्राधिकरणले प्राधिकरणले अघिल्लो वर्षको तुलनमा गत आर्थिक वर्षमा ४१ करोड युनिट बिजुली बढी आयात गरेको देखिन्छ। विद्युत्को माग व्यवस्थापन गर्न भन्दै प्राधिकरणले भारतबाट ५ सय मेगावाटको हाराहारीमा विद्युत् खरिद गरिरहेको छ।

विशेष गरी एनभीभीएन, उत्तर प्रदेश, उत्तराखण्ड, बिहार लगायतका निकायबाट प्राधिकरणले विद्युत् खरिद गरिरहेको छ। माथिल्लो तामाकोसीलगायत चिलिमे जलविद्युत् कम्पनीले निर्माण गरिरहेका केही ठूला आयोजना निर्माण सम्पन्न नहुँदासम्म भारतबाट विद्युत् खरिद गर्नुपर्ने बाध्यतामा प्राधिकरण रहेको छ।

विद्युत्को बढ्दो माग र हिउँदमा खोला तथा नदीमा पानीको मात्रा घट्दा विद्युत् आयात बढाउनु परेको प्राधिकरणको दाबी छ। नदी प्रवाही जलविद्युत् आयोजनाका कारण हिउँदको समयमा नेपाल भित्र विद्युत् उत्पादन कम हुने गरेको छ। प्राधिकरण र निजी क्षेत्रले उत्पादन गर्ने कूल जडित क्षमता १ हजार १ सय मेगावाट पुगेको भए पनि हिउँदमा त्यसको ४० प्रतिशत मात्रै उत्पादन हुने गरेको छ।

कुल ४ सय ५६ मेगावाट क्षमताको माथिल्लो तामाकोसी आगामी पुस मसान्तसम्म निर्माण सम्पन्न गर्ने भनिए पनि भारतीय ठेकेदार कम्पनी टेलम्याकोले काम नगर्दा समस्या भएको छ। यस्तै १ सय ११ मेवाट क्षमताको रसुवागढी र साञ्जेन र तल्लो साञ्जेन तथा निजी क्षेत्रका केही आयोजनाले विद्युत् उत्पादन शुरू गरेपछि भने भारतबाट विद्युत् आयात गर्नुनपर्ने प्राधिकरणको भनाइ छ। तर, हिउँदमा भने ती आयोजना सम्पन्न भए पनि भारतबाट विद्युत् खरिद गर्नुपर्ने अवस्था भने रहने नैछ। वर्षाको समयमा विद्युत् खेर जाने भएपनि हिउँदको समयमा भने विद्युत् अपुग हुने भएकाले अझै दुई वर्षजति भारतबाट हिउँदको समयमा विद्युत् खरिद गर्नुपर्ने देखिन्छ।

अहिले ऊर्जा व्यापारका कुरा उठिरहेको भए पनि मुलुकभित्रै माग व्यवस्थापन गर्न पर्याप्त आन्तरिक उत्पादन हुन सकेको देखिँदैन। आन्तरिक उत्पादन वृद्धि नगरीकन ऊर्जामा आत्मनिर्भएर बन्न नसकिने अवस्था रहेको छ। सरकारले आगामी तीन वर्षभित्र तीन हजार मेगावाट, पाँच वर्षभित्र पाँच हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ।

सोही लक्ष्यलाई साथ दिने गरी विभिन्न जलविद्युत् आयोजना निर्माणको चरणमा भए पनि ती आयोजना कहिले सकिन्छन् भन्नेमा केही बताउन सकिने अवस्था भने रहेको छैन। आन्तरिक ऊर्जाको माग सम्बोधन गर्नका लागि प्राधिकरणले वर्षादमा बढी भएको बिजुली भारतलाई उपलब्ध गराउने र हिउँदमा आवश्यक पर्दा लिने रणनीति अर्थात् 'इनर्जी बैंकिङ'को अवधारणा अघि सारेको छ। इनर्जी बैंकिङमा नेपाल र भारतबीच करिब करिब सहमति भइसकेको छ। यसै वर्ष पनि प्रसारणलाइनको अभावका कारण ४० मेगावाट बराबरको विद्युत् खेर गएको छ। त्यसलाई व्यवस्थापन गर्ने चुनौती प्राधिकरणका सामु रहेको छ। इन्धनको आयातको अवस्था र बिजुलीको समेत मात्रा जोडिएपछि व्यापार घाटाको मात्रा बढेको हो। हिउँदको समयमा बढी मात्रामा विद्युत् आयात हुँदा व्यापारघाटा समेत बढ्न गएको छ।

## विश्व बजार

# चकलेटका पिता मिल्टन हर्सी

काठमाडौं, (नेस)

२०औं शताब्दीको शुरूवाततिर विश्वव्यापी रुपमा नै तीव्र औद्योगिकरणको युग शुरू भइसकेको थियो। स्टिल, तेल, रेलमार्ग, रियलस्टेट तथा अन्य मेसिनरी औजारमा उद्योगी व्यवसायीले आफ्नो साम्राज्य बढाउँदै लगेका थिए। सोही समयमा मिल्टन हर्सीले व्यवसायका लागि फरक बाटो रोजे।



मिल्टनले आफ्नै नामबाट चकलेट र क्यान्डी उत्पादन गर्ने कम्पनी 'हर्सिज' खोले। मिल्टन सनेब्री हर्सीको जन्म सन् १८९४ मा अमेरिकाका पसेल्विनियामा भएकोमा भएको थियो। उनले आफ्नै खेतमा दुनियाँको सबैभन्दा ठूलो चकलेट कारखाना स्थापना गरेका थिए। उत्तरी अमेरिकाबाट उत्पादन शुरू गरेको उक्त कम्पनी हाल अमेरिकाको सबैभन्दा ठूलो चकलेट र क्यान्डी उत्पादन गर्ने कम्पनीका रुपमा चिनिन्छ। अहिले हर्सी यो धर्तीमा नभएको दशकौं बितिसके पनि उनको हर्सिज चकलेट सबै माझ अत्यन्त लोकप्रिय छ।

हर्सिज चकलेजका बारेमा सबैलाई थाहा छ। तर, जब मिल्टन हर्सीले आफ्नो क्यान्डी उत्पादन कम्पनी खोलेका थिए, तब उनी कोही पनि थिएनन्। आफूले गरिरहेको कामबाट निकालिएपछि हर्सीले तीनवटा कम्पनीले खोले जो चकलेजसँग सम्बन्धित थिए। उनले खोलेका कम्पनीमा राखिएका चक्लेट उत्पादन गर्ने मेसिन पनि मर्सीले नै बनाएका थिए। जसकारण हाल विश्वले उनलाई चकलेटका पिता भनेर पनि चिन्दछ। उनले ती सबै कम्पनी घाटामा गएको, डुबेको र बन्द भएको देखे। अन्तिमपटकको प्रयासमा उनले ल्याक्यास्टर क्यारामेल कम्पनी खोले र त्यसपछि उनले राम्रो नतिजा देख्न थाले। सबैका लागि दूधको मिठाईको सपना देखेका मिल्टन हर्सीले हर्सिज् कम्पनी खोले र चकलेट उद्योगमा नै स्थापित नाम बनाउन सफल भए। हर्सी ३ वटा आधुनिक चक्लेट कारखानाका मालिक भए। तर, तीनवटैमा असफलता भोगे। जब उनले आफ्नो असफलताको कारण खोज्दै गए, त्यसपछि उनले कहिल्यै नसोचेको वास्तविकता फेला पारे। हर्सिज् कम्पनीले बजार लिन नसक्नु र घाटामा जानुको मुख्य कारण थियो 'आफ्नै कर्मचारीबाट असहयोग।'

'तपाई कामदारसँग एक सबल सम्बन्ध बनाउनुहोस्। जुन तपाईंको कम्पनीका लागि दुनियाँको सबैभन्दा उत्तम विज्ञापन गर्ने तरिका हो।' यो भनाइ तिनै मर्सीको हो जसले आफ्नो कम्पनीलाई सफल बनाउन २० औं शताब्दीतिर नै कामदारको हकहितका विषयलाई उच्च प्राथमिकता दिए। गरिब र ग्रामीण क्षेत्रका मानिसलाई निकै कम पारिश्रमिकमा चर्को श्रम शोषण गर्ने अन्य कम्पनीको तुलनामा 'हर्सिज' फरक भएर निस्कियो। जसका कारण अन्ततः हर्सिज् पनि एक अन्तर्राष्ट्रिय स्तरमा बजार भएको कम्पनीका रुपमा स्थापित भयो।

> फोब्र्सका अनुसार हाल उक्त कम्पनी समग्रमा ९ सय ९५औं स्थानमा छ। बिक्रीका आधारमा उक्त कम्पनी १ हजार २ सयऔं स्थानमा, नाफाका आधारमा ८ सय ५औं स्थानमा, 'मार्केट भ्यालु'का आधारमा ७ सय ४९औं स्थानमा, 'इन्नोभेटिभ कम्पनी'का आधारमा ८३औं स्थानमा, विश्वको सबैभन्दा 'भ्यालुयबल ब्रान्ड'का आधारमा ९४औं स्थानमा र उत्कृष्ट कर्मचारीका आधारमा २ सय ६७औं स्थानमा छ।

चर्चित अन्तर्राष्ट्रिय पत्रिका फोब्र्सका अनुसार हाल उक्त कम्पनी समग्रमा ९ सय ९५औं स्थानमा छ। बिक्रीका आधारमा उक्त कम्पनी १ हजार २ सयऔं स्थानमा, नाफाका आधारमा ८ सय ५औं स्थानमा, 'मार्केट भ्यालु'का आधारमा ७ सय ४९औं स्थानमा, 'इन्नोभेटिभ कम्पनी'का आधारमा ८३औं स्थानमा, विश्वको सबैभन्दा 'भ्यालुयबल ब्रान्ड'का आधारमा ९४औं स्थानमा र उत्कृष्ट कर्मचारीका आधारमा २ सय ६७औं स्थानमा छ। हाल उक्त कम्पनीका उत्पादनहरूमा हर्सिज् चक्लेट बार, हर्सिज् एक्स्ट्रा डार्क, अल्मोन्ड जोय, किट्क्याट, हन्ड्रेड क्यालोरी बार, हर्सिज् पट अफ गोल्ड, क्याडबुरी चक्लेटलगायत उत्पादन विश्वभरी प्रसिद्ध छन्।

हाल उक्त कम्पनीको अध्यक्षका रुपमा जोन बिलब्रेले काम गरिरहेका छन्। फोब्र्सले यसवर्ष सार्वजनिक गरेको विश्वका अर्बपतिको सूचीमा जोन २ सय ४६औं स्थानमा छन्।

*(विभिन्न अन्तर्राष्ट्रिय समाचार एजेन्सीको सहयोगमा)*

# नक्कली गुट्खा र सूर्ती छ्याप्छ्याप्ती, ३ करोडको बरामद

काठमाडौं, (नेस)

बजारमा नक्कली गुट्खा र सूर्ती छ्याप्छ्याप्ती रुपमा भेटिन थालेका छन्। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गरेको बजार अनुगमनका क्रममा नक्कली सूर्ती र गुट्खा उत्पादन गर्ने कारखाना नै फेला परेको थियो।

विभागको अनुगमन टोलीले काठमाडौंको गोलढुंगामा रहेको शुभकामना सूर्ती उद्योग र काठमाडौंकै तार्केश्वर नगरपालिका लोलाङमा रहेको शुभकामना सूर्ती उद्योगले नक्कली सूर्ती तथा गुट्खा उत्पादन गर्ने गरेको भेटिएको थियो। ती दुईवटै उद्योगमा व्यवसाय दर्तासँग सम्बन्धित कागजात नभएको तथा अन्य उद्योगको ब्रान्डको नक्कली सूर्ती तथा गुट्खा प्याकिङ गरी बिक्री गर्ने गरेको विभागले जनाएको छ। अनुगमनपछि विभागको टोलीले व्यवसाय दर्तासँग सम्बन्धित कागजातहरू नभएको तथा अन्य उद्योगको ब्रान्डको नक्कली सूर्ती तथा गुट्खा उत्पादन र प्याकिङ गर्ने मेसिन १ थान, र्‍यापरहरू र केही बोरा कच्चा पदार्थ बरामद गरी उद्योगमा शिलबन्दी गरेको छ।

त्यसैगरी प्रहरीले पनि अवैध रुपमा नक्कली करेन्ट गुट्खा उत्पादन गर्ने दुई कारखानामा छापा मारेको जनाएको छ। विगत केही समयदेखि गुट्खाको नक्कली उत्पादन तथा नक्कली बिल बिजक जारी गरी बिक्री बितरण हुँदै आएको सुराकीको आधारमा काठमाडौ उपत्यकाका विभिन्न ठाउँमा प्रहरिले छापा मारेको हो। काठमाडौं उपत्यका प्रहरी प्रमुख एसएसपी बसन्त लामाको अगुवाईमा थानकोट प्रहरीका डिएसपी नवरत्न पौडेललगायतका टोलीले तारकेश्वर नगरपालिका-१०, बोहराटार र सितापाइलास्थित उद्योग तथा कालीमाटी र चमतिस्थित गोदाममा छापा मार्दा नक्कली करेन्ट गुट्खा बनाउने मेसिन, कच्चा पदार्थ, खाली खोल, नक्कली स्टिकर, ठूलो मारिमाणमा तयारी अवस्थाका नक्कली गुट्खा बरामद गरेको छ।

त्यसैगरी थानकोट चेकपोष्टमा बा १० च ४७२२ नम्बरको मारुती भ्यानबाट बजारमा बिक्री वितरणका लागि लैजाँदै गर्दाको अवस्थामा उल्लेख्य मात्रामा तयारी अवस्थामा रहेका नक्कली करेन्ट गुट्खा फेला परेको प्रहरीले जनाएको छ। बरामद गरिएका ती सूर्तीजन्य पदार्थ करिब ३ करोड रुपियाँ बराबरको रहेको बताइएको छ। अवैध रुपमा गुट्खा उद्योग सञ्चालन गर्दै आएका दुई भारतीय नागरिक पक्राउ परेको महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता डिएसपी मोहन थापाले जानकारी दिनुभएको छ।

त्यस्तै उपत्यका बाहिर पनि इटहरीमा सञ्चालनमा रहेको ओम ट्रेडर्सका सञ्चालक शिवनारायण साहले श्रीराम टोबाको उद्योग प्राली द्धारा उत्पादित भोला गोल्ड गुट्खा आफ्नै नाममा रहेको को १ च ७३८३ नम्बरको टाटा सुमोमार्फत बजारमा बिक्री बितरण गरिरहेकै अवस्थामा राजस्व अनुसन्धान कार्यालय इटहरीले पक्राउ गरी थप अनुसन्धान गरिरहेको छ।

शिवनारायण साह पक्राउ परेकै दिन उनका दाई नागेश्वर साहले सञ्चालन गर्दै आएको राजविराजस्थित नागमणि किरानामा छापा मार्दा नक्कली स्टिकर र नक्कली भोला गोल्ड गुट्खाहरू फेला परेको थियो। उनीमाथि पनि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# अझ बढी पावरका साथ नयाँ होन्डा हर्नेट

काठमाडौं, (नेस)

नेपालका लागि होन्डा मोटरसाइकल तथा स्कुटरको अधिकारिक बिक्रेता स्याकार ट्रेडिङ कम्पनी प्रालिले नयाँ होन्डा सीबी हर्नेट १६० आरलाई नेपाली बजारमा भित्र्याएको छ।

स्पोर्टी बनोट तथा नयाँ स्टाइल र ग्राफिक्सका साथ अझ बढी पावरफुल रहेको नयाँ मोडल ग्रे र ग्रिन, ओरेन्ज र ग्रे, निलो, रातो अनि पँहेलो गरी ५ रङमा उपलब्ध छ। फुल एलईडी हेड ल्याम्प र हाजार्ड लाईट स्विच जस्ता अत्याधुनिक विशेषता रहेको यस बाइकमा आपतकालीन समयमा सुरक्षित रहनका लागि तथा कम प्रकाशको बेला प्रयोग गर्न सकिन्छ। उत्कृष्ट ग्रिपर बढी समय टिक्ने सिल चेन रहेको सीबी हर्नेटमा उत्कृष्ट पर्फमेन्स रहेको छ। नेपाली बजारमा नयाँ होन्डा सिबिहर्नेटको मूल्य २ लाख ९९ हजार ९ सय रुपियाँ रहेको छ।

# 'मकालु' बैंकक पुगेर फर्कियो



काठमाडौं, (नेस)

नेपाल वायुसेवा निगमको वाइडबडी विमान ए ३३०-२०० सिरिजको ९ एन-एएलजेड कलसाइनको 'मकालु' विमानले शुक्रबारबाट उडान थालेको छ। विमानले बैंकमा पहिलो व्यावसायिक उडान भरेको हो।

विमानले साउन ३१ गते नेपाल नागरिक उड्डयन प्राधिकरणबाट उडान अनुमति प्राप्त गरेको थियो। विदेशी क्याप्टेन जुडरो रोय म्याथिस मिरान्डो र नेपाली क्याप्टेन सञ्जय पौडेलसहितको १० जना चालक दलका सदस्यसहित मकालु शुक्रबार विहान १०: ३५ मा २ सय १५ यात्रु लिएर बैंकक उडेको थियो। विमानले ३ घण्टामा काठमाडौं-बैंकक दूरी पूरा गर्छ। विमानले लगातार ११ घण्टा सम्म उडान गर्न सक्छ। मकालुले बैंककबाट शुक्रबार नै बेलुका ७ बजेर ५ मिनेटमा २ सय ५७ यात्रु लिएर काठमाडौं अवतरण गरेको थियो।

यसअघि निगमको वाइडबडी विमान ए ३३०-२०० सिरिजको ९ एन-एएलवाई कलसाइनको 'अन्नपूर्ण' विमानले गत साउन १६ गते कतारको दोहामा क्याप्टेन श्रवण रिजालको नेतृत्वमा रहेको १३ चालक दलका सदस्यले पहिलो व्यावसायिक उडान गरेको थियो।

वाइड बडी विमानमा १८ विजनेस कलास, २ सय ५६ सिट इकोनोमी गरी कुल २ सय ७४ सिट क्षमता रहेको छ। निगमको नियमित गन्तव्यमा उडान भर्दै जाने योजना रहेको तथा साउदी अरेबियाको रियादमा चाँडै उडान भर्ने योजना रहेको निगमका सहप्रवक्ता शैलेश कंसांकारले बताउनुभयो। निगमले अक्टोबर/नोभेम्वरमा जापान र कोरियामा उडान भर्ने गरी व्यावसायिक योजना बनाएको कंसारले बताउनुभयो। निगमले दुईटा वाइड बडी विमान खरिदका लागि नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषबाट ९ प्रतिशत ब्याजमा १५ वर्षका लागि २४ अर्ब ऋण लिएको छ।

निगमले दुई वाइड बडी जहाज २०९ दशमलब ६ मिलियन अमेरिकी डलर मूल्यका आधारमा खरिद गरेको हो। हाल निगमले दुबई हङकङ, बैंकक, बैंगलोर, दोहा, मलेसिया, नयाँदिल्ली, मुम्बईमा उडान भर्दै आएको छ।

# तरकारीमा रोकिएन बिचौलिया

## टिस्टुङमा ५ रुपियाँ, काठमाडौं पुग्दा ५०

**नेपाल समाचारपत्र**

हेटौंडा

'बुबाले (टिस्टुङ) मा ५ रुपियाँमा बेचेको खुर्सानी (काठमाडौं) मा छोराले ५० रुपियाँमा किन्नुपर्छ। ६० किलोमिटर दूरीमा सामान ल्याउँदा यत्रो मूल्य फरक हुनु नै लुट हो। अझ अनुगमन टोलीलाई थुनेर दादागिरी गर्छन्, बिचौलिया सबैलाई पक्रेर कोर्रा हान्नुपर्छ,' हाल काठमाडौंमा बसेर पत्रकारिता गर्दै आएका मकवानपुर थाहा नगरका रामजी बलामीले सोमबार फेसबुकमा लेखे।

हुन पनि बेमौसमी तरकारीको 'राजधानी' का रुपमा परिचित उत्तरी मकवानपुरको थाहानगरका किसानले वर्षौंदेखि यस्तो पीडा भोग्दै आएका छन्। त्यहाँका किसानले पसिना बगाएर उत्पादन गरेका तरकारीको मूल्य नै पाएका छैनन्। तर, सोही ठाउँबाट केबल ६० किलोमिटर पर रहेको काठमाडौं पुग्दा भने तरकारीको मूल्य करिब १० गुणा बढिसकेको हुन्छ। सरकारले बजारको व्यवस्था नगरिदिँदा बिचौलियाको बिगबिगीले किसान परिवारले आफ्नो पसिनाको उचित मूल्य पाउन सकेका छैनन्। यद्यपि, मकवानपुरे परिश्रमी किसानले आफ्नो कर्म र धर्म छाडेका छैनन्।

हरिया डाँडाबीच भर्खर बाटो बनाउन खनिएका पाखा अनि, नजिकै खेतबारीमा भरिभराउ बन्दाकोभीलगायत तरकारी, थाहानगरको वडा-१० मा पर्ने सोसिनडोलमा पुग्दा यस्तै दृश्य देखिन्छन्। बाटो छेवैमा बन्दाकोभी थुपार्दै गरेका परिश्रमी किसान महिला। उनी अर्थात् लक्ष्मी श्रेष्ठ, उमेरले ५० कटेकी महिला, शिरमा रातो रुमाल, आङमा बोकेकी डोकोलाई केही बेर अड्याउँदै मुसुक्क हाँसिन्। उनी हाँस्दा उनले सारा दुःखलाई त्यही तरकारी अनि डोको/नाम्लोसँग मितेरी गाँसेर भुलिसकेकी झैं देखिन्थिन्।

हो, उनी किसान हुनुमा खुशी थिइन् तर त्यस क्षेत्रका उनीजस्ता कयौं किसानको पिरमर्कामा सुन्नेको मन भने खुशी हुन सक्दैन। 'बन्दा राम्रो लाग्यो, कति रुपियाँमा बेच्नुहुन्छ ?,' उनले मुख बिगार्दै भनिन्-'खासै पैसा छैन, ५ रुपियाँ किलो।'

उनको जवाफ सुन्ने अचम्ममा पर्छन्। हेटौंडा बजारमा ३० रुपियाँ किलोमा बन्दा किनिरहेकालाई यो कुरा स्वीकार्य भएन। तर, वास्तविकता त्यही थियो। थाहानगर हेटौंडाबाट करिब ७० किलोमिटरमात्र टाढा छ। खेतबारीमा मरिमरि जोतिने किसानलाई किलोको ५ रुपियाँ आउने अनि व्यापारीले उपभोक्तालाई ३० रुपियाँ किलोमा बेच्ने १ यसबाट परिश्रम गर्ने किसानलाई बिचौलियाले कति ठगेका छन् भन्ने प्रष्ट हुन्छ।

थाहानगर प्रमुख लवशेर विष्टका अनुसार केही वर्ष अगाडि किसानलाई मर्का परेको भन्दै तत्कालीन पालुङ गाविसमा सहकारीमार्फत् किसानले उत्पादन गरेको तरकारी संकलन केन्द्र खोलिएको थियो। तर, बिचौलिया र व्यापारी एक भएपछि त्यो कार्य सफल हुन सकेन। उनको भनाइबाट स्पष्ट हुन्छ कि तरकारीहरू बजारमा आएर उपभोक्ताको घरमा पुग्दासम्म बिचौलियाहरू कति सक्रियपूर्वक लागेका हुँदा रहेछन्।

बिचौलियामार्फत् थाहानगरका कयौं किसान सस्तो मूल्यमा तरकारी बेच्न बाध्य छन्। सरकारले 'एक नगर, एक पहिचान' को अवधारणाअनुसार विकास गर्ने लक्ष्य लिएको र कृषि पर्यटन नै मुख्य आकर्षण बनेको थाहा नगरमा त्यसको मुख्य आधारशीला बोक्ने किसान नै यति पीडित देखिए। आफ्नो पौरखको बन्दा ५ रुपियाँ किलोमा बेच्न बाध्य किसानको पिरमर्कालाई कसले सम्बोधन गर्ने ? यसको जवाफ किसानले कहिले पाउँछन्, त्यसको समय किटान गरेर कसैले भन्न सक्ने अवस्था छैन। किनकी, व्यापारमा बिचौलियाको भूमिका खेल्नेलाई जबसम्म किसानको पसिनाको मूल्यको बोध गराउन सकिन्न, तबसम्म बिचौलिया जन्मिरहन्छन् र किसान आफ्नो पसिना लुटाइरहन बाध्य हुन्छन्।

उक्त क्षेत्रमा कृषि उपजका वस्तुहरू उत्पादन हुने पकेट क्षेत्रलाई थप व्यवस्थित गरेर कृषिजन्य वस्तु उत्पादनमा वृद्धि गर्ने उद्धेश्यले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा थाहानगर-३ मा व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) कार्यालय पनि स्थापना भएको छ।

थाहामा परियोजना कार्यान्वयन एकाई (तरकारी जोन) को रुपमा कार्यालय स्थापना भएको हो। कृषिका चार वटा संवाहक सुपर जोन, जोन, ब्लक र पकेटअन्तर्गत त्यहाँ जोन स्थापना भएको हो। यो मकवानपुरको पहिलो कृषि जोन हो।

जोनअन्तर्गत थाहानगर-१ देखि १० नम्बर वडा र इन्द्रसरोवर गाउँपालिकाको पाँच वटै वडा छन्। जोन स्थापनापछि कृषकले हाल अपनाइरहेको कृषि प्रविधिलाई आधुनिकीकरण गर्न थप मद्दत मिल्ने जनाइएको छ। कृषि पेशालाई थप व्यवस्थित गर्न कृषिमा यान्त्रिकीकरण, ट्र्याक्टर र पावरटेलर प्रविधि विकासका लागि औजारको अनुदान र सेवा सुविधाका लागि थप कल्याणकारी कृषि कार्यक्रम सञ्चालन गरिने जिल्ला कृषि विकास कार्यालयले बताएको छ।

तरकारी उत्पादनको उर्वर क्षेत्र मानिएको थाहानगर र इन्द्रसरोवरमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा कृषिलाई आधुनिकीकरण गर्न खोजिएको हो। जोन परियोजना कार्यान्वयन एकाईमार्फत व्यावसायिक तरकारी उत्पादनलाई जोड दिनुका साथै कृषकको क्षमता अभिवृद्धिका कार्यक्रम, उन्नत खेती प्रविधि प्रदर्शनीलगायत कार्यक्रम सञ्चालन हुनेछ।

जोनमार्फत सञ्चालन हुने कार्यक्रम सीधैं व्यक्तिमा पुग्दैनन्। जोन कार्यक्षेत्रमा रहेका क्रियाशील कृषक समूह, कृषि सहकारी, कृषि फर्ममार्फत् सेवा तथा अनुदान कृषकसमक्ष पुर्‍याउने प्रावधान छ। जोन स्थापनापछि किसानले अत्याधुनिक कृषिप्रविधि अपनाएर उत्पादनमा समेत वृद्धि गर्ने र उच्च गुणस्तरका तरकारी उत्पादन गरेर राम्रो मूल्य लिनसक्ने छन्। आर्थिक वर्ष २०७३/७४ बाट शुरू परियोजना १० वर्षका लागि भएकाले जोन पनि सोहीअन्तर्गत कार्यक्रम भएको हो।

## खेलाडीमा जीपीएस सिस्टम लागू

काठमाडौं, (नेस)

साफ च्याम्पियनसिपको तयारीमा रहेको नेपाली टोलीका फुटबलरहरूका लागि ट्र्याक गर्न जीपीएस सिस्टम लागू गरेको छ।

खेलाडीहरूले प्रशिक्षण लिइरहँदा जीपीएस सिस्टम लगाउनेछन् जसले गर्दा खेलाडीहरूले पिचमा गरेको प्रदर्शनको मापन हुन्छ। हाल सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा नेपाली टोली बंगलादेशमा हुने साफ च्याम्पियनसिपका लागि तयारी गरिरहेको छ। यसले खेलाडीबारे जानकारी राख्न मद्दत हुने एन्फाले जनाएको छ। नयाँ सिस्टम लागू भएपछि खेलाडीलाई स्तरमा राख्न सकिने टोलीका मुख्य प्रशिक्षक बालगोपाल महर्जनले बताएका छन्। साफ च्याम्पियनसिपका लागि २९ खेलाडी प्रशिक्षणमा रहेका छन्। बंगलादेशमा हुने प्रतियोगिता आगामी सेप्टेम्बर ४ देखि शुरू हुदैं छ। नेपालको समूहमा आयोजक बंगलादेश, पाकिस्तान र भुटान रहेका छन्। नेपालका प्रमुख कोच ग्योटोकु कोजी भिसाको समस्याको कारण नेपाल आउन नसकेपछि साफका लागि सहायक कोच महर्जनलाई मुख्य कोचमा नियुक्ति गरिएको हो। महर्जनको बढुवा भएपछि खालि रहेको सहायक कोचको जिम्मा किरण श्रेष्ठलाई दिइएको छ।

## न्यू समिट क्वार्टरफाइनलमा

काठमाडौं, (नेस)। न्यु समिट कलेज प्रथम त्रिभुवन विश्वविद्यालय अन्तर कलेज बीएसी सीएसआईटी बास्केटबल प्रतियोगिताको क्वाटरफाईनलमा प्रवेश गरेको छ। शुक्रबार भएको अन्तिम लिग खेलमा बर्नहार्ट कलेजलाई ३६-३३ को स्कोरमा हराउँदै समूह बिजेताका रुपमा अन्तिम आठमा स्थान बनाएको हो। त्रिभुवन विश्वविद्यालयअन्तर्गत कम्युटर साइन्स तथा इन्फरमेसन टेक्नोलोजी अध्यापन गर्ने क्याम्पसबीच सिनामंगलस्थित क्लासिक कलेजमा भएको अन्य लिग खेलमा एसीएचएच, हिमालय र पाटन कलेजले सफलता हात पारेका छन्।

# नेपालले दोस्रो अभ्यास खेल पनि जित्यो

काठमाडौं, (नेस)

मलेसियामा हुने एसिया कप छनोटका लागि श्रीलंकामा प्रशिक्षणमा रहेको नेपाली राष्ट्रिय क्रिकेट टोलीले त्यहाँ दोस्रो अभ्यास खेलमा पनि जित हात पारेको छ।

शुक्रबार ब्लुमफिल्ड मैदानमा भएको खेलमा नेपालले श्रीलंकाको स्थानीय क्लब ब्लुमफिल्डमाथि १ सय ७६ रनको फराकिलो जित हात पार्‍यो। धमिलो प्रकाशको कारण डक वर्थ लुईस (डीएल) नियममा नतिजा निकालिएको थियो। नेपालले ३ सय २४ रनको विशाल लक्ष्य दिएको थियो। ब्लुमफिल्डले ३८ ओभरमा ब्याटिङ गरिरहँदा प्रकाश धमिलो बन्दै गएपछि खेल स्थगित गरी डीएल नियम प्रयोग गरेको थियो। नेपाली बलरमा सागर पुनले सर्वाधिक ३ विकेट लिए भने ललित भण्डारीले २ विकेट हासिल गरेका थिए।

यसअघि टस जितेर ब्याटिङ गरेको नेपालले ३ सय २३ रन बनाएको थियो। जसमा दीपेन्द्र सिंह ऐरीले ९५ बलमा १ सय २१ रनको सतकीय इनिङ खेले। त्यस्तै सागरले ८३ बलमा ९२ रन जोडेका थिए। उनीहरूले पाँचौ विकेटका लागि १ सय ८५ रनको साझेदारी गर्दै ८४/४ को कमजोर स्थितिबाट नेपाललाई उकासेका थिए। शीर्ष चार ब्याटसम्यानमा ओपनरद्वय अनिल साह १७ रन र सुवास खकुरेल ९ रनमा आउट भए। यस्तै कप्तान पारस खड्का २३ रन र रोहित कुमार पौडेल ११ रनमै पवेलियनमा फर्केका थिए।

नेपालले भोलि आइतबार तेस्रो तथा अन्तिम अभ्यास खेल खेल्नेछ। नेपाली टोली त्यसपछि मलेसियामा एसिया कप छनोटमा सहभागी हुन जानेछ। प्रतियोगितामा खेल्न वेस्ट इन्डिजमा भइरहेको सीपीएलमा सहभागी सन्दीप लामिछाने सीधैं मलेसियातर्फ जानेछन्।



सरद भेषवाकरको स्थानमा आएका सागर पुनले अल राउन्डर प्रदर्शन गरेका थिए।

## धरहरा

### मौन बस्नु रहर कि बाध्यता



निर्वाचनका बेला सरकार बनेपछि एकैछिनमा जनतालाई सबैथोक दिने भनेर नेताहरूले भाषण गरेपछि विकास होला र सुख पाइएला कि भनेर मतदाताले जानेरै भोट हाले। भोट हाल्नेमा सबैजना नेकपा एमालेका र नेकपा (माओवादी केन्द्र) का मानिस मात्र थिएनन्, आफ्नो स्वार्थका लागि प्राय:जसो सबै एकछिन भए पनि कम्युनिस्ट भइदिए, यसमा कसैको दोष छैन छ त केवल निर्वाचनमा भोट मागेर सिंहदरबारको घुम्ने कुर्सीमा बसेर काम नगर्ने नेताहरूले आत्मालोचना गर्नुपर्छ।

धरहराले आजभोलि सरकारका सबै गतिविधि हेरिरहेको छ, कहिले क्यामरा सिंहदरबारतिर फर्काउँछ भने कहिले बालुवाटार तर दुवैतिर लक्षण राम्रो नदेख्दा बोलौं कि नबोलौंजस्तो भएको छ। सरकारको समर्थन गरिहाल्दा पनि अन्धभक्त भयो भन्ने डर सही काम भइरहेको छ भनेर नबुझी बोलौं भने पनि जनताले कुट्लान् कि भन्ने डरले मौन हुनु बाध्यता भएको छ। वृद्धवृद्धाले ५ हजार रुपियाँ मासिक भत्ता खोईभन्दा पनि मुखभरि जवाफ आउला कि भनेर खासखुस गर्नुबाहेक कोही पनि बोलिहाल्ने आँट गरेका छैनन्।

सरकार बनेपछि केके न पाइएला भनेर चाहिँदो र नचाहिँदो आशा गरेकाले आजभोलि मतदानको बदलामा तत्काले के पाइयो भनेर माग्नु अस्वाभाविक होइन। आलोचना र गुनासा गर्नेलाई कारबाहीसमेत गर्ने र गोटागन्ती निगरानी गरिरहेको समाचार सुन्दा धरहरालाई रातभरि निद्रा लागिरहेको छैन। जनताको बोल्ने अधिकार कतै खोसिएला कि भनेर चिन्ता गर्नु भनेको सरकारलाई थप जिम्मेवार बनाउनु र कर्तव्यप्रति सचेत रहन आग्रह गरिएको पो हि कि भन्ने धरहराको ठहरलाई गलत अर्थले नबुझ्दा नै राम्रो होला ओली कामरेड।

# नेपाली खेलाडीको खराब प्रदर्शन जारी



महिला डबल्समा अमिता गिरी र रशिला महर्जनले प्रतिस्पर्धा गर्दै।

नेपाल समाचारपत्र

काठमाडौं

इन्डोनेसियामा भइरहेको १८औं एसियाली खेलकुद एक सातामा पुगिसकेको स्थितिमा पनि नेपाली खेलाडीको निराशजनक प्रदर्शन जारी नै रहेको छ।

शुक्रबार प्रतिस्पर्धा गरिएका खेलहरू ब्याडमिन्टन, पौडी, आर्चरी र भलिबलमा नेपालले सुखद् नतिजा निकाल्न सकेन। ब्याडमिन्टनतर्फ पुरुष सिंगल्समा रत्नजित तामाङ र विकास श्रेष्ठले हार आत्मसात गरेका छन्। दक्षिण कोरियन खेलाडीसँग रत्नजित र जापानी खेलाडीसँग विकास हारेका थिए। महिला डबल्समा नेपाली जोडी अमिता गिरी र रशिला महर्जनले दक्षिण कोरियन जोडीसँग २१-७, २१-१ ले हार्न पुगे।

### पौडी

पौडीमा हिजो तीन खेलाडीले प्रतिस्पर्धा गरेका थिए। महिला खेलाडी गौरिका सिंह र टीसा शाक्य तथा पुरुष खेलाडी शुभम् श्रेष्ठले राम्रो प्रदर्शन गर्न सकेनन्। गौरिका र टीसाले ५० मिटर फ्रि स्टाइलमा क्रमश: २१ र २३औं स्थानमा तथा शुभम् ५० मिटर ब्रेस्टस्ट्रोकमा ३२औं स्थानमा रहेका छन्। चार खेलाडीले नेपालको प्रतिनिधित्व गरेकोमा शिरीष गुरुङको स्पर्धा अघिल्लो दिनमै समाप्त भइसकेको थियो। यी चारै खेलाडी हिट चरणबाट बाहिरिएका थिए।

लन्डनमा प्रशिक्षण लिएकी गौरिकाले ५० मिटर फ्रि स्टाइलको दुरी २८.५० सेकन्डमा पुरा गर्दा टीसाले २९.६१ सेकेन्डमा सो दूरी पार गरेकी थिइन्। सो प्रतिस्पर्धामा ३१ जना खेलाडी सहभागिता भएका थिए। शुभम्ले ब्रेस्टस्ट्रोकको ५० मिटर दूरी ३२.४५ सेकेन्डमा पूरा गरेका थिए। यसमा ३६ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

### भलिबल

पुरुष भलिबलमा नेपाल समूह 'सी' को लिग खेलमा दक्षिण कोरियासँग २५-१६, २५-१३ र २५-१४ को सोझो सेटमा पराजित भयो। नेपाल यसअघि चाइनिज ताइपेईसँग पनि ३-० को सोझो सेटमा पराजित भएको थियो।

### आर्चरी

आर्चरीको रिकर्भ मिक्स टिम इभेन्टमा नेपाल पराजित भएको छ। नेपाल किर्गिस्तानसँग ५-४ ले पराजित भयो। नेपालबाट तिलक पुन मगर र ज्ञानु अवालेले प्रतिस्पर्धा गरेका थिए।

### बक्सिङ

हिजै बक्सिङ खेल शुरू भएको छ र नेपाली खेलाडीले हार पनि बेहोरेको छ। महिला ५७ केजीमा संगीता सुनार थाइल्यान्डकी नीलावानसँग ५-० ले पराजित भइन्। यो हारसँगैं संगीताको क्वार्टरफाइनल पुग्ने सम्भावना समाप्त भएको छ।

**एसियाली खेलकुद पदक तालिका**

| राष्ट्र | स्वर्ण | रजत | कांस्य | जम्मा |
|---|---|---|---|---|
| चीन | ६६ | ४६ | २७ | १३९ |
| जापान | २९ | ३१ | ४२ | १०२ |
| द.कोरिया | २३ | २६ | २८ | ७७ |
| इरान | १२ | ११ | ८ | ३१ |
| इन्डोनेसिया | ९ | १० | १२ | ३१ |
| उ.कोरिया | ८ | ५ | ६ | १९ |
| ताइपेई | ६ | ७ | १२ | २५ |
| भारत | ६ | ५ | १४ | २५ |
| थाइल्यान्ड | ६ | ४ | २० | ३० |
| उज्बेकिस्तान | ४ | १० | ७ | २१ |

## ७ वर्षपछि आदर्श कप हुँदै

विजय नेपाली, पोखरा

विगत ७ वर्षदेखि रोकिएको आदर्श कपले पुन निरन्तरता पाउने भएको छ।

नेपाली हिन्दू महिलाहरूको महान पर्व हरितालिका तीजको अवसरमा हुँदै आएको राष्ट्रिय स्तरको फुटबल प्रतियोगिता स्तरीय खेल मैदान हुन नसक्दा २०६८ सालदेखि रोकिएको थियो। लेखनाथ २९ भण्डारढिकस्थित लेखनाथ रंगशाला खेलमैदानको स्तरोन्नति भएसँगै २४औं संस्करणको 'रिद्वी सिद्वी सिमेन्ट २४औं आदर्श कप २०७५' हुने भएको हो। प्रतियोगिताबारे जानकारी दिँदै आदर्श युवा क्लबका अध्यक्ष लक्ष्मणप्रसाद भण्डारीले २२औं र २३औं संस्करण सम्पन्न गर्दा खेलाडीहरूबाट खेलमैदान खेल्न योग्य नरहेको गुनासो आएसँगै प्रतियोगिता सञ्चालन गर्न नसकेको बताए।

प्रतियोगितामा ए डिभिजनका ३ सहित ८ क्लबले सहभागिता जनाउने भएका छन। आयोजक आदर्श युवा क्लब, विभागीय टोली सशस्त्र प्रहरी बल एपीएफ, जाउलाखेल युथ क्लब, विग्रेड ब्वोइज क्लब, पोखरा ११, एन्फा तनहु, एन्फा वाग्लुङ, र एन्फा स्याङ्जा रहेका छन्। प्रतियोगितामा विजेताले ३ लाख र दोस्रो हुनेले २ लाख रुपियाँका साथै सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिताको उत्कृष्ट खेलाडीले नगद २५ हजार तथा उत्कृष्ट गोलकर्ता, उत्कृष्ट प्लेमेकर, उत्कृष्ट डिफेन्स र उत्कृष्ट गोलरक्षकले क्रमश: १० हजार रुपियाँ प्राप्त गर्नेछन्।

'निरन्तरता हाम्रो प्रतिबद्धता, फुटबल खेलको विकास हाम्रो दृढता' भन्ने मुल नाराका साथ भदौ २० देखि २७ गते सम्म हुने प्रतियोगिता सञ्चालन गर्न करिब ५० लाख खर्च लाग्ने क्लबका सचिव पदम गुरुङले जानकारी दिए।



गोल्डेन गर्लस् रिकाको इकीले इन्डोनेसियामा जारी एसियाली खेलकुदअन्तर्गत पौडीमा समग्रमा ८ पदक जितेकी छिन्। जसमा ६ स्वर्ण पदक रहेको छ। १८ वर्षीया जापानी पौडी खेलाडीले ५० मिटर बटरफ्लाई, १ सय मिटर बटर फ्लाई, ४ गुणा १ सय फ्रि स्टाइल , ५० मिटर फ्रि स्टाइल, १ सय मिटर फ्रि स्टाइल र ४ गुणा १ सय मेडलीमा उनले स्वर्ण पदक हासिल गरेकी हुन्।

# प्युठानको खेलकुदमा न लगानी न पुर्वाधार

सलिम अन्सारी, प्युठान

कमजोर भौतिक पुर्वाधार र लगानीको अभावले प्युठानको खेलक्षेत्रले फड्को मार्न सकेको छैन। जिल्लामा कुनै ठूला खालका प्रतियोगिता नहुनु, नियमित प्रशिक्षण नहुनुले नयाँ खेलाडी उत्पादन हुने र खेल्ने अवसरबाट समेत वञ्चित हुनपरेको छ। जिल्लाको खेलकुद क्रिकेट र भलिबलमै सीमित छ।

सानो चौर, नेट र बल भए सजिलै खेल्न सकिने भलिबल प्युठानमा धेरै पहिलादेखि खेलिदै आएको छ। पछिल्लो केही वर्षयता क्रिकेटमा लहर बढे पनि भलिबलको लोकप्रियतामा कमि आएको छैन्। । स्रोतसाधनको अभावमा भलिबलले पनि फड्को मार्न सकेको छैन्। विद्यालय र क्लबहरूले आयोजना गर्ने प्रतियोगिताले जिल्लाको भलिबल धानेको छ। फुटबल, कराँते, कपर्डी, टेबल टेनिस, ब्याटमिन्टन एथ्लेटिक्सलगायतका खेल नहुँदा यी खेलका खेलाडी शून्य प्राय: छन्।

खेलकुद विकास समितिले पटक-पटक माग गरे पनि हालसम्म पूरा नहुँदा जिल्लाको खेल गतिविधि सुस्ताउँदै गएको छ। जिल्ला खेलकुद विकास समितिसँग प्रर्याप्त बजेट र गाउँसम्म लुकेका प्रतिभा खोज्न सक्ने स्थिति छैन्। लगानी अभावमा जिल्लाका विभिन्न ठाउँमा प्रतियोगिता सञ्चालन गर्न सकिने अवस्था नरहेका समितिका अध्यक्ष श्याम थापाले बताए।

जिल्लामा विभिन्न खेलका खेलाडी रहे पनि प्रशिक्षकको अभावमा उनीहरूको प्रतिभा तिखार्न नसकिएको उनी गुनासो गर्छन्। जिल्लामा खेलअनुसारका प्रशिक्षक नभएको स्वीकार्दै यसका लागि राखेपमा माग गरे पनि सुनुवाइ नभएको जानकारी दिए। खेलको विकास र त्यससँग सम्बन्धित पूर्वाधार निमार्णका लागि केन्द्रबाटै कम बजेट आउँछ थापाले भने अन्य गतिविधि सञ्चालन गर्न गाह्रो छ।

यसका लागि सरकारले नै पहल चाल्नुपर्ने थापा बताउँछन्। प्रतिभावान खेलाडी छनोट गर्न सके मात्रै लुकेका प्रतिभा बाहिर आउन सक्ने भलिबल खेलाडी बलबहादुर केसीले बताए। पुराना खेलाडीको सीप नयाँमा स्तान्तरण गर्न समेत कठिनाइ भएको उनले सुनाए। खेलाडीसँग भएको कला नयाँले सिक्ने अवसर पाएका छैनन्। ३ पटकसम्म राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भएका भलिबल खेलाडी केसीले भने 'प्रर्याप्त अभ्यास गर्नसमेत खेल सामग्री र खेलमैदानको अभाव छ।'

## शेखको प्रस्ताव लिभरपुलले स्वीकारेन

लन्डन, (एजेन्सी)

म्यानचेस्टर सिटीका अरेबियन मालिक सेख मन्सुरको लिभरपुल खरिद गर्ने प्रस्तावलाई लिभरपुलले अस्वीकार गरेको छ।

खरिदका लागि २ विलियन पाउन्डको शेख प्रस्तावलाई लिभरपुलले अस्वीकार गरेका हुन्। योसँगै सिटीसँगै लिभरपुलको पनि मालिक बन्न चाहेको शेखको सो प्रस्ताव असफल भएको हो। उनले प्रस्ताव अस्विकृत भएपछि केही प्रतिशत सेयर भने लिन खोजेका छन्।

प्रिमियर लिग क्लबमा अरबी व्यक्तिहरूको लगानी बढ्दै गएको छ। इमिरेट्स सदस्य शेखले सन् २०१७ को अन्तिम र २०१८ को शुरूवातमा लिभरपुलमा ठुलो लगानी गर्न तयार भएका थिए। तर उनको सो प्रस्तावलाई लिभरपुलका मालिक टोम वेरनेरले अस्वीकार गरेका हुन्। क्लब खरिदका लागि शेखका प्रबन्ध निर्देशक शेख खालिदले टोमलाई न्युयोर्कमा भेटेको बताइएको छ।

## रोनाल्डोले युभेन्टस रोज्नुको कारण



लन्डन, (एजेन्सी)

क्रिस्टियानो रोनाल्डोले आफू युभेन्ट्स जानुको कारण खुलाएका छन्। गत सिजन रियल मेड्रिडका तर्फबाट युभेन्ट्सविरुद्ध उनले गरेको ओभर हेड किक नै उनी युभेन्टस जानुको कारण भएको बताए। 'ओभर हेड किक गोलमा पाएको सम्मानकै कारण म यहाँ आएको हुँ,' -रोनाल्डोले भनेका छन्। उक्त गोल गर्दा युभेन्ट्सका समर्थकहरूले समेत उठेर रोनाल्डोका लागि ताली बजाएका थिए। उनले त्यसबेला युभेन्ट्सका समर्थकले आफूप्रति गरेको सम्मानले आफू अत्यन्त खुशी भएको बताएका थिए। उक्त गोलपछिको सम्मानले उनलाई युभेन्ट्स जाने इच्छा जगाएको उनले भने।

## कर्पोरेट क्रिकेट शुरू

काठमाडौं, (नेस)

कोटेश्वरस्थित अल्टिमेट इन्डोरमा शुक्रबारदेखि शुरू भएको पाँचौं कर्पोरेट इन्डोर क्रिकेटमा सेन्चुरी बैंक, वर्ल्डलिंक र मेगा बैंकले जित दर्ता गरेका छन्। सेन्चुरी बैंकले एनआईबीएल एस क्यापिटललाई १ सय ४९ रनको विशाल अन्तरले पराजित गर्‍यो। त्यस्तै वर्ल्डलिंकले माछापुच्छ्रे बैंकलाई १ सय १६ लाई हराएको छ। अर्को खेलमा मेगाले प्रभु म्यानेजमेन्टलाई ३२ रनले पाखा लगाएको थियो।

काठमाडौं महानगरपालिका
बागदरबार, काठमाडौं
काठमाडौं महानगरपालिकाको अत्यन्त जरुरी सूचना !
काठमाडौं महानगरपालिका क्षेत्र भित्रका विभिन्न स्थानहरुमा जथाभावी रुपमा निर्माण सामाग्री राख्ने कार्य गरेको देखिएकोले त्यस्ता सामाग्रीबाट पैदयात्रीहरुलाई असुविधा हुनका साथै सवारी आवागमनमा समेत बाधा पुग्न गएको, शहरी सौन्दर्यमा प्रतिकुल असर पर्न गएको, वातावरण प्रदुषण बढ्न गएको हुँदा मानव स्वास्थ्यमा समेत नकारात्मक प्रभाव परेको कारणले त्यस्ता प्रकृतिका सामाग्रीहरु यथाशिघ्र हटाई सरसफाई समेत गरिदिनुहुन काठमाडौं महानगरपालिका अनुरोध गर्दछ । साथै यस सूचनालाई बर्खिलाप गरी निर्माण सामाग्री राखिएको पाईएमा काठमाडौं महानगरपालिकाबाट खटिई आएको नगर प्रहरीहरुले त्यस्ता सामाग्रीहरु जफत गरिने व्यहोरा जानकारी गराउँदै त्यस्ता सामाग्रीहरु उठाउँदा र लैजाँदा लाग्ने खर्च समेत सम्बन्धीत व्यक्तिबाट असुल उपर गरिनेछ । यसरी जफत भएका सामाग्रीहरु उपर पछि कोही कसैको दाबी विरोध नलाग्ने व्यहोरा समेत सूचित गरिन्छ ।
काठमाडौं महानगरपालिका
नगर प्रहरी महाशाखा

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ